लेखक

पं. बैजनाथ भट्टराई

भट्टराई वंशावली

२०२४

गुरुदेव पं. बैजनाथ आफ्नी धर्मपत्नी यमुनादेवीका साथमा

बराल पुत्रि पद्मामा कान्छा ती अनिरुद्धका
बैजनाथ भएँ यौटा छोरो लेखक वंशका
पत्नी गौतमकी पुत्री यमुनादेविनामकी
सुन्दरी शीलसम्पन्ना श्रीमती बैजनाथकी ॥

यसै ग्रन्थबाट

भट्टराई वंशावली

२०२४

लेखक
पं. बैजनाथ भट्टराई

प्रस्तोता
डा. हरिराज भट्टराई एम.ए., पी-एच.डी.

प्रकाशक
असीम सौरभ प्रकाशन माला

प्रकाशक : असीम सौरभ प्रकाशन माला-१०
साँघु, मैवाखोला थुम, ताप्लेजुङ, मेची, नेपाल
संस्करण : दोस्रो, २०८१
सर्वाधिकार : लेखकका परवर्ती पुस्तामा
आवरण/लेआउट : आनन्द राउत
प्रकाशन : फागुन ७
मूल्य : रु. ३००/-
मुद्रण : **भुँडीपुराण प्रकाशन**
बागबजार, काठमाडौँ
फोनः ०१-५३२३३१६/५३२५१४८
www.bhundipuran.com.np
ISBN : 978-9937-177-665

किम्वदन्तीमाथि प्रश्न

भट्टमा राई जोडिएको र भट्टपुत्रको गर्भु नाम रहेको अपत्यार किम्बदन्ती । पश्चिममा रायपुर गाउँ छ । उहाँ अझै धेरै भट्टराई छन् । त्यहींबाट अन्त फिंजिएका हुन् । रायपुरमा बस्ने भट्ट हुनाले भट्टराई भनेको हुनुपर्छ ।

छोरा थे तर भट्टका सब मरे ढल्क्यो उता यौवन
देखी वंश-विनाश कान्छिवधुले चिन्ता गरिन् दिन्दिन
मागी भ्रातृसुता बिहे श्वशुरको गर्दिन् अगाडी सरी
गर्भीणी पनि ती भइन् दशम भो मैन्हा पुरापुर् गरी ॥१॥

स्वर्गे भट्ट भए पतीसँग सती जाने भइन् ती अब
गर्भीणी सति जानु हुन्न र चिरे त्यो गर्भ मीली सब
निस्क्यो बालक जीवितै तर कुनै निस्केन पाल्ने जन
राईले लगि पालि बालक ठुलो पारे दिई तन्मन ॥२॥

गर्दीए व्रतबन्ध अंश पनि क्यै दीए तिनीलाइ र
जोडी हात छिमेकिसाथ मनको आशा गरे बाहिर
पाली पारि ठुलो यिनी-उपरमा जो गर्नुपर्ने गरें
यिन्को होस् थर राइ नाम् पनि चलोस् मेरो त बिन्ती गरें ॥३॥

बूझी आशय राइको ति सबले मञ्जूर तेम्मा गरे
त्यस् दिन्देखि ति भट्टपुत्रकन भट्टराइ भन्ने गरे
राईबाट भयो र पालन भए राई र गर्भै चिरी
झिक्दा गर्भु भए भनेर पुरुखा भन्थे सुनें कानभरि ॥४॥

वास्तव्मा ठिक ह्वैन यो सब कुरा पुर्खाहरूको पनि
राई हो अपभ्रंश राय यसको भो भट्टराई अनि
राईबाट भयो र पालन अनी राई भएको भनी
यस्तो भन्नु नमानि लाज कसरी के भन्छ सुन्ने पनि ॥५॥

त्यस्तो श्रेष्ठ वसिष्ठ वंश: कसरी पालेन अर्को उठी
झूटा बात ति हुन् र राइ पनि नै थीएन पश्चिम्पटि
शूद्रैका ति अशुद्ध अन्न रसले जन्मे ति वंशै भने
हुन्थे कस्तरि ती कवी अति ठुला सन्सार थर्काउने ॥६॥

विषय-सूची

सि.नं.	विषय	पृष्ठ
१.	मंगलाचरण, वंश उत्पत्ति	१
२.	धामीको अर्थ र कर्तव्य	३
३.	धामीको उत्पत्ति	५
४.	पण्डितजीको भाषण	९
५.	सासूका उपर अर्ती	१३
६.	बुहारीका उपर अर्ती	१५
७.	ज्ञानीले भाइको नाश	१८
८.	कुलको सेवा गर्न बली दिनुहुन्छ	२०
९.	गाम्नाङे, सिन्धुले, चिसुङ्खे आदिको थर	२२
१०.	धामीक्रम	२५
११.	वंशप्रकरणम्	२६
१२.	देवाली गर्ने विधि	२८
१३.	गोठधूप गर्ने विधि	३१
१४.	नन्दिकेश्वरका छोरा महिला नरहरि वंश	३१
१५.	साहिंला वरपतिका (मेदिबुङे)	३२
१६.	माहिला मतिलालका	३२
१७.	कान्छा रूपनारानका	३३
१८.	काहिला नन्दिकेश्वरका (मेवाराजा)	३४
१९.	केनिमे	३४
२०.	श्री वेलासवंश हाङ्देवा छन्	३५
२१.	कृष्णलाल पुत्र पस्पतिका	३६
२२.	कान्छा गंगाधरका	३७

२३.	कान्छा विद्याधरका कालिपुंग छन्	३७
२४.	वरपतिपुत्र कान्छा महादेवका	३८
२५.	धर्मान्द अप्ताली भए	३९
२६.	ताप्लेजुङ याफ्रेका	३९
२७.	देवऋषिका सन्तान (फावाखोले)	४०
२८.	दीननाथ पु. मा. यज्ञनिधिका	४१
२९.	पस्पतिका पु. सा. भास्करका	४३
३०.	भास्करका जेठी पत्नीका सन्तान	४४
३१.	जैनारानका जेठी तिरका साहिलाका	४४
३२.	मधुका कान्छीपटि	४५
३३.	गङ्गाधरका छोरा बालुका (बालान्द)	४५
३४.	गङ्गाधर पुत्र हरिकृष्णका	४६
३५.	मैवाखोला साँधुका	४८
३६.	छविलालका पुत्र मुहुन्लालका	५०
३७.	अग्निधरका माहिलाका	५०
३८.	कान्छा लक्ष्मीनारानका	५१
३९.	अब साहिला भास्करपटि हेर	५२
४०	कान्छा भर्तलालका	५२
४१.	रामलालका	५३
४२.	भर्तलालका छोरा नरपतिका	५४
४३.	कान्छा रङ्गलालका	५४
४४.	नन्दिकेश्वर पुत्र जन्तरे पुण्यशीलका	५५
४५.	जेठा दत्तका	५५
४६.	महिला व्यासका	५५
४७.	अन्तरे नारानका	५६
४८.	नारानपुत्र कान्छा भीमलालका	५६
४९.	मा. जनार्दनका	५६
५०.	पुण्यशील पुत्र मा. रामकृष्णका	५६
५१.	नन्दिकेश्वर पुत्र कान्छा लक्ष्मीरथको वंश बाँसपानीमा छ	५६

५२. माहिला अप्ताली, साहिला कमलापतिको वंश यी परेवादिन छन् ५७
५३. माहिला हरिकृष्णका ५९
५४. माहिला श्रीकृष्णको वंश ५९
५५. जेठा नरपतिका ६०
५६. जनमेजयका पुत्र सा. ऋषिका ६०
५७. ऋषिपुत्र माहिला इन्द्रलालका ६१
५८. इन्द्रलालका कान्छीपटि ६२
५९. ऋ. पु. सा. चन्द्रलालका ६२
६०. ऋ. पु. काहि. पद्मलालका ६३
६१. ऋ. पु. अन्तरे वृद्धिलालका ६३
६२. देवहरि पु. काहिला वृहस्पतिका ६४
६३. (कान्छी पटिका) ६५
६४. चन्द्रमुनि पुत्र का. सुदर्शनका ६६
६५. साँघुपाटिमाथि छन् ६६
६६. चन्द्रमुनि पुत्र रङ्गलालका ६७
६७. वृहस्पतिका पुत्र साहिला ६८
६८. कान्छा कृष्णपतिवंश ६९
६९. जेठा विद्यापतिको वंश ६९
७०. जेठा श्रीकान्तका ६९
७१. अन्तरे पस्पतिको (बाझोगरा) ७०
७२. कान्छा रविलालका ७१
७३. कान्छीपटि गौरीकान्तका ७१
७४. कान्छा अनिरुद्धका ७२
७५. कान्छा वेलासको वंश ७३
७६. चित्लाङे जैसी ७३
७७. धनपति पुत्र तुलसीरामका ७४
७८. विद्यापतिका ल्याइतेपटिका ७४
७९. कृष्णपति पु. मा. तुलसीरामका (आठराई भित्रियामा छन्) ७५
८०. कान्छो चुनपुरा गयो ७५

८१. रमितेका उदैनारान पु. मा. जयनारानका ७६
८२. कृष्णपति पु.सा. उदैनारानका ७७
८३. जयनारान पु. मा. प्रतिमनका ७७
८४. अब कान्छा रामापतिका हेर ७८
८५. षडानन्दका सन्तान ८१.
८६. जेठीका छोरा पस्पतिका ८१
८७. जेठा चन्द्रलालका ८१
८८. कान्छीका पुत्र वरपतिका ८२
८९. माहिला नयनान्दका (चाँगेली) ८३
९०. अब षडानन्दका भाइ कान्छा सदानन्दका ८५
९१. उनैका भाइ काहिला लक्ष्मीनारानका (ढाड गाउँमा छन्) ८६
९२. जेठा नारानका ८६
९३. कान्छा नन्दलालका ८७
९४. नारानका छोरा कान्छा गौरीशङ्करका ८७
९५. मा. प्रजापतिका ८८
९६. कान्छा मङ्गलका ८८
९७. षडान्दका ८८
९८. माहिला दुवल्का सन्तान सुखिम छन् ८९
९९. १३ थुम मोराहाडेको ९०
१००. जेठा द्वारिकादासको वंश ९१
१०१ द्वा. पु. सा. कृष्णलालका ९२
१०२ माहिला पद्मलालको वंश ९३
१०३ द्वारि. पु. का. वृद्धिलालका ९३
१०४ द्वारि. पु. कान्छा ऋषिका ९४
१०५ जे. नरपतिका ९५
१०६ मा. वरपतिको वंश ९५
१०७ सा. वेदनिधिका सन्तान ९६
१०८ अन्तरे दयारामका सन्तान ९६
१०९ धर्मान्दका पु. मा. प्रयागदासका ९६

११०.	ध. पु. सा. रामदासका (सिरिजुङ्)	९७
१११.	रामदासका कान्छी पटिका सन्तान	९८
११२.	काहिला देवीदासको वंश	९८
११३.	सिरिजुङे भाइ	९८
११४.	तेल्लाबुङे देवीदास पुत्र जेठा गङ्गारामको वंश	१००
११५.	देवीदास पुत्र मा. श्रीवेलासका सन्तान	१०१
११६.	देवीदास पुत्र सा. रविचन्द्रका	१०२
११७.	मोराहाङ अन्तरे देवीदासको वंश	१०३
११८.	लालुपुत्र कान्छा नन्दलालका	१०३
११९.	हेमलाल पु. कान्छा तारानिधिका	१०५
१२०.	शिवदास पु. कान्छा षडान्दका	१०५
१२१.	षडान्दका कान्छीपटिका	१०६
१२२.	मोराहाङे कान्छा श्रीकृष्णदासको वंश	१०७
१२३.	माहिला लक्ष्मीनारानका	१०७
१२४.	ल. पु. सा. पर्स्पतिका	१०८
१२५.	ल. पु. काहि. तारानिधिका	१०९
१२६.	लक्ष्मी ना. पु. अन्तरे दातारामका	१०९
१२७.	श्रीकृष्णदास पु. सा. सिद्धिकर्णका	१०९
१२८.	कान्छा प्रभाकरपटि	११०
१२९.	काहिला काशीरामका	११०
१३०.	मा. नरपतिका	१११
१३१.	काशीपुत्र कान्छा यज्ञप्रसादका	११२
१३२.	श्रीकृ. पु. कान्छा छविलालका	११२
१३३.	मोराहाङ् सल्लेरीका गाम्नाङे	११३
१३४.	वृद्धिलाल पु. अन्तरे दातारामका	११४
१३५.	मोराहाङे ज्योतिखरका	११४
१३६.	ता. तोकमाका सिन्धुले भाइ मोराहाङे नै हुन्	११५
१३७.	जे. प्रयागदासका	११५
१३८.	मा. गङ्गारामका	११५

१३९. स्यमन्त पुत्र कृष्णलालका ११६
१४०. अन्तरे वरपतिका ११६
१४१. ताप्लेजुङ् हाङ्देवालीको ११७
१४२. साहिला गोविन्दका ११७
१४३. दोखुमा कान्छा पर्शुरामका ११८
१४४. नाङ्खोल्याङ्का ११८
१४५. गोविन्द पुत्र मा. देवनारानका ११८
१४६. गोविन्द पुत्र साहिला प्रेमनारानका ११९
१४७. कान्छा कान्तुका ११९
१४८. अन्तरे जयभद्रका सन्तान १२०
१४९. जयभद्रका पु. कान्छा नन्दरामका १२०
१५०. कान्छा लक्ष्मीनारानका १२१
१५१. वक्तव्य १२३

परिशिष्ट

१५२. लेखकको संक्षिप्त परिचय १२७
१५३. सम्पादकीय/प्रबोधन १३४
१५४. साँघु गाउँका उन्नायकहरू १३८
१५५. कृष्णपति : संक्षिप्त वंश-रेखा १४२
१५६. सरदार गौरीकान्तको वंश-विस्तार १४३
१५७. यज्ञनिधिको वंश-विस्तार १४९
१५८. जयकृष्णको वंश-विस्तार १५०
१५९. अनिरुद्धको वंश-विस्तार १५३
१६०. देशान्तरमा हामी १५६

भट्टराई वंशावली

२०२४

भट्टराईको वंशावली

गरी फुर्ती नाच्छू अब भनि उठे नाच्न सुरले
उठाए आफ्नो त्यो चरण तर अर्धाङ्गिनिजिले
नटेर्दा निष्फल् भै मुसु-मुसु गरी हाँसि मुखमा
नियाली हेर्ने ती शिव शुभ गरुन् हामि सबमा ॥१॥

ब्रह्माको द्विपरार्ध आयु जब भो पूरा तिनीको पनि
मर्ने काल भयो मरे जब भयो कल्पान्तकालै अनि
शैषैका मुखबाट अग्नि सहसा निस्के र सन्सारको
पाऱ्यो भस्म सबै पिछे अनि अती वर्षाद भो पानिको ॥२॥

सारा विश्व डुबी जलामय भयो सम्पूर्ण प्राणी जति
आफ्ना पेटमहाँ लिएर भगवान् शैय्या गरी शैष ती
पानीमै कति दिन् सुते र मनमा यौटा छु धेरै म हुँ
इच्छा यो हुन गो र झट्ट तिनको पाएर इच्छा निहुँ ॥३॥

उम्ऱ्यो सुन्दर पद्म नाभिथलमै त्यै पद्मका फूलमा
ब्रह्मा जन्मनुभो र सृष्टि गरने इच्छा भयो चित्तमा
विश्वामित्र, वसिष्ठ, गौतम जमदग्नी भरद्वाज् ती
अत्री, कश्यप, सप्त यी ऋषिहरू गर्नूभयो उत्पति ॥४॥

घुम्छन् काल-अधीन भै दिन-दिनै आकाशमा दीपझैं
देख्छौं हामि अगाडि ती मुनिकनै प्रत्यक्ष नै दिन्दिनै
सप्तर्षीश्वरहेरुभित्र परने जो छन् वसिष्ठै ऋषि
पूर्खा हुन् सब भट्टराइहरुका जन्मे तिनैबाट यी ॥५॥

सन्तान्, वंश र गोत्र भन्नु सबको यौटै उही अर्थ हो
तेसैले ति वसिष्ठवंशहरुको गोत्रै पनी त्यै भयो
सारा ब्राह्मणलाई भट्ट सबले भन्थे अघी क्वै दिन
ऐले ता ति वसिष्ठ गोत्रिहरु छन् त्यो भट्टको आसन ॥६॥

राम्रालाइ कहन्छ भद्र पदले त्यै अर्थ हो भट्टको
सब्मा ब्राह्मण भद्र हुन् र उनमा लागू भयो भट्टको
दीप्ती अर्थक राज धातु जुन हो तेस्बाट उणादि यो
भो ई प्रत्यय लोप भो अनि जको राई बन्यो शब्द यो ॥७॥

राईले सबमा प्रसिद्ध र अनी श्रेष्ठै बुझाऊँदछ
तेसै कारण भट्टराइहरुको श्रेष्ठत्व सर्वत्र छ
गर्छू तेहि वसिष्ठवंशहरुको वर्णन् म ऐले यहाँ
दीनूपर्दछ माफ वंशहरुले भुल्चूक हूँदामहाँ ॥८॥

यौटा पुत्र भए वसिष्ठ ऋषिका ती शक्ति भन्ने मुनि
शक्तीबाट भए परासर र तिन्का व्यास जन्मे अति
व्यासैका शुकदेव हुन् सुत बडा योगी तपस्या-धनी
जम्को भो र कृपा परीक्षित तरे सन्सारदेखी पनि ॥९॥

योगी ती शुकदेवका कुलमहाँ क्वै भट्ट भन्ने थिए
भट्टैका सुत गर्भु थे र तिनका छोरा थलू ती भए
रिठ्ठू ती थलुका र कृष्ण तिनीका ब्रह्मा तिनीका भए
ब्रह्मादेखि ऋषी भए ति ऋषिका श्रीलक्ष्मदासै भए ॥१०॥

तिन्का हुन् शिवदास पुत्र तिनका छोरा वलीदास थे
पैले ता यिनि भट्टसन्ततिहरू ज्ञातीमहाँ बस्तथे
बढ्दै दिन्दिन भट्टवंश घर ती चौषट्टि जम्मा भए
ज्ञातीका तिनि भट्टराइहरु नै सन्सारमा फैलिए ॥११॥

पैलो उत्पति मष्टको नबुझि ती पुर्खाहरूको रती
पत्ता क्यै नहुने हुँदा म पहिले लेख्छू उही उत्पति
तेसैबाट यि भट्टराइहरुको नाना प्रकार्को थर
जन्मस्थान र वास आचरणको लाग्नेछ पत्ता सब ॥१२॥

धामी छन् अरुका पनी तर यसै कुल्को छ मान्यै किन
विश्वैका सब धामि हामिहरुकै धामी ति मान्छन् किन
धामीको कुन अर्थ हो र कसरी धामी भयो उत्पति
हाम्रा यी सब दाजुभाइहरुमा होवैन पत्ता रती ॥१३॥

लेख्छू त्यो सबको यथार्थ म यहाँ जाने-बुझेको अब
गर्नूहोस विचार अफुहरुले साँचा र झूटो सब
गर्नू धारण गर्नु पोषण दुई धा धातुको अर्थ हो
तेही अर्थमहाँ उणादिगणामा मी प्रत्यये यो भयो ॥१४॥

धामी शब्द भयो र अर्थ उसको याथार्थ्य गर्नै भनी
कामी-कामि उ धामि चामल खरानी हातमा ली अनि
वारम्बार पढेर मन्त्रहरु ती साँसाँ र सूँसूँ गरी
माडी माडि ति अक्षताहरु सबै चारै दिशामा छरी ॥१५॥

तेर्छा लाल नजर् गरेर सहजै फाँफाँ र फूँ फूँ गरी
हल्का पार्छ शरीर केहि घरिमा बेमारको दूर् गरी
बेमारबाट छुटेर बाँच्नु जुन हो त्यै अर्थ हो धारण
स्वस्थै भैकन खान्छ हुन्छ बलियो त्यै अर्थ हो पोषण ॥१६॥

वैद्यैले चिरकाल औषधि गरी रोगी निको पार्दछ
धामी ता घडिभित्र मन्त्रहरुले त्यो कां सफल् गर्दछ
धामीको सब अर्थ ताकत पनी लेखें बुझेको अब
विश्वास् धामिमहाँ अवश्य गरनन् यी बात जानी सब ॥१७॥

चौषट्टी सब मष्ट हुन् शिवगणै त्यस्मा ति पैला गण
आदी मष्ट भनेर जान सबले हाम्रा ति धामीकन
हाम्रो वंश पवित्र उज्ज्वल बडो धार्मीक जानी अनि
येही वंशमहाँ प्रवेश हुनुभो ती आदि मष्टै पनि ॥१८॥

लट्टे झाँक्रि र सुन्दरे अरु तिनी लाटो र भोटेहरु
आदी मष्टजिका ति सेवक हुँदा झुक्छन् र मान्छन् गुरु
बोलाएपछि देवता ति पहिले न्यूराउँछन् टाउको
तैसे कारण मान्यता पनि भयो ती आदिका मष्टको ॥१९॥

इच्छा दर्शनको भयो यदि भने हाम्रा ति मष्टैकन
शुद्धै पारि चुलो जुठोहरु कतै मैला नराखीकन
बत्ती बालि चुलामहाँ अरु सबै धन्वन्तरीहेरुले
पढ्दै मन्त्र दलेर भस्म तनमा चामल् फुकी मन्त्रले ॥२०॥

राख्नू आसनका मुनी कति कती फ्याँकेर ढोकातिर
पढ्नूपर्दछ वेदमन्त्र र अनी दर्शन् दिनन् बाहिर
हाम्रा ती कुलदेव मष्टकन ता गर्दा हुँदी पूजन
आपत्ती ति कुनै कतैतिर पनी पर्दैन हामीकन ॥२१॥

भूत प्रेत र बोक्सि डाहिनिहरूको चल्छ के ताकत
मष्टैले सबलाइ दूर गरछन् विश्वास जो मान्छ त
सन्सारी जुन देवि हुन् बुढि बजू कोही नयाँ भन्दछन्
तिन्लाई घरभित्र पूजन गरे मष्टैजिले फाल्दछन् ॥२२॥

निन्दा धेर गरेर हामिहरुले मान्नै पनी छोड्दियौं
द्यौता छोडि अदेवको भरमहाँ पर्दा सबै बिग्रियौं
मष्टैले ति नयाँ सयाँ र वनको बान्द्रे र सान्द्रे पनि
गर्छन् दूर अवश्य हामिहरुले संभ्यौं भने तापनि ॥२३॥

हाम्रा ती कुलदेव मष्ट जुन छन् तिन्को सबै शक्ति र
धामी यो पदको उ अर्थ र अनी मान्यत्वको कारण
लेखें त्यो अब उत्पती कसरि भो भन्ने कुरामा पनि
जस्मा भो जसरी जउन् थलमहाँ लेख्छू सबै त्यो पनि ॥२४॥

छन् पश्चिमतिर कोहि गाउँ गलकोट् र ज्ञाति भन्ने दुई
दोटैका बिच एक सानि सरिता बग्छिन् सिमाना भई
ज्ञाती पर्दछ वारितर्फ नदिका गल्कोट् छ पारीपटि
सुन्दर् छन् दुइ गाउँ नै र तिनका जंगल् छ ऊँभोपटि ॥२५॥

तेही ज्ञातिमहाँ गईकन कुनै हाम्रा ति पुर्खा पसे
हेरी खूब सरेक वस्तुहरुको घर् बस्न ठाऊँ बसे
ज्ञातीमाथि वनैमहाँ ति पुरुखा लीएर नोकर् पनि
बस्थे गोठमहाँ थियो समय ता कार्तीक मैन्हा पनि ॥२६॥

लैना गाइ र भैसि थे बहुत नै खोलो थियो दूधको
दैवागत् तिनि गाइ भैंसिहरुमा लाग्यो बिमार् दोषको
छेर्ने कोहि र दूध नै पनि कुनै बाछा नखाने भए
ल्याऊँछू अब धामि गै घर भनी हाम्रा ति पुर्खा गए ॥२७॥

छोरो, नोकर गोठमा बासिरहे रेखदेख वस्तू गरी
पऱ्यो साँझ सके ति वस्तुहरुको धन्धा र भोजन् गरी
शैय्यातर्फ गएर मालिक बसे तापे र आगो अनि
अल्छी मानि जुठो सफा नगरि नै बस्यो उ नोकर् पनि ॥२८॥

राती भो वनभित्र घाड़ घननै घन्क्यो र आवाजले
घन्क्यो गोठ पनी धनक्क पशु ता चूपचाप लागी बसे
गोठाला दुइले पनी सुनिरहे आश्चर्यको शब्द यो
झस्कीयो मन रातको समयमा के गर्नु हो के भयो ॥२९॥

के होला भनि कान शब्दतिर नै लाएर सुन्दै थिए
आयो गोठ अगाडि फुत्त अब के गर्नू दुवै आत्तिए
बायाँ हातमहाँ छ चामर र दाहीनेमहाँ घाड छ
हल्लाऊँछ चमर् बजाउँदछ घाँड् अद्भूतको व्यक्ति छ ॥३०॥

लट्टा धारि छ केहि सानु पनि यो देखे दुवैले जब
धड्क्यो मूटु शरीर कामि डरले सातो हरायो सब
त्यो व्यक्ति क्षण मात्र ठिङ्ग उभियो गोठ्का तगारामहाँ
फर्क्यो गोठ घुमेर फेरि उ कता लाग्यो र गो त्यो कहाँ ॥३१॥

भाग्यैले उ पसेन भित्र बचियो भन्दै मुखामुख गरी
स्वामी, नोकर ती गरी-गरि कुरा लेटे अती छक परी
प्रातैमा उठि हेर्दछन् जब पशू नीका भएछन् अनि
ऊठ्यो तर्क ति देवता कि अथवा भूत्प्रेत के हुन् भनी ॥३२॥

यस्तै तर्क वितर्क धेर मनमा गर्दै गयो दिन् पनि
हेर्थे मार्ग पिताजिको ति घरबाटै आउँछन् की भनी
पऱ्यो साँझ अनी उसै गरिसकी धन्धाहरू गोठको
खाई भोजन शुद्ध पारि ति बसे भाँडा चुलो भित्रको ॥३३॥

पैलेकै दिनकै सरी गरि उही आवाज वन्मा भयो
आयो ऊहि लटे अगाडि र बुरुक्कै उफ्रि भित्रै गयो
पैला दीन जुठो हुँदा नपसि गो फरक्क फर्कीकन
जूठो साफ हुँदा त भित्र पसिगो झट्टै उ अर्का दिन ॥३४॥

चूलामा बसि कामि एक छिन ती घण्टा अनी चामर
डांग्रेकै करमा दियो र उ पनी कामे गरी थर्थर
तेस्का बाद ति मन्त्रतन्त्र र अनी देवालि गर्ने विधि
शिक्षा दीकन घाड चामर पनी सुम्पी गए मष्ट जी ॥३५॥

तेस्रो भो दिन ती पिता अनि गए धामी ति साथै गरी
छोराले सब नै भनेजति भयो वृत्तान्त विस्तार गरी
छोरालाइ लिई गए घर र दाजूभाइलाई भनी
जम्मा भै सब बत्ति बालि चुलिमा डाके कुलायन् अनि ॥३६॥

लागे काम्न बसेर आसनमहाँ फुर्ती गरी ती जब
द्यौता हौ कि त भूत हौ भन तिमी को हौ बताऊ सब
आयौ लौ किन येसका शरिरमा के गर्न सक्छौं तब
खान्छौ के र कहाँ छ वास भनि यो सोधे भई ती सब ॥३७॥

बोले आदि म मष्ट हूँ शिवगणै चौषट्टि ती मष्टमा
साथैमा शिवका सदा भ्रमण गर्दै घुम्छु संसारमा
मेरा प्राकृत कर्मका वश परी आधार कोही नभै
गर्ने भोग समर्थ छैन र घुमें आधार खोजी सधैं ॥३८॥

धेरै काल घुमी विचार गरदा सप्तर्षिका मध्यमा
श्रेष्ठै ठानि वसिष्ठलाइ उनकै आएँ म सन्तानमा
अर्कैका मुखबाट बोल्दछु र खान्छू हिड्दछू डुल्दछु
जो-जो गर्दछु कामहरु अरु नै द्वारा सदा गर्दछु ॥३९॥

बोकाको बलि खान्छु दीनु विधिले कालो उ बोको पनि
वर्षेनी सबले बली दिनु सधैं भै वंश जम्मा यिनी
यै सन्तानमहाँ म बस्तछु सदा सन्तानहेरू पनि
लाटो वा बहिरो र कानु लँगडो पार्दीन सापे तिनी ॥४०॥

झेल्मा मर्न म दिन्न, दिन्न बलि जो तेस्का घरैमा अनि
ऊमार्नेछु अवश्य सिस्नु मइले यो जान साँचो भनी
विद्वान् धार्मिक सत्यवादि र धनी कर्मिष्ठ राम्रा अति
होलान् ती सब नै वसिष्ठ ऋषिका सन्तानहेरू जति ॥४१॥

चूलामा दिप बालिदीनु र जुठो मैला नराख्नू कतै
खाली कम्बल मात्र आसन दिनू धूप् हालि बस्नू सबै
पढ्नुपर्दछ वेदमन्त्र अनि ता सब्का अगाडीमहाँ
निस्कीएर अवश्य दर्शन म ता दिन्छू त्यसै कालमा ॥४२॥

मेरा भानिज छन् यताउति सदा घुम्छन् भई निर्बली
आऊँछन् ति पनी दिनू ति सबले सेतो उ बोको बलि
बाह्रा मण्डलि हुन् र भानिज हुँदा हिंड्छन् अगाडी तिनी
पीछे हिंड्छु म फेरि हामि दुइको चाहिन्छ अग्वा पनि ॥४३॥

जस्मा पैलि भएँ म उत्पति उसैका मात्र सन्तानमा
जानेछु अनि बाह्र भानिज पनी जान्नन् अरु वंशमा
लट्टे झाँक्रि र सुन्दरे र अनि ती लाटो र भोटे रिठे
मेरा नोकर छन् तिनीहरु पनी ल्याऊँछु मञ्जूर् गरे ॥४४॥

भोटे गर्दछ गाइ भैसिहरुको हेर्चाह राम्रो गरी
जोखाना अरु हेर्दछन् र कल दूर् गर्छन् ति चिन्ता गरी
यो बात् मष्टजिको सुनेर सबले मञ्जूर तेस्मा गरे
झाँक्री कोहि भए धनन्तरि कुनै मीले र कामै गरे ॥४५॥

जो छन् बाह्र ति पैलि उत्पति भए पौडचालका आङमा
मामा मष्ट र बाह्र भानिज भई गर्थे मिली काममा
गर्दा देववली र बीच-बिचमा औरै पनी कां परे
मष्टैका भटराइ बाह्रतिरका पौडचाल् भई गर्दथे ॥४६॥

केही वर्ष गरेर देववलि ती पौडचाल नगर्ने भए
चामर् घाड दुवै लगेर नदिमा फाली बगाईदिए
क्वै हाम्रै भटराइले ति दुइटै भेटे घरैमा लगे
बाह्रैको पनि धामि आफ्नु कुलकै मानीसलाई गरे ॥४७॥

पीछे फेरि ति भट्टराइसँग गै मागे ति पौडचालले
पूरै बाह्र दिदौंन किन्तु दिउँला आधा भने तीनिले
लौ लौ हुन्छ भनेर मञ्जुर भर पाए उ आधा अनि
तेसै कारण आधि बाह्र हुँ भनी भन्छन् ति पौडचाल् पनि ॥४८॥

धेरै धामि मिली कुनै दिन गरे त्यो जातिमा छल्फल
यौटा भन्छ गुरू म हुन्छु सबको अर्को उसै भन्दछ
यो निष्कर्ष कुनै भएन र मिली सल्ला गरे तीनले
आआफ्ना दिप बालि हिंड्नु धुसिने डाडामहाँ हामिले ॥४९॥

जम्को बत्ति बलीरहन्छ ननिभोस् बालेर हिंड्दा पनि
निभ्नेले उसलाइ मान्नु गुरु यो भन्दै ति हींडे अनि
पत्तै केहि नभै निभेछ अरुको बत्ती अघी वायुले
हाम्रा मष्टजिको निभेन र गुरू माने सबै धामिले ॥५०॥

धामी खाल उ टाउके घर छ जो उस्बाट बाली दियो
लाने देवबलीमहाँ चलन ता हाम्रो चलेकै छ यो
लान्छन् देवबली गरिन्छ जुन ठाऊँमा उहीं नै दियो
बाटामा ननिभी बली बलि सदा पुग्दै छ सत्य छ यो ॥५१॥

सुन्नूहोस् अब भट्टवंशहरु थे चौषट्ठि घर् ज्ञातिमा
तेम्मा चार् घर पारि गैकन बसे गल्कोटकै भूमिमा
ज्ञातीका सब भट्टराइ दिनदिन् सत्मार्गमा ढल्किए
कोही पण्डित जोतिषी पनि कुनै बाठा चतूरा भए ॥५२॥

गर्थे सज्जन पाहुना ति सबको सत्कार सद्भक्तिले
पूजा पाठ र पञ्चयज्ञ दिनदिन् गर्थे शुची चित्तले
हिंसा गर्नु अधर्म हो र उपकार् गर्नू ठुलो धर्म यो
भन्ने संझि कुनै ति पण्डितजिको शिक्षा दिने मन् भयो ॥५३॥

डाके क्कै दिन बन्धुवर्ग सब ती ठूलो सभा त्याँ भयो
शिक्षा गर्न भनेर पण्डितजिले आरम्भ गर्नूभयो
हे भाईहरु हो म भन्छु अहिले साँचो कुरा प्रेमले
चाहन्छू म सदा तपाइँहरुको कल्याण यो चित्तले ॥५४॥

यौटा पण्डित भो भने कुलमहाँ बाबूपटी सात र
आमातर्फ ति सात आफुसहितै छोरा र नातीतिर
एक्काईस कुललाइ तार्दछ भनी ती शास्त्रमा भन्दछ
जो ज्ञानी छ उ मात्र तर्छ भवमा भन्ने पनी शास्त्र छ ॥५५॥

तेसै कारण याँहरु सबमहाँ गर्दै छु शिक्षा म यो
एक्काईस् कुल तार्छ भन्नु यसको वक्तव्य यस्तो छ यो
शिक्षा गर्छ र ज्ञान पाइ तरछन् भन्ने यही उक्ति हो
आत्मज्ञान दिएर शान्तिपथमा लाऊनु नै तार्नु हो ॥५६॥

भूदेव श्री क्षत्रिय वैश्य शूद्र छन् चार वर्णौ तिनको पवित्र
आआफनू धर्म छ शास्त्र उक्त त्यै धर्ममा स्थायि हुनू असल् छ ॥

शिक्षा दिनू पढ्नु र दान लीनु दिनू स्वयं यज्ञहरु गराउनू
आफै पनी गर्नु यि छन् छ कर्म भूदेवका हुन् बुझ मुख्य कर्म ॥५७॥

हिंसा गर्नु ठुलो छ पाप भवमा भन्ने गुनी चित्तले
हिंसा गर्नु हुँदैन जीवहरुको स्वार्थी बनी भेदले
अर्कालाइ बिगार्न मार्न अथवा सम्पत्ति खानै भनी
चुक्ली गर्नु र डाहि गर्नु पनि ता हिंसा ठहर्छन् यिनी ॥५८॥

देहैले मनले र वाणिहरुले हिंसा नगर्नू कबै
हिंसा गर्दछ जो मरी नरकमा जाला र बस्ला सधैं
गछौं नित्य ति पञ्चयज्ञ मुखले धर्मी म हूँ भन्दछौं
पूजा पाठ गरीसकेपछि अनी हिंसैपटी चल्दछौं ॥५९॥

जान्छौं ईश्वर खोज्न रीन रुपियाँ खोजेर बद्रीतिर
तीर्थैमा भगवान् अवश्य पनि छन् भन्ने उ विश्वास छ
किन्तु ह्वैन उसो सबैतिर ति छन् वाँ मात्र छैनन् तिनी
प्राणी मात्र सबै ति ईश्वरजिका हुन् मूर्ति साक्षात् यिनी ॥६०॥

आमा बाबु गुरू र मान्य घरमै छन् हामिका ईश्वर
गर्छौं हेलन मान्यको अनि कता खोज् गर्नु ती ईश्वर
बाचुञ्जेल कतै कुनै दिन पनी गर्दौंन लौ आदर
स्वर्गे भो अनि दिन्छु पिण्ड भनि के गर्नू उ आडम्बर ॥६१॥

हाम्रा ईश्वर हुन् तिनी, तिनिहरु खूशी भए हामिको
कल्याण् हुन्छ र देवताहरु पनी बाटो दिनन् स्वर्गको
पाली पोषि सुमार्गमा सुतहरुलाई लगाऊनमा
कत्रो कष्ट भयो उ रीन कहिले तिर्थ्यौं र यो जन्ममा ॥६२॥

जान्छौं खर्च गरेर तीर्थहरुमा दान् धर्म गर्छौं अनि
गर्छौं दर्शन देवता र घरमा फर्केर पुग्छौं पनि
हाम्रो चित्त हुँदैन शुद्ध अझ झन् लाग्छौं कुकर्मैतिर
हस्तीस्नानसमान निष्फल भए के गर्नु गै तीर्थ र ॥६३॥

तीर्थमा गइ मूर्ति दर्शन गरी देश् हेरनू मात्र हो
द्यौता छन् हृदयेमहाँ अब कता बद्रीपटी जानु हो
स्वच्छै चित्त भए नजीक, नभए टाढा छ उ ईश्वर
ज्ञानी सूँगुर खोरमा यदि मरोस् ऊ मिल्छ ईश्वर्तिर ॥६४॥

हुन्छन् कोहि गृहस्थिका घरमहाँ नारी बडा दुर्जन
पाहूनू घर गो भने तिनिहरु भाँडा ठटाऊँछन
छोरा-छोरि ति कुट्तछन् भुतुतु भूत्भूताउँछन् रीसले
लोग्नेमानिस छैन याँ अरुतिरै जा भन्दछन् झोकले ॥६५॥

बुझ्नू पैलि त चोर डाकु छ भने बस्नै नदी खेदनु
राम्रो हो त भने विमूख नहओस् जस्तो छ उस्तै दिनु
व्याधालाइ कुनै भँगेरि चरिले ज्यानै त आफ्नू दिई
सत्कार् भारि गरी, नगर्नु कसरी हामी त मानिस भई ॥६६॥

पाहूनाहरुलाइ जान मनले साक्षात् अग्नी भनी
आऊँछन् ति गृहस्थिका भवनमा पाहूनुको रूप ली
जस्तै शान्त गरेन अग्नि ति भने भस्मै जगत् गर्दछन्
तेस्तै ती अतिथी अनादर गरे सर्वस्व नै हर्दछन् ॥६७॥

तस्मात् आदर गर्नु ती अतिथिको श्रद्धा गरी यत्नले
आऊँदा घरमा कदापि हठ गर्नू हुन्न ती हामिले
मन्मा केहि कपट नली हित हुने साँचो र राम्रो भन
तिम्रो बोलि वृथा नहोस सबको प्रेमी हितैषी बन ॥६८॥

जो बोल्छौ मुखले उही मनमहाँ होओस साँचो कुरा
मन्मा एक कुरा लिएर मुखले अर्को नभन्नू कुरा
मैत्री जोसँग गर्दछौ तिमि सदा विश्वास मानीकन
मौका पारि नमार मित्रकन ती सक्तौन पाप् काटन ॥६९॥

पैली हुन्छ ठुलो बिहानपखको छाया पाछी घट्छ यो
पैली हुन्छ र सानु अन्त्य दिनको छाया पछी बढ्छ यो
मूर्खैका सँग मैत्रि आदि दिनको छायासरी घट्तछ
विद्वान्का सँग मैत्रि अन्त्य दिनको छाया सरी बढ्दछ ॥७०॥

यौटा चित्तमहाँ छ भन्छ मुखले हो पारि अर्कै कुरो
अर्कै गर्दछ काम दुष्टजनको चाला नजाती छ यो
जो आफ्ना मनमा छ भन्छ मुखले ऊ नै उसै गर्दछ
यस्तो हुन्छ सुचाल सज्जनमहाँ बुझनू सबै पर्दछ ॥७१॥

हाम्रा ती घरमा भएजति सबै नारीहरुको पनि
गर्नू आदर पर्छ हामिहरुले हुन् लक्ष्मि साक्षात् तिनी
यो हो छोरि र यो बुहारि पनि हो पत्नी त यो हो भनी
हेला गर्छ भने सबै धनहरु नाशिन्छ तेस्को पनि ॥७२॥

सासूका उपर अर्ती

बोली बोलि रुखो र हप्किदपकी पारी बुहारीकन
सातो खानु हुँदैन राम्ररि तिनीलाई अह्राऊ भन
आमा बाबु र जन्मभूमि सब नै त्यागेर जान्छन् तिनी
हामीले तिनमा विवेक नगरे को गर्छ अर्को अनि ॥७३॥

आफ्नू चाहिं नजाति-जाति अरुको संझेर गर्नू र के
जाती होस् अरु किन्तु हामिहरुको चल्दैन कां तेसले
आफ्नै माल सपार्नु फाल्नु तिनिलाई हुन्न दूर्दूर गरी
एकै ठान्नु बुहारि छोरि दुइटै शिक्षा दिनू राम्ररी ॥७४॥

ब्वारी-जीवनमा छ कष्ट घरमा निर्वाह गर्नै गई
धेरै बेर सुते सुताहि र छिटै ऊठे बिहोशी भई
हुन्छे जुम्सि ढिलो गरे अनि छिटो गर्दा उ उद्धत् भई
इच्छा क्यै चिज खान भो र उ झिकी खाईभने चोर् भई ॥७५॥

जो आयो मुखमा उही मनपरी भन्छिन् ति नन्दै अनि
यस्तो भन्नु हुँदैन नानि ! भनि यो भन्दैन कोही पनि
द्यौरानी छ बझुल्लि मूर्ख ससुरो नन्दै कुरौटे अति
लोग्ने छन् पशु, सासु कप्टि कसरी टिक्छन् बुहारी कति ॥७६॥

यो हो ह्वैन बुहारि भैकन तिमी सासू भयौ संझ लौ
तिम्रो बानि बुहारिको अरु सबै जान्ने छँदै छन् त लौ
आङ्को भैंसि नदेख्नु आफु अरुको देख्नू कि जुम्रो पनि
ऐनामा मुख हेरि आफ्नु अरुलाई भन्नु कालो अनि ॥७७॥

यस्तो गर्नु र भन्नु हुन्न भनि यो भन्दा हुँदी मान्यले
पट्किन्थ्यौ जल तेलमा सरि गरी ऊठेन चाक् रीसले
बिस्यौं त्यो सब काम आफ्नु अहिले अल्छी बजीनी भनी
कुट्छू मार्छु गरी बुहारिकन लौ हप्काउँछौ के भनी ॥७८॥

देख्नै हुन्न बुहारिलाइ किन हो सौता सरी गर्दछौ
सूबिस्तासँग खान सुत्न नदिई च्याङ्-च्याङ् गरी भन्दछौ
तिन्को चित्त रुँदैन लौ भन तिमी हुन्छचौ निठूरी किन
अर्काले तिमिलाइ यै रित गरे गर्थ्यौं अनी के भन ॥७९॥

ए के गर्नु बुहारि नै छ अलछिन् मान्दीन भन्दा पनि
अर्घेली किन देख्नु सासु सबले भन्छचौ भने तापनि
सज्जन् सासु भए बुहारि पनि ती सज्जन् हुनेछन् सब
तिम्रै छैन सुचाल के गरि हुनन् सज्जन् बुहारी अब ॥८०॥

छोरा बाबु मिलेर दुर्जन बुढी जे-जे फलाक्छे उतै
हो-हो मानि नदौडनू र पहिले हो हैन बुझ्नू सबै
बोलीमा मह हुन्छ नारिहरुका पेट्मा भने वीष छ
हो पारीकन बोल्दछन् तर कुरो साँचो हुँदो रैनछ ॥८१॥

दैत्यैका गुरु शुक्र, देवगुरु यी माया जती जान्दछन्
त्यत्तीनै गजगामिनी विधुमुखी नारीहरु जान्दछन्
ठूलो साहस हुन्छ जे पनि यिनी मौका परे गर्दछन्
भन्दैनन् ससुरा र सासु पतिजी वीषालु यी सर्प हुन् ॥८२॥

आफ्ना धर्ममहाँ रहेकि सुशिला आफ्नी बुहारीकन
नाना दोष लगाइ फाल्न पनि त सक्छन् यिनी दुर्जन
आफ्नो जीत भएन पो यदि भने रुन्छन् ति धूरूधुरु
हप्तासम्म पनी नखाइ रिसले भोकै ति बस्छन् बरु ॥८३॥

छोराले पनि बुझ्नुपर्छ गृहिणी कस्ती छ आफ्नी भनी
आफ्ना कानमहाँ खुसू-खुसु कुरा गर्छे नभाको पनि
स्वास्ने भै ति कुरा सुनेर निज आमा बाबुका साथमा
लाल्लाल् नेत्र गरेर हेरि झगडा गर्ने नहौ व्यर्थमा ॥८४॥

बुहारीका उपर अर्ती

बूहारी पनि झट्ट केहि दिनमा सासू हुनैपर्दछ
सासूलाइ भनें भनी नफुल यो पालो घुमी आउँछ
यस्तै क्यै तिमिलाइ भन्नु नपरोस् ज्ञानी तिमी मान है
कुत्ता झैं गरि सूँगि-सूँगि अरुको ख्वैरो नऊतार्नु है ॥८५॥

तिम्रो उन्नति हेर्नलाइ नसकी ती गाउँका दुर्जन
झूटा बात बुहारि सासु दुइमा लाई बझाऊछन
उस्मा हौ तिमि होशि दुष्ट जनका झुट्टा कुरा ती सुनी
सासूलाई नदोष बात नबुझी यस्ती र उस्ती भनी ॥८६॥

केही गालि गरे ति सासु ससुरा स्वामीहरुले जब
खप्नूपर्छ खपे ति गालिहरु आशीर्वाद हुन्छन् सब
आफ्ना मान्यहरू खुशी जब भए हूनेछ तिम्रो जय
हुन्छन् सुन्दर पुत्र मान्य सबका विद्वान् धनी निश्चय ॥८७॥

बेकांमा अरुका नजाउ घरमा कामै भए जाउ र
आफ्नो काम सकी तुरुन्त नबसी फर्केर आँऊ घर
बोकी ती अरुका जहान तिनमा लाई नभाका कुरा
आफूआफुसमा बिगार्न भनि यो कैल्यै नगर्नू कुरा ॥८८॥

ज्ञानी हौ शुभ अर्ति देउ सबमा सत्मार्गमा लाउ र
अर्काको दुख देख राख मनमा सद्भाव मैत्री गर
नारीमा शिरको मणी बन तिमी तिम्रा सुआचारको
देखासीखि गरी उतैतिर चलून् होऊ गुरु गाउँको ॥८९॥

छोरीले पनि जान यो सब कुरा पैली बुहारी भई
हुन्छयौ सासु पछी अवश्य पनि ता आफ्ना घरैमा गई
कस्तो काम गरे हुइन्छ सबको प्यारो उसै नै गर
भन्नू क्यै नपरी बडी चतुर भै आफैं विचारी गर ॥९०॥

हुन्छन् कोहि बुहारि चोर्नि ढटुई कष्टी रिसाही अति
फोहोर्नी बभ्रुवी यि पापिहरुले नाश्छन् सबै सम्पति
गाऊँका गुरु दुष्ट पापिहरुका सुन्छन् कुरा धेर र
आफ्नू सम्पति बाँडि बेचि सब नै रित्याउँछन् त्यो घर ॥९१॥

राम्रो भाग्य भए बुहारिहरुको सासू असल पाउँछन्
सप्रीनू अनि बिग्रिनू पनि दुवै सासूजिका हात छन्
भाग्यै छैन भने बुहारिहरुको सासू ति पापी परी
ज्यानैमा पनि हुन्छ भारि खतडा बाच्नू अहो के गरी ॥९२॥

मीठो वा नमिठो कुनै चिज हओस् बाँडेर खानू सब
छुटचाई परिवार् कुनै चिज पनी खायो भने पाप छ
घर्को मुख्य बनेर मालिक सबै आफ्ना परीवारमा
नाङ्गो प्यास र भोक रोगहरुमा दृष्टी दिनू टचाममा ॥९३॥

स्वामी भै परिवारलाइ नदिई राम्रो र मीठो सब
आफैं लाउँछ खान्छ दिन्न अरुमा त्यो चीज् भनेता अब
मन्मा पर्छ अवश्य नै ति सबका पायौंन भन्ने कुरा
सक्तैनन् तर भन्न आँट नपुगी गुप्चूप राख्छन् कुरा ॥९४॥

आफ्नू काम पनी बुहारिहरुले जानेर गर्नू सबै
सासूजी ससुरा र मान्य पतिजीको मान राख्नू सधैं
ओठे ज्वाफ नगर्नु मान्यजनले भन्दा हुँदी क्यै कुरा
बोल्नू नम्र भई मधुर् वचनले सोधे भने क्यै कुरा ॥९५॥

ढाँट्नू चोर्नु हुँदैन आफ्नु घरको वार्ता नगर्नू कतै
क्यै काम् गर्नु परे ति मान्य जनमा सोधेर गर्नू सधैं
अर्घेली नहुनू सबै ति घरका आफ्ना परीवारमा
घर्को सुग्घर गर्नु अल्छि नभई उठ्नू सधैं प्रातमा ॥९६॥

नारी होस कि वा उ होस पुरुषै उस्ले कुनै कालमा
खाली हात गरेर बस्नु कुलछिन् भन्ने छ यो शास्त्रमा
आफ्नै ती व्यवहारको कि अथवा पढ्ने र लेख्ने कुनै
यौटा ईलम ली बिताउनु दिनै व्यर्थै नफाल्नू कुनै ॥९७॥

सायंकाल बिहान गर्नु सबले सन्ध्या द्विजाती भई
गऱ्यो लोप भने दुवै समयमा त्यो जान्छ शूद्र भई
पूजा पाठ र पञ्चयज्ञ जप यी नित्यै र नैमित्तिक
गर्नैपर्छ गृहस्थिले ति नगरे प्रायश्चितै लाग्दछ ॥९८॥

पूजाको सरदाम गर्नु घरको गर्नू सफा सुग्घर
नारीको बुझ्न पञ्चयज्ञ भनियो कर्तव्य संझी गर
मैला गन्धि हुनू लुगा र घरमा यो हो अलक्ष्मी सबै
साफी सुग्घर गर्नु सुन्दर हुनू यो जान लक्ष्मी सबै ॥९९॥

पूजाको सरदां गरीसकि अनी भोजन् तयारी गरी
नोकर् बालक मान्यलाइ पहिले ख्वाएर खानू पछि
संक्षेप्ले अहिले भनें सब कुरा बूझेर गर्नू हओस्
गृहस्थाश्रम धर्म हो अति ठुलो यस्मा न चुक्नू हओस् ॥१००॥

अर्को एक कुरा छ हामिहरुले गर्ने विचारै मिली
पुर्खाले कुलदेवलाइ अजको दीने गरेछन् बली
योग्यै हो कि अयोग्य हो बलि दिनू बोको सबैले भनौं
योग्यै हो त गरौं अयोग्य ठहरे यो सालदेखी त्यजौं ॥१०१॥

पैले नै मइले भनें सब कुरा हिंसा नगर्नू भनी
सौख्यैको गरि चाह मार्नु कसरी ती जीव स्वार्थी बनी
हामी ईश्वरका निमित्त सब हौं छोरासमानै यहाँ
देख्नू भेद कसोरि यो पशु भनी यौटै ति भाईमहाँ ॥१०२॥

यौटै जीव छ देहमा सुख दुख क्यै भिन्न छैनन् अनि
कीरादेखि लिएर इन्द्रतकमा सामान्य नै छन् तिनी
मर्छू की म भनी छ डर् शरिरको माया सबै गर्दछन्
छोरा झैं गरि पालितालि कसरी मारौं ति के भन्दछन् ॥१०३॥

जस्लाई कुलदेवता भनि सधैं भन्छौ उसैको पनि
बोको पुत्र समान हो उ कसरी खालान् त पुत्रै पनी
आफ्नू सन्तति देवताहरु कुनै खान्नन् ति खान्छन् भनि
यस्तो भाव लिनू त मूर्खपन हो खान्थे कसोरी तिनी ॥१०४॥

हाम्रा छन् कुलदेवता जुन ति हुन् शङ्कर्जि गौरी धनि
ह्वैनन् शङ्कर ती भने नपढ लौ रुद्री र वैदै पनि
पढ्चो मन्त्र भने ति वेदहरका प्रत्यक्ष हुन्छन् तिनी
शङ्कर् हुन् कि त होइनन् अब भनौं आफै विचारी अनि ॥१०५॥

रुद्रीपाठ गरेर हुन्छ शिवको पूजा र एकापटि
अर्कै मष्ट छ खान्छ अन्त बलियो भन्छौ भने त्यस्पटि
शम्भुस्थापन ऊंहिं नै गरि उहीं दीनू बली के गरी
काट्नू हुन्न बली भनेर शिव भन्दैनन् अगाडी सरी ॥१०६॥

तेसैले अबदेखि हामिहरुले बोको बली त्याग गरौं
ब्राह्मण भोजन होम पाठ विधिले गर्ने सबैले गरौं
यस्तो भाषण भो ति पण्डितजिको सूने सबै भाइले
पुर्खाको ठिक काम रैनछ भनी निश्चित् गरे चित्तले ॥१०७॥

तेसै वर्ष थियो उ देववलि ता छोडे तिनी ज्ञातिले
छोड्नू, त्यो कुलधर्म हुन्न भनि काम् गऱ्यो उ गल्कोटले
धामीले पनि कामि एक चरणै ऊचालि कुर्लीकन
उच्चा सोर गरेर हेर म त आदी मष्ट हूँ हैर-न ! ॥१०८॥

तेरा ती कुलले गरे जुन कुरो त्यागिस् त्यसैले गरी
तेरा ती घरभित्र सिस्नु अब हेर् ऊमार्छु संहार गरी
यस्तो हाँक दियो समाप्ति पनि भो देवालि उस्का पछि
वर्षाकाल भयो र खेतितिरको चल्यो अनी खल्वली ॥१०९॥

फेदीमा गलकोटका अति ठूलो ब्याँसी थियो तेसमा
गर्थे खेति गएर साठि घरका त्यो रोपने याममा
ज्ञातीका घर थे जती उति हलै थीए ति गोरू पनि
जम्मा भैकन खेत रोपिसकियो हिंड्ने बखत् भो अनि ॥११०॥

लौ लौ झट्ट हिडौं उ माथि शिरमा खोलो धुवा यो भनि
भन्दैथे कतिता हिंडे कति अघी लाएर गोरू पनि
वर्ष्यो दैववसाद पानि मुसले धारा बही बेसरी
आयो बाढि र गोरु मानिस सबै लग्यो ति सोर्सार् गरी ॥१११॥

बाँकी कोहि नराखि एक छिनमा तेत्रो उडायो सब
ज्ञातीमा घरका पनी सब मरे शून्यै भए ती घर
साना बालक मात्र पाँच छ जना बाँकी रहे ब्यूँतिनी
साँचै नै घरमा कुनै दिनपछी उभ्यो उ सिस्नू पनि ॥११२॥

धामीले अघि जो भने उहि कुरा पूरा पनी भैगयो
देवाली नगरे र होकि अथवा केबाट विग्घ्नै पऱ्यो
पैले ज्ञातिमहाँ ति पण्डितजिले भन्नूभएको थियो
हिंसा गर्नु ठुलो छ पाप नगरौं हामी सबैले त यो ॥११३॥

प्रत्येक वर्ष हजार ऊ कति कती बोकाहरू मारिए
तेही पाप उदाइ कौरवसरी एकै पटक् मासिए
देख्नूभो फल पापको कसरि भो उत्पत्ति झट्टै त्यहाँ
हिंसा गर्नु हुँदैन हामिहरुले कस्तै पनी काममा ॥११४॥

पैले पण्डितले भने जति कुरो प्रत्यक्ष नै देखियो
अर्कालाई म मार्छु भन्दछ भने आफैं पनी मासियो
खाल्टामा यसलाइ पार्दछु भनी जो खन्छ खाल्टो उही
पैले पर्दछ तेसलाइ भगवान् लान्छन् र हाल्छन् उहीं ॥११५॥

यस्तो बात गरे सभाबिच बसी जस्ले ति भाषाण सुने
हिंसा पाप ठुलो रहेछ भनि आ-आफूसमा यो भने
हामीले पनि के गरे असल हो यस्मा विचारी भन
जानेको मइले छ जो उहि कुरा भन्छू सबैले सुन ॥११६॥

देवाली नगरी मरे तिनि भनौं गर्दा मरे वा भनौं
गर्नू हो कि नगर्नु देवबलि यो यस्मा पनी के भनौं
ब्राह्मण् भोजन पाठ होमहरुले सेवा गरे तापनि
हुन्यै हो कुलको गरेछन दिने बोकै कुलैले पनि ॥११७॥

पुर्खाले पनि काम योग्य र अयोग्यै के गरे यो पनि
बुझ्नैपर्छ नबूझि माफत उसै के कुदनु लै लै भनी
शास्त्रैको मतमा निषेध छ पशू हिंसा सबै जातमा
ब्राह्मणलाई बढी निषेध छ बली बोको दिने काममा ॥११८॥

हामी ब्राह्मणले मराउनु दिनू, मार्नू र बोको बली
मासू खानु पनी हुँदैन कुल ता हीडेन सन्मार्ग ली
साँचै हो तर शास्त्रको वचनमा सामान्यभन्दा अरु
वीशेषै बलवान हुन्छ भनि यो भन्छन् महर्षीहरु ॥११९॥

बोकाको बलि दीनु हुन्छ कुलको सेवा म गर्छू भनी
भन्ने वेदमहाँ छ दोष यसमा लाग्दैन भन्छन् मुनि
सं अभ्यर्च्य भनेर सं अभि पनी खाएर अर्च धातु यो
देख्दा चण्डिमहाँ प्रयोग विधिले गर्दा र खाँदा भयो ॥१२०॥

हिंसा हुन्छ अवश्य यज्ञ गरदा छोड्दैन हिंसा नभै
भोग्नैपर्दछ पाप गर्छन भने रागी अहङ्कारि भै
छोडी त्यो अभिमान राग दुइटै गर्छन् भने ता अनि
तेस्मा पाप हुँदैन किन्तु उ अहिंसा हुन्छ हिंसा पनि ॥१२१॥

आफ्नो देश र गाउँको र कुलको चल्नू चलन्मा भनी
लेखेको छ ति शास्त्रमा बलि दिनू ठान्छू म योग्यै भनी
हामीले कुल देवलाई बलि जो दिन्छौं उ बोको पनि
छोडी त्यो पशु देह देव पुरिमा गै बस्छ भोगी बनी ॥१२२॥

जानू देवबलीमहाँ बलि दिनू मागे अरु चिज् भने
पैसा चामल धूप दीनु शिवका लागी सबै चाहिने
पैसाको गरि लोभ देवबलिमा बोको दिंदैनौ जब
खान्छौ मारि मराइ आफु त भने चोरै ठहर्छौं अब ॥१२३॥

सुन्नूहोस् अब भारि बिघ्न परि ती धेरै मरे मानिस
गल्कोटे घर चार के अब गरुन् उद्रचो सबै साहस
गर्नै छोडिदिए उ देवबलि नै शक्ती नहूँदा जब
द्यौताले पनि चार घर्सँग भने संझाइयौ बात् सब ॥१२४॥

मद्दत् कम्ति भयो र देवबलि यो शक्तौन गर्नै पनि
मेरो संझन राख केहि दिनमा आऊँछु फेरी पनि
ऐले जान्छु भनेर मष्टजि हिंडे भानीज साथै लिई
हट्टचो देवबली पनी बुझ तिमी क्यै वर्ष लुप्तै भई ॥१२५॥

ज्ञातीका च्चः अनाथ बालक गए आआफना मावली
जो जो मावलिको छ धर्म उसमै लागे उही धर्म ली
कोहीको त चिसुङ्खु मावलि थियो ती त्यै चिसुङ्खू गए
अर्का बालक चालिसेतिर गए शालूक अर्का गए ॥१२६॥

मारे आश सबै ति चार घरले गल्कोट बस्ने जति
साथैमा परिवार लीकन बसैं हींडे त्यहाँबाट ती
लागे पश्चिमतर्फ एक घर गो ठोट्ने उ खोला पटी
यौटा सिन्धु धुसेनिमा गई बस्यो आर्जेर बिर्ता डटी ॥१२७॥

सिन्धूकोट गए दुई घर तिनी बिर्ताधनी नै भए
हाम्रा ती पुरुखा कमी कुन थिए बीर्ता सबैले लिए
लौ जो सिन्धु धुसेनिमा ति पुरुखा हाम्रा गएका थिए
तीनैका अति बुद्धिमानि र गुणी छोरा तिनोटा भए ॥१२८॥

जेठाका जति सन्ततीहरु सबै काठ्माण्डु भित्रैपटि
जो हो सुन्दरिजल् नजीक उसकै बस्छन् ति पूर्वैपटि
माहींलातिरका भनेर बुझ्न् सिन्धूमहाँ छन् जति
सिन्धूले जति माहिंलातरफका हुन् ती सबै सन्तति ॥१२९॥

सिन्धूकोटमहाँ छ वास जसको कान्छापटीका ति हुन्
गांनाङे जति भाइ छन् बुझ तिमी तिन्का ति सन्तान हुन्
गांनाङे अनि सिन्धुले पनि अघी हुन् सिन्धुले नै दुवै
गांनाङ् गो जुन सिन्धुबाट उहि गांनाङे भएको सबै ॥१३०॥

शालूके र ति चालिसे अनि चिसुङ्खे आदि भाई सबै
जो हामीसँग आइ देवबलिमा बोको दिदैनन् कबै
जातीले तिनि जान मावलिजिको द्यौता ति मान्छन् कुनै
हाम्रै बाह्र र मष्टको गरि नकल् देवालि गर्छन् कुनै ॥१३१॥

एकै हुन सब भट्टराइहरु ता क्यै छैन भेदै पनि
सिन्धूवासि ति सिन्धुले हुन गए गांनाङवासी अनि
गांनाङे ति भए, चिसुङखुपटिका जो थे चिसुङखे भए
बस्ने शालुक शालुके तिनि भए भो भिन्न वास्मात्रले ॥१३२॥

सिन्धूबाट उठी सुरुसुरु बसैं पूर्वैपटी जो गए
सिन्धूले ति भए, चिसुङ् पुगिबसे ती ता चिसुङ्खे भए
गांनाङ् पैलि बसी गए जउन गांनाङे तिनीनै भए
आधार्ले गरि जीवभैं तिनिहरु नाना थरीका भए ॥१३३॥

लौ येता सुन केहि वर्षपछि ता त्यै सिन्धुमा ज्ञातिको
पूरानू उहि मष्ट कृष्णपतिमा उत्पत्ति फेरी भयो
ती वाह्रै पनि उत्पती तिनि महादेवका भए आङमा
प्राक्तन् कर्म सरी ति मन्त्र अघिका आए दुवै धामिमा ॥१३४॥

लाटो आदि ति झाँक्रि उत्पति भए साथै ति मष्टैजिको
योग्यै ठानि ति पस्पतीकन गरे धन्वन्तरी दूइका
अग्वा भैकन घाड चामर दुवै हल्लाइ धन्वन्तरी
हिंड्छन् काममहाँ सधैं उनि नभै चल्दैन कां क्यै गरी ॥१३५॥

कालो चामर मष्टको छ बुझनू सेतो छ ती बाह्रको
आ-आफ्ना तिरका धनन्तरी पनी लिन्छन् उही चालको
कालो खान्छ बली उ मष्ट अनि सेतो खान्छ बाह्रै अनि
यस्तै नै यिनको छ चाल निखुनी खान्छन् उ बोको पनि ॥१३६॥

येती काम गरी धनन्तरि अनी मष्टै र बाह्राकन
ती भाइहरुले भनेछन अघी यो वात संझीकन
तिमी मष्ट र बाह्र मन्परि गरी पायो जहाँ त्याँहि नै
जानू हुन्न नजानु पस्पतिजिका बस्नू अधिन्मा सधैं ॥१३७॥

हामीले जसलाइ धामि हुन यो योग्यै छ भन्छौं अनि
तेसैमा तिमि जानु पस्पतिजिको लीएर आज्ञा पनि
यस्तो बात सुनेर वंशहरुको मष्टै र ती बाह्रले
लौ लौ हुन्छ भनेर मञ्जुर गरे त्यो बातमा हर्षले ॥१३८॥

तेसै कारण मष्ट बाह्र दुइटै छन् है वचनवद्धमा
यस्मा जा नभने ति पस्पतिजिले जान्नन् ति अर्कामहाँ
ऐले जो जति पस्पतीतिर भए सन्तानहेरू यहाँ
तीनैका वशभित्र आजतक नै छन् धामिहेरू यहाँ ॥१३९॥

ती रामापतिका र कृष्णपतिका सन्तान-बाहेकले
धामी बन्नु हुँदैन मष्टपटिको जान्नू सबै भाइले
बाह्रैको पनि धामि हुन्न ति महादेव्वंश बाहेकमा
यो हो सत्य ति मष्ट बाह्र दुइटै जान्नन् अरु वंशमा ॥१४०॥

हाम्रा क्वै पटु वंशहेरु नकली धामी बनाईकन
गर्छन् देवबली घरै बसि बसी जान्थे वाहाँ ती किन
साँचो धामि गएपछी उ नकली सक्तैन काम्नै पनि
सन्मुख् सत्य पदार्थ भो यदि भने नाशिन्छ झूटो अनि ॥१४१॥

मष्टैको अनि बाह्रको पनि दुई हूँदैन धामी हुनै
यौटा कुर्लिसकेपछी ति अरुले हूँदैन कुर्लीनु नै
हाम्रा ती पुरुखा षडान्द बहुतै थे शक्तिशाली अनि
पारेछन् अरुलाइ धामि तिनले जान्नू अयोग्यै भनी ॥१४२॥

मामा मष्ट र बाह्र भानिज यि हुन् नाता छ यो दुइमा
मामाचाहिं पछाडि भानिज अघी हिंड्छन् सबै काममा
मामा भानिजले परस्परमहाँ ऊ-ऊसको कां पनि
गर्छन् किन्तु बली भने ति दुइले आ-आफ्नु खान्छन् अनि ॥१४३॥

मष्टै मात्र छ छैन बाह्र तर त्यो गर्नूपऱ्यो द्यावली
बाह्रा डाक्छ र खान्छ बाह्र हुँ भनी सेतो उ बोको बली
बाह्रै मात्र भएर गर्नु छ भने बोलाइ मष्टा अनि
मष्टै हूँ भनि खान्छ देवबलिमा कालो उ बोको पनि ॥१४४॥

धामीक्रम

पैला कृष्णपती भए अनिपछी विद्यापतीजी भए
ती विद्यापति केहि कारण परी त्यो काम् नगर्ने भए
आयो देववली सुपुत्र कुसुमाकर् चाहि सानै थिए
ती रामापति भाइलाइ तिमि हौ धामी भने स्नेहले ॥१४५॥

धामी भैकन तीन देवबलि ती रामापतीले गरे
तेसै कारण धामिको हक पनी त्यो वंशकाले गरे
तेस्रा धामि भनेर जान सबले रामापती नै अनि
वेलास हुन् चउथा र पाँचउँ भए श्रीकान्त भन्ने पनि ॥१४६॥

दाताराम दुइटा छ सातउँ भए आठौं तुलाराम थे
धामी थे ति नवौं श्रिहर्क र दशौं धामी दयाराम थे
हाम्रा मुख्य ति धामि जान जुन तूलाराम् दयाराम् थिए
दोटैको अपुतालि भो अब अरु छैनन् ति धामी हुने ॥१४७॥

हक्दाछन् छन तापनी तर कुनै गर्दैन भन्छन् तिनी
ती रामापति वंशमा अब भयो पूरापुरी हक् पनि
तिक्कै सन्तति काशिनाथजि भए एघारऊँ ता अनि
ती वाह्रै बुझ डिल्लिरामजि भए छन् हाल धामी यिनी ॥१४८॥

पैला धामि ति बाह्रतर्फ बुझनू थीए महादेव् भनी
दोस्रा हुन् शिवशर्म तेसपछि ता गोविन्द तेस्रा अनि
चौथा थे मतिलाल पाँचउँ भए तारानिधी जी पनि
छैटौं लछिमनै भए परशुराम् छन् हाल सातौं अनि ॥१४९॥

ज्ञातीका उहि साठि घर्तरफका जो मष्ट मान्दैन थे
तेही खाल कुनै ति राजघरमा विख्यात् भँडारे थिए
तिन्कै वंश भनेर जान सबले भण्डारिलाई पनि
ज्ञातीखाल हुँदा ति देववलिमा दिन्नन् उ बोको पनि ॥१५०॥

वंशप्रकरणम्

यौटै हुन् भटराइ येसरि भए नाना थरीका भनी
लेखें लौ क्रमले म गर्छु अहिले ती वंश वर्णन् पनि
गांनाडे अनि सिन्धुले यि दुइको यस्मा छ वंशावली
ज्ञातीले पुरुखा नभैकन पता लेखीन वंशावली ॥१५१॥

पैले जान्छु सुरूसुरू म अहिले गांनाङ बिर्तापटि
केही मात्र ढिला गरेर फिरुँला पीछे ति सिन्धूपटि
आदीमै वलिदासम्म मइले वर्णन् गरें पैलि नै
वाहाँदेखि यता अगाडि अब लौ हेर्दै तिमी जाउ है ॥१५२॥

राम्रा शीलवती तिनोटि गृहिणी थीए वलीदासका
जेठीका सुत देवहरीहरु भए छन् सिन्धुकोट् दोटिका
भाई पाँच ति देवहरीहरु थिए अप्तालि हुन् माहिंला
साहीला नयनान्द सन्ततिहरु हुन् खत्रि तेल्लोकका ॥१५३॥

ताप्लेजुङ् सिमलेलि हुन् बुझ ति काहींला लछीमन्जिका
कान्छाका जति सन्ततीहरु सबै छन् सिन्धु बिर्ता ति ता
जेठा द्यौहरिजी लिएर सँग ती छोरा र पत्नी सबै
सिन्धूबाट उठी गए बुझ तिमी गांनाङमा ती बसैं ॥१५४॥

त्याहीं स्थायि भएर केहि दिनमा अर्जे उ बिर्ता पनि
तेसैले तिनका ति वंश बुझ गांनाडे भएका भनी
हाम्रा द्यौहरिका सुपुत्रहरु थे ती नन्दिकेश्वर् अनि
रामेश्वर् कमलावती अनि वृहस्पती र कृष्णैपति ॥१५५॥

धामी पूर्वपटी चले अब गरुन् के सिन्धुले भाइले
थायी मूर्ति चिलाउने-रुखमहाँ दिन्छन् बली भक्तिले
आजैसम्म पनी छँदै छ उ चलन् भन्छन् ति जान्नेहरु
हाम्रो धामि छदै छ हामि कसरी त्यो काम छोडीदिउँ ॥१५६॥

नन्दीकेश्वरका सुपुत्रहरुमा जेठा ति रत्नेश्वर
गांनाङ्मै ति बसे अरु सुत सबै लागे ति पूर्वैतिर
गांनाङ्बाट ति माहिला नरहरी ईलाममा गै पसे
प्रेमेजूङ छ गाउँ जो उसमहाँ स्थायी भई ती बसे ॥१५७॥

तिन्का सन्तति फैलिए सबतिरै गोर्खे जगात् छन् कुनै
कालेबुङ्तिर छन् कुनै सुखिममा आसाममा छन् कुनै
ताप्लेजुङ् पुगि साहिंला वरपति त्यो मेदिवुङ्मा बसे
तिन्का वंश सुखीय लिम्बुङ र हाङ्देवा गई क्वै बसे ॥१५८॥

काहींला ति धनन्तरी पशुपती (पस्पति) आठ्राई चाँगे गए
तिन्का वंश इलाम, नाम्सालिङ, घोरेटार, तेल्लाबुङे
साधूँमा गइ अन्तरे ति रविलाल् स्थायी भई त्याँ बसे
तिन्का सन्तति साघुँमै छन कुनै मुङ्लानमा क्वै पसे ॥१५९॥

दिङ्ला चार् नम फालिकोट् गइ बसे ती पुण्यशील् जन्तरे
चूरे घाटि इलां विलन्दुतिर छन् सन्तान तिन्का अरे
कान्छा चाहिं ति लच्छिमन् गइ बसे त्यो पूर्व बाँस्पानिमा
तिन्का सन्तति खत्रि मात्र सब हुन् छन् तेही बाँस्पानिमा ॥१६०॥

साहींला कमलापती धनकुटा कोराङ आई बसे
तिन्का सन्तति धेर छन् उहिं कुनै वीदेशतर्फै पसे
काहींला ति बृहस्पती गइ चइन्पूर् रातमाटे बसे
तिन्का सन्तति साधु छन् कति कती मुङ्लानतीरै पसे ॥१६१॥

कान्छा कृष्णपती ति धामि पनि हुन् गांनाडदेखी हिंडे
पूर्वैतर्फ बसैं गएर पहिले आठ्राइ चाँगे पुगे
क्यै दिन त्याहिं बसी हिंडेर अनि ती त्यो साघु गाऊँ पसे
माटो चाखि विचारि ठानि रसिलो भै स्थायि वाहीं बसे ॥१६२॥

तिन्का सन्तति साघुँ छन् कति कती चाँगेपटी बस्तछन्
भित्रीया कति छन् र बाझगरमा बस्छन् कुनै मादि छन्
मुड्लान् तर्फ कुनै धरान्तिर कुनै ईलाम् कुनै बस्तछन्
हाँगा लेख्छु ति हेर्नुहोस अब यता ती द्यौहरी वृक्ष हुन् ॥१६३॥

देवाली गर्ने विधि

गर्ने देवबली विधी पनि सबै भन्छू म लौ त्यो अब
मङसीर् शुक्ल चतुर्दशी तिथिमहाँ गर्नू सदा भै सब
घच्चा हुन्न फराक ठाउँ छ जहाँ पानी अनी दाउरा
हुन्छन् यी सुविधा र बस्न अतिथी बाधा नहास् क्यै कुरा ॥१६४॥

यस्तो ठाउँ विचारि भाइ सब भै जम्मा अघिल्लै दिन
बार्नू मण्डप पर्छ चारतिर नै मज्बूति पारीकन
ढोका एक बनाउनू उसमहाँ पूर्वैपटी मात्र नै
यातायात हुँदा सबै ति जनमा बाधा नहोस् क्यै कुनै ॥१६५॥

ती हाँगा र जरा सहीत रुखनै चीलाउनेको खनी
लानू मण्डपभित्र भूमि बिचमा गाडनू बलीयो खनी
पारी त्यै रुख बीच चार तिरनै चौडा र लम्बाइमा
चौडा डेढ लमाइ दूइ गजको अन्दाजले तेसमा ॥१६६॥

अर्को मण्डप सानु रच्नु र खुलै राखेर उत्तर् पटी
स्यौलालाइ न पारि छिद्र बलियो वार् वारनू तिन्पटी
एही मण्डपमा हिलो मुछि तलो छापी तयार् पारनू
मेरुको रुखमा त आलम ध्वजा रङ्गीन झुण्डाउनु ॥१६७॥

राखीयो जुन तेहि मण्डप महाँ खूला गरी उत्तर
ठाडो वार लगाइ भित्र उसमा ढोका दुईटा गर
दोटैमा दुइटा बनाउनु अनी दैलाहरु पातका
यौटामा बलि राख्नु पर्छ अरका मा मूर्ति द्यौताजिका ॥१६८॥

बन्यो मण्डप यो त्रयोदशि बित्यो पर्ने छ लौ साँझ र
डेरामा दिप बाल्नु पर्छ सबले आ आफ्नु रात्री भर
रात्री भो अब खान पीन सकियो दीयोकलश लानु छ
जेठो खाल्तिरबाट दीप र कलश् नीकालनू पर्दछ ॥१६९॥

मष्टैको लिन जानु दीप र कलस् ती वाह्रका धामिले
बाह्रैको लिन जानु पर्दछ अनी ती मष्टका धामिले
बाजा शन्न बजाइ ब्राह्मण दमाईलाई लाई अघी
भारी मङ्गल साथ मण्डप पटी जानू कलश दीप ली ॥१७०॥

घुम्नू मण्डप भित्र दीप र कलश् राख्नू अनी धामिले
डेरामा घुमि पर्छनू सब बली सुत्नू अनी खूसिले
भोली पल्ट चतुर्दशी जब भयो धन्वन्तरी धामिले
कर्ताहूनु र डाकि ब्राह्मणहरु काम् थालनू भक्तिले ॥१७१॥

गर्नू यज्ञ इशानमा र बलिको छेदन् त नैऋत्यमा
नैवेयैहरु पाक गर्नु सबनै मिष्टान्न आग्नेयमा
रुद्रीपाठ गरी दशांश विधिले ज्याला महाँ अग्निको
गर्नू पायस तील चामल घिऊले आहुती शम्भुको ॥१७२॥

ब्राह्मण्ले यजमानलाइ शिरमा टीको लगाई दिंदा
पैले लाइ दिनू धनन्तरि पटी पीछे धनी धामि ता
एता यज्ञ सुरू भयो अब उता साना उ मण्डप् तिर
जो कोठा ति हिजै तयार गरिए तेता पटी जानु र ॥१७३॥

दाजु भाइ कि वा धनन्तरिहरुले गर्नु तेता तिर
अर्काले त हुँदैन तेस्तिर भने हूनू तिनै तत्पर
ती कोठा दुइमा त पूर्वतिर ता ठाडो र तेर्छो गरी
साक्षात् रेखि लगाउ नौ नउ अनी पश्चीम कोठापटी ॥१७४॥

एएक्काइस रेखि द्वैतिर दिनू त्यस्कातला माथिता
तेस्माथी दिपराख्नु धामिहरुले ल्याए हिजै जो तिता
देवी मूर्ति र शम्भु लिङ्ग दुइटा खोजेर एता उती
ल्याऊनू दुइटै र पश्चिमपटी कोठा तिरै राख्नु ती ॥१७५॥

पूजा गर्नु र मूर्ति धूप दिप नैवेद्यैहरु सुम्पिनू
रोटी पायस रेखिका बिचबिचै राम्रो चढाई दिनु
देवीमा फुल सून ती तिलहरी भेटी चढाई अनी
ऊता होम समाप्त भो शिवजिको पूजा यता भो अनि ॥१७६॥

साना मण्डपका ति काम जति छन् धन्वन्तरी मात्रले
गर्नू हुन्छ भनी धनन्तरिहरू भन्छन् ठगी चालले
ऊखेल्नू रुख गाड्नु रेखि दिनु ती मूर्तीहरू ल्याउनु
पूजा गर्नु पनी ति भाइ सबकै हक्हुन्छ यो संझनु ॥१७७॥

वेला भो बलिको धनन्तरि अनी धामी तयारी हुनु
पक्रीने बलि भाइहेरु दुइटा कम्मरकसी आउनू
क्षत्रीबीर छटाछटी गरि बली काट्ने हउन् ती सुरा
क्षत्रीले रणमा छटाछटि रिपू काट्छन् बली के कुरा ॥१७८॥

टाऊके घरको त पैलि लगि ऊ कालो बली सुम्पिनु
हेर्नू हुन्न कुटुम्बले त पहिले काटता बली सम्झनु
टाऊका तिर एकले चरणमा अर्का तिनी भाइले
पक्रीनू र अचानुमा लगि छटक्कै काट्नु ती क्षत्रिले ॥१७९॥

पैलीको बलिता ति धामिहरुले हूदैन चुस्नू कवै
साना मण्डपका वरीपरि घुमाइ टाउको र मूढ् यी दुवै
सुम्पीनू गुरुलाइ पूर्व पटिका कोठा तिरै राखनु
जेठाका क्रमले अरु बलि दिनू ती धामिले चूसनु ॥१८०॥

धामीले पनि कान पक्रिकन टाऊको घुमाऊनु र
भाईले मुढ चैं वरीपरि घुमाई फाल्नु छिटै बाहिर
साथै चामर घाड लीकन घुमी धन्वन्तरी धामिले
प्रत्येक् ती बलि काटता घुमि सबै कुर्लीनु एक्सोरले ॥१८१॥

गोठ धूप गर्ने विधि

गर्नू दुइपटक् ति गोठ धुप ऊभौली र ऊधौलिमा
गर्दा धान्य ति पूर्णिमा तिर सधैं गर्नू र ऊधौलिमा
ऊभौली गर पूर्णिमा छ जुन हो आधार संझीकन
शम्भू हुन् पशुका पती र उनको गर्नू अनी पूजन ॥१८२॥

तेर्छा रेखि ति पाँच हाल्नु अनि ठाडो सात ऊभौलिमा
ठाडो रेखि लगाइ पाँच अनि तेर्छा सात ऊधौलिमा
रेखीको विधि एहि हो तर यि पाँच् ठाऊ महाँ लाउनू
थापी गोमय कुण्ड दूद दिनु शम्भूलाइ वाँ पूजनू ॥१८३॥

सौं बारमा क्यै नदिनू अरुमा
खर् दाउरा काट्नु हुँदैन तेस्मा
न छाप्नु लौ त्यो घर जान मन्मा
दूद् वार्नु औसी रविवार् दुवैमा ॥१८४॥

नन्दीकेश्वरका छोरा माहिला नरहरि वंश

छोरा नर्हरिबाट, कालु शिवदास् इन्द्रप्रसाद् : यी भए
जेठा कालु पटी श्रिकान्त अनि विष्णुलाल, दोटा थिए
दोटैका जति छन् ति सन्ततिहरु गोर्खे जगात्मा बसी
ज्ञानी मानि धनी भएर सुखभोग् गर्छन् अतीभै खुसी ॥१८५॥

माहीला शिवदासका तरफमा थे पाँच भाई सुत
कान्छा इन्द्र पटी पनी दुइ थिए रांलाल शिव् लाल् सुत
जो जो छन् यिनका ति सन्ततिहरु सूखी भई हालमा
गर्छन् वास इलामको नगिचमा प्रेमे जुडै गाउँमा ॥१८६॥

साहिंला वरपतिका मेदिबुङे

नन्दीकेश्वर पुत्र जो वरपती थीए उहुन् साहिंला
तिन्का पुत्र थिए त्रिलोचन महादेव् नामका दूइटा
त्रिलोचन् तिर वृद्धिवल्लभ भए जेठा सुशीला कर
श्रीवेलासजि माहिला सुत थिए कान्छा ति विद्याधर ॥१८७॥

वृद्धी वल्लभका पनी सुतहरू मार्कण्ड कुन्दीप, र
गोपीकृष्ण र नन्दिकेश्वर मनोरथ् ती मुकुन्दै बुझ
मार्कण्डे कुलदीप् मनोरथ मुकुन्दैको निसन्तान भो
गोपीकृष्ण र नन्दिकेश्वर पटी लेख्छू जती वंशभो ॥१८८॥

काशीनाथ् मतिलाल, हेम अनि लाल् ती रूपनारान् अनि
गोपीकृष्ण पटी भए सुतहरू चाभाई जम्मा यिनी
काशीनाथ् तिरका त्रिलोचन र पर्शूराम ती मुक्तिनाथ्
यूधानाथ र चन्द्रलाल् यि सबको अप्तालि भो सर्वनाश् ॥१८९॥

माहिला मतिलालका

माहीला मतिलाल पुत्रहरुमा जेठा भगीरथ् थिए
माहीला लछिमन् भनेर बुझनू लोक्नाथ कान्छा भए
जेठा ती भगिरथ् पटी पनि भए तिन् भाइनै सन्तति
जेठा जान्नु कपिल्मुनी अरु दुई धर्मान्द भींराज ती ॥१९०॥

जेठा मुख्य कपिल्मुनी तिर ति पर्शूराम्, हरीलाल् अनि
तारानाथ यि तिन् भए परशुरां हुन् धामि सातौं यिनी

पर्शूरां तिर एक पुत्र अहिले छन् गोपि भन्ने पनि
भींराज्का कुल गर्दछन् सुख अती समानकट्टे बनी ॥१९१॥

माहीला लछिमन् न भै तनयनै बूढाभए ती अब
झङ्गालाल र चन्द्रलाल दुइटा छन् लोकनाथ्का सुत
साहीला तिनि हेमलाल तिरता छोरा दुईटा थिए
नारायण् र षडान्द हुन् यि दुइकै सन्तान शून्यै भए ॥१९२॥

कान्छा रूपनारान्का

जेठा पुत्र, कुबेर, जान अनि माहीला भए कृष्णलाल्
कान्छा हुन् छविलाल ता यि रुपनारान्का भए पुत्रखाल्
भो अप्तालि कुबेरका तरफमा सन्तानका मूलको
माहीला तिनि कृष्णलाल तिर ता भो जन्म सन्तानको ॥१९३॥

जेठा पुत्र, त्रिलोचनै, पशुपतीनाथ् माहिला हुन् अनि
कान्छा हुन् तुलसीप्रसाद यि सबै छन् पूर्ण विद्याधनी
यौटा पुत्र भए त्रिलोचनजिका नाऊँ अनीरुद्ध हो
होलान् की अरु पुत्रहेरु पनि ता सम्भावना नै छ यो ॥१९४॥

मेची अञ्चल तापलेजुङ छ जो जिल्ला त्यसै भित्रमा
आचार्यै हुनु हुन्छ ती पशुपतीनाथ एक साहित्यमा
वाहाँको सरि कोहि छैन अहिले विद्वान् प्रसिद्धै पनि
वृद्धीवल्लभ वंशलाई शिरको बनाउनू भो मणि ॥१९५॥

ऊमानाथ र बुद्धिसागर र शान्तीराम कम्लापति
चारोटा अहिले भए पशुपतीनाथ्बाट यी सन्तति
कान्छा ती तुलसी प्रसाद् तिर भए जेठा मतीलाल् अनि
माहीला ऋषिरां भए कि अथवा कान्छै हुने हुन् तिनी ॥१९६॥

कान्छा ती छविलालका सुतभने मात्रै ति यौटा छन
तारानाथ् भनि जान ती संग पनी छँदैछ विद्याधन

तारानाथजिबाट एक सुत टीकादत्त भन्ने भए
रुप्नारान् तिर आजतक् जति भए सन्तान ती लेखिए ॥१९७॥

काहिला नन्दीकेश्वरका मेवाराजा

नन्दीकेश्वर तर्फ पुत्र रविलाल मूहून, नारायण,
घन्श्यांजी अनि धातराम र कपिल्मूनी छभाई गन
जेठा ती रविलालका मधुसुदुन् प्रेंलाल, चीरंजिवी,
जन्मीए गुणयुक्त पुत्र तिनटा राम्रा र चीरञ्जीवी ॥१९८॥

जेठा ती मधुसूदनै तिर भवानीशङ्करै एक र
अर्का चाहिं ति गेहनाथ बुझ्नू थे दूइ मात्रै सुत
जेठापुत्र भवानिशङ्करजिका, कोमल्प्रसाद् ती भए
टीकारामजि माहिला अनि जगन्नाथ् पुत्र कान्छा भए ॥१९९॥

कान्छा चाहिं ति गेहनाथ तिरता, टेक्नाथ जेठा हुन
लीलानाथ भनेर जान सबले कान्छा यि दोटै छन
शर्मानन्द र हेमलाल, दुइथे प्रेमलालका सन्तति
शर्मानन्द पटी पनी सुत दुवै थे रुद्र चूडामणि ॥२००॥

चीरञ्जीवि कनिष्ठका पनि भए राम्चन्द जेठी तिर
खेमानाथ र बुद्धिनाथ, दुइटा जन्मे ति कान्छी तिर

केनिमे

जेठीका सुत रामचन्द्र दुइटी स्त्रीका भएथे धनी
जेठीबाट कुबेर, कान्छि तिरता योगराज जन्मे अनि ॥२०१॥

काहीला घनश्यामका सुत ति पर्शूराम भन्ने भए
पर्शूराम जिका सुपुत्र भगिरथ् भन्ने ति यौटा भए ॥२०२॥

धातारां तिर बद्रीनाथजि भए भिंचौरि बस्छन् तिनी
नन्दीकेश्वरका यि सन्ततिहरु लेखें सुनेका तिनी
कान्छा चाहिं कपिल्मुनी तिर भए ती डिल्लिराम् जेष्ठ त
गङ्गाराम कनिष्ठ जान्नु दुइ मात्रै हुन् यिनैका सुत ॥२०३॥

पण्डित्जी र धनी प्रसिद्ध सबमा छन् डिल्लिरां तीनिका
मुक्तीनाथ्, नरनाथ् र नेत्रपरसाद्, ओंनाथ् भए चारटा
प्रह्लादै अनि नीलकण्ठ र हरीपर्साद, लेखनाथ, यी
गङ्गारामजिका सुपुत्रहरु हुन् यो जान चित्तै दिई ॥२०४॥

वृद्धिवल्लभ जेठाको वंश विस्तार लेखियो
श्रीवेल्लास माहिला तर्फ लेख्छू त्यो वंश जो भयो ॥२०५॥

श्री वेलासवंश हाङ्देवा छन्

श्रीवेलासजिका छोरा कृष्णलाल् पद्मलाल् थिए
कान्छा ती पद्मलाल् पुत्र न भै नै स्वर्गमा गए ॥२०६॥

कृष्णलाल पटी जन्मे वानार्रसि र, पर्स्पति
मधु गङ्गाधरै, भन्ने चारोटा यिनि सन्तति ॥२०७॥

जेठा वानारसी तर्फ दुइटा पुत्र जन्मिए
नरपति भए जेठा कान्छा ता खेमनाथ् थिए ॥२०८॥

जेठा नरपतीबाट कर्नाखर रघुनाथ् अनि
रमाकान्त अनि श्रीप्रसाद चार भए यिनी ॥२०९॥

सन्ताननै नभै स्वर्गेवास कर्नाखरै भए
माहिला रघुनाथ् चाहीं गर्दछन् वास सन्सरे ॥२१०॥

साहिला ति रमाकान्ततर्फ यौटा फणीन्द्र थे
फणीन्द्र अहिले हाडदेवा कटहरे बसे ॥२११॥

श्रीप्रसाद तिनका काका कान्छा ता परिवार ली
मधेश शन्सरेमा गै गर्दछन् ती ढलीमली ॥२१२॥

कृष्णलाल पुत्र पस्पतिका

लक्ष्मीनारान् गणेश्नारान् बालमुकुन्दजी अनि
दामोदर समेत् चार जन्मे पस्पतिका पनि ॥२१३॥

लक्ष्मीनारानका जन्मे युवराज् शैषराज् दुइ
युवराज् का भए योगेश्वर् रेवतीरमण् दुइ ॥२१४॥

ती शैषराजका माधवप्रसाद चेतराज् अनि
नित्यानन्द र शुक्देव चार छन् अहिले यिनी ॥२१५॥

गणेश्नारानका गौरीकान्त, नारद्मुनी अनि
वेदनिधि समेत् पुत्र तीन भाई भए धनी ॥२१६॥

गौरीकान्त पटी चेतनाथ यज्ञप्रसाद छन्
नारद्मुनि पटी ऐले छैनन् किन्तु ति भावि छन् ॥२१७॥

गौरीकान्त भए यौटा कान्छा वैदनिधी तिर
होलान् कि अरु भन्ने यो मनमा छ निरन्तर ॥२१८॥

बालमुकुन्द साहीला तिर पुत्र भए तिन
सोमनाथ जनख्लाल उपेन्द्र हरुनै हुन ॥२१९॥

जेठा ती सोमनाथ् तर्फ योगानन्द भए सुत
जनख्लाल, उपेन्द्रका हुने वाला ति छन् सुत ॥२२०॥

कान्छा दामोदरै तर्फ दुइटा पुत्र जन्मिए
तर ती छोडि नेपाल विदेश सिड्रिमा गए ॥२२१॥

साहिला मधुका यौटा भरत पुत्र जन्मिए
भरतका मुकुन्द्राज् थे समान् कट्टा तिनी गए ॥२२२॥

कान्छा गंगाधरका

गङ्गाधर्का रवीचन्द्र भन्ने यौटा सुपुत्र थे
रवि चन्द्र सरी वंश लाइ उज्ज्वल गर्दथे
दामोदर हृषीकेश (रङ्गलाल) लक्ष्मीप्रसाद यी तिन
रविचन्द्रजिका पुत्र हुन् भने मनमा गुन ॥२२३॥

दामोदर ति जेठाका लेखनाथ् गोपिकृष्ण र
महेश्वर र अग्निप्रसाद् जन्मे पुत्र सुसुन्दर ॥२२४॥

लेखनाथजिका पुत्र चेतनाथ् एक मात्र छन्
धनार्जन् गर्नका निम्ति बर्मामा गइ बस्तछन्
घनश्याम र ठाकुर्प्रसाद भन्ने यी दुइ ता
गोपीकृष्णजिका जान कहाँ छन् छैन लौ पता ॥२२५॥

साहिला ति महेश्वर्का हरिराज भए सुत
कान्छा अग्निप्रसाद् का थे होमनाथ भरत् सुत ॥२२६॥
रङ्गलाल (हृषीकेश) पटी योगप्रसाद घनश्यां, अनि
नेत्रप्रसाद चैतन्यप्रसाद् चार भए यिनी ॥२२७॥

कान्छा लक्ष्मीप्रसाद्का छन् चार पुत्रहरू तिनी
निकासिमा बसोबास गरेका छन् सुखी बनी ॥२२८॥

वानारसिजिका पुत्र कान्छा ति खेमनाथका
टीकाराम सुदर्शन् हुन भए वासी सिलाङका ॥२२९॥

कान्छा विद्याधरका कालिपुंग छन्

विद्याधरजिका नारद् चन्द्रलाल् दुइटा भए
नारद् पटी कुबेर् रांलाल् लच्छिमन् तिनटा थिए ॥२३०॥

जेठा कुबेरका प्रेमु बलभद्र रविलाल् वसु
वृष्णी जयपति नर्पति थे यी वंशका वसु ॥२३१॥

कान्छा ती चन्द्रलाल् बाट हरिलाल र लच्छिमन्
दोटा थे कालिपुइ् बस्तीमा यिनी गइ बस्तछन् ॥२३२॥

श्री वेलास्का भए एक जैसी की पुत्रितर्फमा
श्रीभक्तनाम हो तिन्को बस्छन् ती हाडदेवमा ॥२३३॥

चार पुत्र भए तिन्का जेठाको अपुतालिभो
अरु ती तीन भाइका वंशको त विकाशभो ॥२३४॥

माहिला छविलाल् बाट गौरीशंकर भक्तिलाल
कपिलमुनि यिनै तीन थिए सन्तानका ति लाल् ॥२३५॥

श्रीकृष्ण साहिला तर्फ कुबेरप्रमाद एक छन्
प्रेमनारानका खड्गप्रसाद् नरेन्द्र दुइ छन् ॥२३६॥

त्रिलोचन पटीका हुन् सन्तानहेरु यी सब
महादेव ति कान्छाका लेख्दछू सन्तती अब ॥२३७॥

वरपतिपुत्र कान्छा महादेवका

महादेवजिका पुत्र जेठी ती गृहणी पटी
इन्द्रलाल शिवशर्मा र प्रजापति र जैपति ॥२३८॥

कृष्णपति समेत पाँच भाइ छोराहरू भए
पञ्चभूत सरी यिन्का सन्तान सब फैलिए ॥२३९॥

इन्द्रलाल पटी शर्मानन्द धर्मान्द धन्पति
तारानिधि र भास्कर ती अग्निधर थे छ सन्तति ॥२४०॥

जेठा शर्मान्दका पुत्र मकर् र हरिलाल् थिए
दुवैका सन्तती सारा छन् कालीपुइमा अरे ॥२४१॥

धर्मान्द अप्ताली भए

साहिला धन्पती पुत्र भए यौटा कपिल्मुनि
भास्कर अन्तरे तर्फ चार भाइ भए तिनि ॥२४२॥

अग्निधर ति कान्छाका विष्णुभक्त गणेश, हुन्
विष्णुभक्त धरान् बस्छन् सुखिसदां गणेश छन् ॥२४३॥

गणेशका गजाधर् र चन्द्रलाल् लच्छिमन् अनि
विष्णुलाल समेत् चार भाइ छोरा थिए यिनी ॥२४४॥

अरुका हुन बाँकी थे माहिला चन्द्रलाल् तिर
बैजनाथ, हरीलाल, भगीरथ, ति सानु र ॥२४५॥

जयनारान् भरत्, कान्छा हरिनारान यि सात थे
सात भाइ सबै वाहीं सुखिम्मा बाबु साथ थे ॥२४६॥

शिवशर्मा पटी कान्तु नन्दु, विष्णु र लच्छिमन्
कान्छो हो वाटले, भन्ने जम्मा ती पाँच भाइ हुन् ॥२४७॥

जेठा कान्तु पटी छोरा तिन हुन् जेष्ठ छन् सुखिम्
भाउजू श्रीमती पार्ने कान्छो बस्छ पहाड् सिनाम् ॥२४८॥

ताप्लेजुङ याफ्रेका

कान्तुका पुत्र माहीला श्रीलाल हुन् तिनका सुत
जयनारान् भए यौटा तिनका लेख्दछू सुत ॥२४९॥

जयनारान्का पुत्र माहिली श्रीमती तिर
भए डम्मरु वल्लभ् र सूर्यनाथ्, दोलनाथ र ॥२५०॥

लोकनाथ र टोंनाथ, टोदराज गेहनाथ् यिनी
सात भाइ भए जम्मा सुन्नू होस कान्छिका पनि ॥२५१॥

उदैनारान महादेवप्रमाद, कान्छिमा भए
यी सबै अहिले बस्छन् तापलेजुङ याफरे ॥२५२॥

महादेवजिका छोरा साहिला हुन् प्रजापति
तिन्का भए छवीलाल, रामु र हरिलाल ती ॥२५३॥

काहीला जैपतीका थे नारान् जैसी र पस्पति
कान्छा कृष्णपती तर्फ तीन थे छन् सुखिं पटि ॥२५४॥

नन्दीकेश्वरका पुत्र साहिला वर्पती पटी
लेखें सन्तान लौ लेख्छु काहिला पस्पतीपटी ॥२५५॥

काहीला पस्पती तर्फ द्यौ ऋषि, पर्शु, भास्कर,
विरु, कर्णु, वसन्त, हासु, सात जन्मे मनोहर ॥२५६॥

जेठा द्यौ ऋषिका सीरी, काशिनाथ, दीननाथ, जगन्,
चित्राखर, समेत् पाँच भाइ छोरा यिनै ति हुन् ॥२५७॥

देवऋषिका सन्तान फावाखोले

जेठा सीरी पटी रत्नाकर, देवीचरण अनि
चित्राखर समेत् पुत्र तीन भाइ भए यिनी ॥२५८॥

रत्नाकर पटी पुत्र नन्दलाल, मनोरथ,
चिन्तामणि भए राम्रा पूर्ण गर्ने मनोरथ ॥२५९॥

निसन्तान भयो काशीनाथको गर्नु के अनि
दीननाथ पटी लक्ष्मीकान्त यज्ञनिधी, अनि ॥२६०॥

नन्दीकेश्वर कर्णूलाल् प्रजापति उमापति
रविलाल सहित् सात भाइको भो समुत्पति ॥२६१॥

नन्दीकेश्वरको वंश कोक्राझार महाँ छन
रविलाल्का ति सन्तान भोटाङ् चिमर्चिमा छन ॥२६२॥

लक्ष्मीकान्तजिका श्रीलाल भगीरथ्, जेठीमा भए
शिवनिधि र मनरथ्, यी दुइ कान्छीका थिए ॥२६३॥

ति लक्ष्मीकान्तका पुत्र भगीरथ्का ति सन्तति
भए साथै परीवार लङ्का पहाडका पति
जेठा शिवनिधी तर्फ रामप्रसाद टेकनाथ्
छविलाल, जगन्नाथ, देवीप्रसाद रविलाल् ॥२६४॥

चिरञ्जीवि यिनी सात पुत्रहेरु भए अब
यिनका पनि सन्तान लेख्छु जाने जती सब ॥२६५॥

रामप्रसादका विष्णुप्रसाद् कृष्णप्रसाद् अनि
चन्द्रप्रसाद भन्ने यी जान है तिनटा भनि ॥२६६॥

टेकनाथजिका तुल्सीप्रसाद, घनश्याम, र
चारोटा अरु छन्, बस्छन् ति ता च्याङ्थापु नै तिर ॥२६७॥

साहिला छविलाल् पुत्र जेठा गोविन्द लाल हुन्
केशव प्रसाद हुन् कान्छा हाङ्देवा यिनि बस्तछन् ॥२६८॥

काहिला ति जगन्नाथ्का नारद आदि पुत्र थे
कहाँ छ यिनको वास छैन पत्ता कता गए ॥२६९॥

देवीप्रसाद भोटाङ् छन् पाच्थर्मा रविलाल छन्
कान्छा पनि चिरञ्जीवी भोटाङै गइ बस्तछन् ॥२७०॥

दीननाथ पु. मा. यज्ञनिधिका

यज्ञ निधिजिका जन्मे नन्दलाल् विष्णुलाल, ती
नन्दलाल् पुत्र दोटा थे, कान्छा धर्मान्द हून ती ॥२७१॥

धर्मान्दका भए विष्णु प्रसाद भुवनाथ् अनि
लीलानाथ भए तीन विष्णुका झङ्गनाथ् अनि ॥२७२॥

विष्णुलाल् तिर ता यौटा सुदर्शन् मात्र जन्मिए
सुदर्शन पटी प्रेमप्रसाद दुर्गाप्रसाद् भए ॥२७३॥

खेमनाथ र कृष्ण प्रसाद चार भए यिनी
नन्दीकेश्वरका रामलाल भास्कर यी अनि ॥२७४॥

बलभद्र षडानन्द, चार पुत्र थिए यिनी
कोक्राझारमहाँ बस्छन् सन्तति रामलालका
छैनन् सन्तान अहिले भास्कर्का बलभद्रका ॥२७५॥

षडानन्द पनी लागे बसैं आसाम तर्फ नै
काहिला कर्णलाल् भन्ने निसन्तान भए कठै ॥२७६॥

प्रजापतिजिका पुत्र सत्यनारान एक थे
उमापति पटी चन्द्रलाल चिन्तामणि, दुई थे ॥२७७॥

कान्छा ती रविलालतर्फ पद्मलाल अगन्धर
कृष्णलाल र बल्भद्र चार थे ज्ञानसागर ॥२७८॥

तारानिधि र मोतीलाल् भगीरथ, र पस्पति
ईश्वर, यदु, जन्मे छ जगन्का पनि सन्तति ॥२७९॥

श्रीमान् जगनका छोरा जैसी पुत्री पटी पनि
लच्छिमन् वालु, कुस्माकर् तिनोटा पुत्र थे यिनी ॥२८०॥

कान्छा चित्राखरै तर्फ मकर् देवहरी अनि
धरणी, तिन भाई यी जान पुत्र थिए भनि ॥२८१॥

पस्पतिपुत्र माहिला पर्शुका लच्छिमम् अनि
माधौ नारद, नन्दूलाल, चार पुत्र भए यिनी ॥२८२॥

लच्छिमन पटी यौटा रामचन्द्र भए अरे
माधौका रविलाल् कालु कालुका कालिपुङ अरे ॥२८३॥

नारद्का पनि यौटानै पुत्र थे ति प्रजापति
गोरुवथान भन्नेमा भन्नेमा बस्तथे ति प्रजापति ॥२८४॥

कपिलमुनि जेठा र कमलापति माहिला
बल्भद्र साहिला जान्नु ति लक्ष्मीकान्त काहिला ॥२८५॥

श्रीकृष्ण अन्तरे कान्छा लक्ष्मीनारान ती थिए
नन्दुलाल्का ति कान्छीमा छभाइ यिनिनै भए ॥२८६॥

कपिलमुनि जेठाका भवानीशङ्करै अनि
मनोरथ् दुइटा पुत्र मात्रै जन्मे असल गुणी ॥२८७॥

काहिंला लक्ष्मिकान्तैका लोकनाथ थिए सुत
यी पर्शु पटिका लेखें जाने जति सबै सुत ॥२८८॥

पस्पतिका पु. सा. भास्करका

अब पस्पतिका पुत्र भास्कर्पटि भए जति
हेर्दै जानु हओस् लेख्छु क्रमैले तिनि सन्तति ॥२८९॥

ब्रह्मलाल र गङ्गाधर् भास्कर्का दुइटा सुत
ब्रह्मलालतिर कुबेर रामलाल हरीलाल थिए ॥२९०॥

जेठा कुबेरका छोरा भद्रलाल र कालु र
नन्दलाल जनख्लाल, अग्निधर, हिसाब् गर ॥२९१॥

माहिला रामलाल्बाट जेठा धनपती भए
गणपति ति माहीला कान्छा, वृहस्पती थिए ॥२९२॥

हरिलाल्का डिलीराम लच्छिमन् दुइटा भए
ब्रह्मलाल्का यि सन्तान आसाममा सबै गए ॥२९३॥

मधु बालु हरीकृष्ण पुष्पलाल यि चार ता
गङ्गाधरजिका पुत्र हुन् भन्ने जान सत्य ता
मधुका जेठि पत्नीमा जैनारान् एक जन्मिए
कान्छी पनि पियारीमा हेमलाल् एउटै भए ॥२९४॥

भास्करका जेठी पत्नीका सन्तान

जैनारान् तिर धर्मान्द हरिभक्त र श्यामलाल्
दाताराम श्रिनारान भए, पुत्रहरू यि पाच् ॥२९५॥

जेठा धर्मान्दका पुत्र यौटा धनपति थिए
माया मारेर नेपाल आसाम पटिनै गए ॥२९६॥

माहिला हरिभक्तेका जम्मा ता चार भाइ थे
जेठा, कान्छा, नभै पुत्र स्वर्गको सरणी लिए ॥२९७॥

गङ्गारां माहिला जान्नु साहिला जयकृष्ण ती
दुईका अब सन्तान लेख्दछु जो सुने जति ॥२९८॥

गङ्गारांका भगीरथ् र रुद्रलाल मनोहरी
चार भाइ भए छोरा विष्णुलाल समेत् गरी ॥२९९॥

साहिला जयकृष्णैका छैन सन्तानको पता
बूढा बूढीसँगै सोधे लाग्नेछ तिनको पता ॥३००॥

जैनारानका जेठी तिरका साहिलाका

साहिला श्यामलाल् तर्फ भर्तलाल् प्रेमलाल्, थिए
परिवार लिई साथ दुवै आसाममा थिए ॥३०१॥

दातारां काहिलाका हुन् जेठा ति डिल्लिरां अनि
कान्छा हुन् लच्छिमन् भन्ने दुइ भाइ भए यिनी ॥३०२॥

मधुका कान्छिपटी

जेठा ती डिल्लिरां देखि दुइमात्र भए सुत
जेठा थे ति दयाराम कान्छा रामप्रसाद त ॥३०३॥

श्रीनारान ति कान्छाका पुत्र इन्द्रप्रसाद् अनि
अग्निप्रसाद नैनान्द चूडामणि भए यिनी ॥३०४॥

ज्योतिखर् चन्द्रलाल् हेमलाल कान्छी पटी भए
अप्ताली भो दुईटाको हेमका सिङ्ग्रिमा गए ॥३०५॥

गङ्गाधरका छोरा बालुका (बालान्द)

बालु (बालान्द) का पुत्र पूर्णान्द द्यौदत्त कृष्णलाल र
प्रतिमन भए चार भाइ खूब मनोहर ॥३०६॥

जेठा पूर्णान्दको वंश लाग्यो मुङ्लानको पथ
द्यौदत्तका थिए चार जेठा जान्नु मनोरथ ॥३०७॥

माहिला रामलाल् जान अप्तालि अरुको भयो
मनोरथ पटी दोटा पुत्रको जन्म भैगयो ॥३०८॥

जेठा हुन् रङ्गलाल भन्ने कान्छा गङ्गाप्रसाद् भए
रङ्गलाल्का गुरुप्रसाद यमनाथ दुई भए ॥३०९॥

माहिला रामलाल्बाट सत्यनारान् र खेमराज्
दुइ भाइ भए पुत्र सत्य वेत्ता समान खास् ॥३१०॥

साहिला कृष्णलाल् तर्फ जेठा देवीप्रसाद थे
कमलापति माहीला द्यौनारान कनिष्ठ थे ॥३११॥

देवीप्रसाद जेठाका विष्णुकुमार् मधू अनि
ज्ञान कुमार शिव्राज चार छोरा थिए यिनी ॥३१२॥

कमलापति माहीला तिर पुत्र दुई थिए
हरिभक्त थिए जेठा कान्छा ता पद्मलाल् भए ॥३१३॥

द्यौनारान ति कान्छाका पुत्र लक्ष्मीप्रसाद र
नीतिरमण अरुण तीन पुत्र थिए वर ॥३१४॥

गङ्गाधरपुत्र हरिकृष्णका

साहिला हरिकृष्णैका पस्पति वर्पती, अनि
रङ्गलाल परमानन्द भन्ने चार भए यिनी ॥३१५॥

जेठा पस्पतिका एक द्यौनारान् मात्र जन्मिए
तिन्का अनन्तरां भन्ने थिए अप्तालि ती भए ॥३१६॥

वरपति ति साहीला तिर पुण्यप्रसाद र
दुर्गाप्रसाद यी दोटा भए भन्ने विचार्गर ॥३१७॥

काहीला रङ्गलालका र कान्छा ती परमान्दका
सल्तानहेरु पाहूना भए भारतवासिका ॥३१८॥

रङ्गलाल्का हरीभक्त साने यी दुइटा भए
परमान्दका केवलराम खेम्नाथ पद्मलाल् भए ॥३१९॥

भास्कर्का पुत्र कान्छा ती पुष्पलालजिका पनी
आसाम छन्, यिनी जान्नु भास्कर्का वंश हुन् भनि ॥३२०॥

पस्पति पुत्र काहीला विरुका लेख्दछू अब
कालु सेतु र लच्छीमन् जेठीका पुत्र हुन् सब ॥३२१॥

कान्छी पटि भवानी शङ्कर एक भए सुत
कालु पटी महानन्द वेलास, र प्रजापति
मधु कुलान्द यज्ञैनीधि, थे छ भाइ पुत्र ती ॥३२२॥

महानन्दजिका पुत्र सदु र लच्छिमन् अनि
दधिराम तिनोटा थे भन्ने जान सखे तिमी ॥३२३॥

वेलासका रवीलाल वरपति, दुई थिए
प्रजापतिजिका पुत्र जम्मा तिनवटा भए ॥३२४॥

मधु कुलान्द दोटाका पत्ता छैनन् ति सन्तति
विरुका पुत्र माहिला तिरका पनि सन्तति ॥३२५॥

हाँसु र काशिनाथ् लच्छिमन् भन्ने जान तीनटा
विरुका पुत्र कान्छाका छैन सन्तानको पता ॥३२६॥

छोरा भवानि शङ्कर्का दुइटा मात्र जन्मिए
धर्मानन्द, थिए जेठा कान्छा रांचन्द्रजी थिए ॥३२७॥

पस्पतिका थिए छोरा कर्णु भन्ने ति अन्तरे
तिनका छविलाल शिव्लाल् हिरालाल्, विरु, चार थे ॥३२८॥

पहाडको सबै आशा मारेर यिनता हिडे
गोरुवथान भन्नेमा बस्तछन् अहिले अरे ॥३२९॥

वसन्त जन्तरे पुत्र जान्नु पस्पतिका भनी
तिन्का भए शशीधर् र तारानिधि हृदान्द यी ॥३३०॥

जेठा छोरा शशीधर्का हेमलाल थिए अनि
माहिला बिलभद्रै हुन् कान्छा हुन् दत्तु जी पनि ॥३३१॥

जेठा हेंलालका पुत्र तीन थे भनि सुन्दछु
माहिला विलभद्रैका चारोटा भनि सुन्दछु ॥३३२॥

कान्छा दत्त पटी पुत्र दुइटा मात्र जन्मिए
शशिधर पटिका यी हुन् लेख्छू तारानिधी पटी ॥३३३॥

तारानिधिजिका पुत्र नर्हरी पद्मलाल् अनि
पण्डित रङ्गलाल् अर्का थिए कान्छा सुतै पनि ॥३३४॥

जेठा नरहरीबाट पण्डित् लट्टे भए दुई
कान्छा ति पद्मलाल् तर्फ रामन्द रविलाल यी ॥३३५॥

नारद हरिलाल् चार पुत्रहेरु थिए गन
पण्डित रङ्गलाल् तर्फ यौटा ती पर्शुरां भन ॥३३६॥

कान्छा हृदान्दका छोरा कृष्णलाल् प्रलिमन् अनि
वेलास र महानन्द चार भाइ भए यिनी ॥३३७॥

यो चारै भाइको वंश को हुन् छन् ती कतातिर
यी हुन् वसन्तका वंश सुन्नुहोस् हासुका तिर ॥३३८॥

पस्पति पुत्र हासुका जेठा पुत्र महीपति
विश्वेश्वर ति कान्छा हुन् अप्ताली भो महीपति ॥३३९॥

नारद सेतु र श्रीलाल् विश्वेश्वर पटी भए
यिनको पनि पत्ताक्यै छैन कहाँ ति घस्किए ॥३४०॥

मैवाखोला साँघुका

नन्दीकेश्वरका पुत्र अन्तरे रविलालका
लेख्छू सन्तान यी जान मैवाखोला ति साँघुका ॥३४१॥

रविलालजिका पुत्र जन्मे मकर जेठिमा
श्रीवेलास भए छोरा अर्की कान्छी पियारिमा ॥३४२॥

न देखी मुख छोराको भए मकर स्वर्गति
श्रीवेलास्तिरका लेख्छू जानेका जति सन्तति ॥३४३॥

श्रीवेलास्का थिए पत्नी ल्याइते र विवाहिता
पृथीबल कहर्सिङ् र जहर्सिङ् खत्रिहेरुता ॥३४४॥

ल्याइते खस पुत्रीमा तीन भाइ थिए यिनी
पृथिबल ति जेठाका गहसिङ्, लच्छिमन् अनि ॥३४५॥

दधिराम समेत् जन्मे तिनोटा सूर थे सब
कहर्सिङ् पटिका वंश बस्छन् सुखिममा सब ॥३४६॥

लच्छिमन्का ति सन्तान हाङ्पाङ्मा बस्तथे अरे
दधिराम भने पुत्र उत्पत्तिनै नभै मरे ॥३४७॥

जहर्सिङ् माहिला तर्फ बल्बहादुर एक थे
तिनका पनि सन्तान विदेशैमा सबै गए ॥३४८॥

कहर्सिङ पटी यौटा रन्धोजै मात्र जन्मिए
रन्धोजका वीर्यबाट चार पुत्रहरु भए ॥३४९॥

जेठा हुन टिकाराम कान्छा टङ्कप्रसाद् हुन
साघुँमा छन् यिनीहेरू अप्ताली दुइको भन ॥३५०॥

टीकारांका प्रेमबहादुर टेक्बहादुर जन्मिए
वानारसी छबीलाल भास्कर भर्तलाल ती
जेठी पटी श्रिवेलास्का जन्मे यी चार सन्तति ॥३५१॥

जेठा वानारसी तर्फ कृष्णलाल् एउटा भए
चन्द्रलाल जनख्लाल कृष्णलाल् का दुई भए ॥३५२॥

चन्द्रलाल ति जेठाका लक्ष्मी अर्को मुहुन्प्रसाद्
जन्मिए दुइटा छोरा सन्सरे यिनको छ वास् ॥३५३॥

जनख्लाल पटी धर्मानन्द डम्मरु डिल्लिराम्
तीन भाइ भए साधु बसेरै भन्दछन् ति राम् ॥३५४॥

छविलालजिका छोरा मुहून्लाल् अग्निधर् अनि
लक्ष्मीनारान कान्छा हुन् तीन भाई थिए यिनी ॥३५५॥

छविलालका पुत्र मुहुन्लालका

मुहुन्लाल पटी पुत्र प्रजापति त्रिलोचन
जयनारान् भानुभक्त काशीनाथ यि पाँच हुन ॥३५६॥

जेठा प्रजापती तर्फ दुइ थे छन् विदेश ती
हरिप्रसाद यौटा थे त्रिलोचन् तिर सन्तति ॥३५७॥

जैनारान्का नरेन्द्रप्रसाद र ब्रह्मलाल् अनि
टीकाराम र भोलानाथ् अन्तरे पनि छन् यिनी ॥३५८॥

नेपाल जन्मभूमीको आश मारेर ती सब
भारत सदियामा गै धनी भै बस्तछन् अब ॥३५९॥

काहिला भानुभक्तैका लक्ष्मीप्रसाद एक हुन्
तिनले पनि छोडे यो जन्मभूमि विदेश छन् ॥३६०॥

काशीनाथ पटी रामप्रसाद् चन्द्रप्रसाद र
विश्वेश्वर र मात्रीकाप्रसाद् टङ्कप्रसाद र ॥३६१॥

अर्का कान्छा समेत् पाँच भाइको पनि जन्म भो
साँघुबाट हिँडे बस्न सन्सरेमा रुची भयो ॥३६२॥

अग्निधरका माहिलाका

अग्निधरपटी पस्पति औ नरपती अनि
षडानन्द कुलानन्द लीलानाथ भए यिनी ॥३६३॥

जेठा पस्पतिका पुत्र यौटा धनपती भए
सूर्य योगप्रसाद लोकनाथ तित्रिका भए ॥३६४॥

माहिला, साहिला, काहिला को अप्तालि भो सब
लीलानाथ पटी पाँच भाइको भो समुद्भव ॥३६५॥

जेठा हुन टिकाराम केवली अनि माहिला
साहिला रोहिणी हुन् है डिल्लीराम ति काहिला ॥३६६॥

पुण्यप्रसाद कान्छा हुन् यिनिहरु सबै तर
साँघुबाट हिंडे, ऐले बस्तछन् सन्सरे तिर ॥३६७॥

कान्छा लक्ष्मीनारान्का

लक्ष्मीनारान कान्छा ती ज्योतिष शास्त्रमा पनि
सिपालु सत्यवादी र ठूला शिष्ट थिए अनि ॥३६८॥

उनीलाई न जान्ने क्वै थिएन उनिले पनि
थिएन क्यै नजानेका बुद्धि थ्यो स्मृतिशालिनी ॥३६९॥

शिक्षा पाई तिनीबाट सबैको जन्म, सुधियो
उज्यालो थ्यो सबै वंश अँध्यारो अहिले भयो ॥३७०॥

जन्मिए तिनका पुत्र कंलापति प्रभाकर
कपिलमुनि विष्णुलाल् पर्शुरां पाँच सुन्दर ॥३७१॥

कमलापतिका छोरा प्रतिमन् र बृहस्पति
दुवै भाइ भए दोटै चताराका भए पति ॥३७२॥

प्रभाकर्का दया, राधा, उमा, बल भए धनी
सन्सरे कै बसो वास गरेका छन् सुखी बनी
कपिलमुनिका रेणुप्रसाद पद्मप्रसाद् अनि
छत्रपति भए तीन साघुँ मै बस्तछन् यिनी ॥३७३॥

विष्णुभक्तजिका खेम गायत्री र अरु अनि
केदारनाथ् औ सोम चार पुत्र भए यिनी ॥३७४॥

पर्शूराम पटी पुत्र जेठीमा धरणीधर (मुकुन्द ?)
कान्छीबाट भए बालकृष्ण (युवराज) एक मनोहर ॥३७५॥

अब साहिला भास्करपटी हेर

भास्कर्का पुत्र जेठिमा हरिदत्त र माधव
श्रीनारायण कान्छीमा जन्मे तीन थिए सुत ॥३७६॥

हरिदत्तपटी रामानन्द र काशिनाथ् अनि
नरपति र कर्नाखर् गङ्गाधर् पाँच थे यिनी ॥३७७॥

अप्ताली भो तिनोटाको नरपति पटी सुन
जेठा खगेन्द्र माहीला रुद्रप्रसाद जी हुन ॥३७८॥

कान्छा नारानप्रसाद् जान चारोटा पुत्र जन्मिए
कान्छा गङ्गाधरपटी खेमनाथ् एउटा भए ।३७९॥

अप्ताली भो ति माधव्को श्रीनारान पटी पनि
वल्लभ्मणि भए एक तिन्का डिल्लिप्रसाद् अनि ॥३८०॥

कान्छा भर्तलालका

भर्तलालजिका पुत्र भगीरथ् रामलाल् अनि
नरपति र कान्छा ता रङ्गलाल भए धनी ॥३८१॥

भगीरथ पटी पस्पति बल्भद्र जन्मिए
पस्पति तिर भोलानाथ धन-ज्ञानप्रसाद् भए ॥३८२॥

भोलानाथ्का होमनाथ हरिप्रसाद दुइ भए
भोलाजीका परीवार विदेशतर्फ नै गए ॥३८३॥

जयप्रसाद धर्मान्द अरु दुइ समेत ती
बलभद्र पटी जन्मे जम्मा हुन् चार सन्तति ॥३८४॥

रामलालका

माहिला रामलाल् तर्फ तिनोटा पुत्र जन्मिए
विष्णूप्रसाद पूर्णान्द प्रजापति यिनै भए ॥३८५॥

जेठा विष्णुप्रसाद्तर्फ रघुनाथ् जेठिमा भए
खसपुत्री ति कान्छीमा रुद्रनाथ् एउटै भए ॥३८६॥

रघुनाथ् तिर राजेन्द्र युवराज र मुक्तिनाथ्
आनन्दप्रसाद चैतन्यप्रसाद् पुत्र भए यि पाँच् ॥३८७॥

मनोरथजिकी कान्छी खसपुत्री पियारिका
छोरा ती रुद्रनाथ भन्ने भए वासी मधेसका ॥३८८॥

रुद्रनाथ स्वयं चार पुत्रका जो पिता भए
जेठा सरस्वतीचन्द्र विवेकी, शान्त मानिए

भए सरस्वतीचन्द्र सन्चन् कन्चनका पिता
सन्चनका भए एक पुत्र सुवन नामका
अमेरिकातिरै बस्छन् कर्मयोगी सुमार्गका
त्यसैले छैन सन्ताप हाम्रो वंश-विकासमा
कन्चन सरस्वतीजीका कान्छा पुत्र चिकित्सक
प्रसन्ना एउटै छोरी, सरला स्वास्थ्य सेविका

छोरा दिनेश औ छोरी दीपन दीना प्रसिद्ध छन्
पुण्यका तीन सन्तान त्यसैले परितुष्ट छन्

साइमन प्रेमका छोरा, अस्मिन् भूपेन्द्रका भए
दीना, दीपाहरू त्यस्तै नम्रता तनया भए ।

निर्मला र सुजाता औ हरिमाया र पिंगला
लीला पुत्रवधू पाँच नरमाया र रुद्रका

जेठी कुलवधू हाम्री प्रतिष्ठा नामकी भइन्
आफ्नो कुल-प्रतिष्ठाको अहम् भार लिने बनिन्

रुद्रनाथ स्वयं योग्य वंशमा श्रेष्ठ देखिए
त्यसैले कुलको दर्जा, उच्चता कायमै गरे ।

पूर्णान्द तिर अप्ताली पऱ्यो; प्रजापती तिर
जयप्रसाद औ इन्द्रप्रसाद ती वेदनाथ र ॥३८९॥

ओमनाथ भए चार पुत्र जेठी पियारिमा
हरिप्रसाद औ भीम जन्मे कान्छी पियारिमा ॥३९०॥

भर्तलालका छोरा नरपतिका

नरपतिजिका एक भीमलाल भए सुत
दोटी थे श्रीमती तिन्का सर्वणा गुणभूषित ॥३९१॥
पाइन् छोरो भवानीशङ्कर भन्ने ति जेठिले
ति मातृकाप्रसाद् अर्का ञमनाथ् (योगेश) दुइ कान्छिले
भवानीशङ्करै बाट खेमनाथ भए सुत
साँघु बसी खुसी साथ गर्छन् ढलिमली यि त ॥३९२॥

कान्छा रङ्गलालका

रङ्गलाल ति कान्छाका पनि थे श्रीमती दुई
अग्निप्रसाद जन्मीए आत्मज जेठिका भई ॥३९३॥

केवलीराम औ भीमप्रसाद अग्निप्रसादका
भए उत्पत्ति दो पुत्र बढाऊने ति वंशका
वंशका वृद्धिको आशा मारी केवलिराम ती
देवपुरी पटी लागे- दुई छोरी दिएपछि ॥३९४॥

भीमप्रसाद कान्छाले सृष्टि गर्ने गरे विचार्
पाए नरेन्द्र कूमार रामकुमार, शरद्कुमार् ॥३९५॥

कान्छी पटी रङ्गलाल्का जन्मे अनन्तरां अनि
वेणुप्रसाद हरिप्रसाद, देवीभक्त, यि चार् गुणी ॥३९६॥

अनन्तरामका पुत्र हेरम्बराज जन्मिए
अनन्तराम लेटाङ परिवार सँगै गए ॥३९७॥

नन्दीकेश्वर पुत्र जन्तरे पुण्यशीलका

नन्दीकेश्वरका छोरा जन्तरे पुण्यशीलका
लेख्दछू अब सन्तान सुनेका जत्ति सम्मका ॥३९८॥

पुण्यशील पटी दत्त व्यास्, दुर्गा, धरणीधर,
नारान रामकृष्णै यी छ भाई थे विचार गर ॥३९९॥

जेठा दत्तका

दत्तका देवशर्मा र षडानन्द प्रजापति
तीन भाइ थिए छोरा वंश फैलाउने अति ॥४००॥
जेठा ती देवशर्माका प्रेमलाल कपिल्मुनि,
दयानिधि टिकाराम, नन्दलाल थिए यिनी ॥४०१॥

माहिला व्यासका

व्यासका पस्पती सत्यनारान् धनपती, अनी
जनख्लाल भए चार इलाम बस्तछन् यिनी ॥४०२॥

अन्तरे नारानका

नारानका दिनानाथ भीमलाल, थिए दुई
दीनानाथ् का पनी दशरथ गङ्गाधर, भए दुई ॥४०३॥

दशरथ पटी पुत्र अप्ताली सब नै भए
गङ्गाधरजिका पुत्र पद्मनाभ् जेठिमा भए ॥४०४॥

गोकुलनाथ कान्छीमा जन्मे एकेक मात्र थे
घनश्यां डम्मरुवल्लभ् पद्मनाभ जिका भए ॥४०५॥

नारान पुत्र कान्छा भीमलालका

कान्छा पण्डित भींलालका वासुदेव जनार्दन,
सीताराम समेत तीन छोरा भन्ने तिमी गन ॥४०६॥

जेठा ती वासुदेव् तर्फ जेठीमा कुलचन्द्र र
गोपीचन्द्र थिए दोटा, यौटा थे अरकीतिर ॥४०७॥

मा. जनार्दनका

जनार्दनजिका जन्मे जगन्नाथ, वेदनाथ, दुइ
सीतारांका मकुन्द भोजराज थिए दुइ ॥४०८॥

पुण्यशील पुत्र मा. रामकृष्णका

रामकृष्णपटी पुत्र मनोरथ बलभद्र, थे
भास्कर आदि तिन भाइ मनोरथ पटी भए ॥४०९॥

नन्दीकेश्वर पुत्र कान्छा लक्ष्मीरथको वंश बाँसपानीमा छ

लक्ष्मीधर पटी वंश ब्राह्मणी तिर शून्य भो
खस कन्या ति कान्छीमा खत्रीको मात्र जन्म भो ॥४१०॥

जहर्सिङ् दीननाथ् जन्मे खसकी पुत्रीमा दुई
भीमसेन जहर्सिङ्का जन्मीए पुत्र ती भई ॥४११॥

भीमसेन पटी एक भोटु भन्ने थिए सुत
गर्दछन् बास बास्पानी भन्ने जग्गातिरै ति त ॥४१२॥

किरात पुत्रिमा जन्मे दीननाथ पटी पनि
खड्गसिङ् धनराज् भन्ने खत्री का बीज नै बनी ॥४१३॥

माहिला अप्ताली, साहिला कमलापतिको वंश
हुन् देवहरिका छोरा साहिला कमलापति
तिनका अब सन्तान लेख्छु जाने बुझे जति ॥४१४॥

कमलापतिका पुत्र अग्निधर् जनमेजय,
दशरथ यि थे तीन भाइ विद्वान् गुणालय ॥४१५॥

दशरथ ति कान्छाले देव रीण सबै तिरे
न तिरी पितृको रीण प्रस्थान स्वर्गमा गरे ॥४१६॥

अग्निधर पटी मङ्गल् टिकाराम, दुई थिए
दुवैका सब सन्तान खोटाङ बस्तछन् अरे ॥४१७॥

जनमेजय माहीला हुन् तिन्का जयकृष्ण र
हरिकृष्ण ऋषीराम, नारद, चार थे सुत ॥४१८॥

सात भाई थिए छोरा जम्मा ती जयकृष्णका
भए सन्तान जेठा र माहिला दुइ भाइका ॥४१९॥

अरुका सन्तती छैनन् जेठा हुन् नन्दिकेश्वर
बस्छन् धनकुटा चुङ्माङ् जो भए माहिला तिर ॥४२०॥

माहिला पटि ता यौटा गङ्गाधर भए अब
नन्दीकेश्वर जेठाका लेख्दछु जति छन् सब ॥४२१॥

यी परेवादिन छन्

नन्दीकेश्वरका पुत्र शर्मान्द शिवलाल र
अग्निधर भए तीन भाइ विद्वान् मनोहर ॥४२२॥

जेठा शर्मान्दका यौटा लक्ष्मीकान्त भए तर
तिनका दशरथ वेदनिधि विष्णुप्रसाद र ॥४२३॥

षडानन्द र नेत्रप्रसाद कृष्णप्रसाद् भए
दशरथ ति जेठाका लेख्दछू अब जो भए ॥४२४॥

दशरथ ति जेठाका दामोदर जनार्दन
उपेन्द्र देविदत्तै यी चार थे वंशका धन ॥४२५॥
वेदनिधि ति माहिला तिर केन्द्रप्रसाद र
हेमराज र ढुण्डीराज् तीन थे यी गुणाकर ॥४२६॥

विष्णुप्रसाद अप्ताली, षडान्द काहिला तिर
एक भाइ भए पुत्र वासुदेव ति सुन्दर ॥४२७॥

कृष्णप्रसादका जन्मे भोलानाथ् जेष्ठ पुत्र त
विद्यानाथ् माहिला जान परेवादिन छन् यि त ॥४२८॥

नन्दीकेश्वरका पुत्र माहिला शिवलालका
सन्तानहेरु सम्पूर्ण बने वासी विदेशका ॥४२९॥

अग्निधर ति कान्छाका पनी वंशहरु सब
आसाम तर्फ नै बस्छन् आसा मारे यहाँ सब ॥४३०॥

माहिला हरिकृष्णका

हरिकृष्ण पटी पुत्र बलभद्र श्रीकृष्ण र
वरपति भए तीन वंशका ती दिवाकर ॥४३१॥

बलभद्र पटी यौटा लीलाधर भए सुत
तिन्का जन्मे अवीनारान् काशीनाथ र नारद ॥४३२॥

खगेन्द्र अनि भोलानाथ् बुद्धिप्रसाद मेघराज्
जन्मे चार अवीनारान् पटी रुप गुणादि साथ् ॥४३३॥

खगेन्द्रका भए रामप्रसाद र मणीन्द्रजी
भोलानाथ् तिर नेत्रप्रसाद जन्मे सबै खुसी ॥४३४॥

काशीनाथ पटी जन्मे लोकनाथ ति एउटा
देखिन्छ मुखमा तिन्का चन्द्रमाको सरी छटा ॥४३५॥

कान्छा नारदका बुद्धिप्रसाद् चिन्तामणि अनि
ब्रजनाथ्, ईश्वरी भन्ने जेठीमा जन्मिए यिनी ॥४३६॥

छत्रप्रसाद ढुण्डीराज् कान्छीका पुत्र हुन् दुई
परेवादिनमा बस्छन् यिनीहरु सुखी भई ॥४३७॥

माहिला श्रीकृष्णको वंश

टीकाराम भए यौटा श्रीकृष्ण माहिला तिर
तिनका जति सन्तान बस्छन् आसाम गै पर ॥४३८॥

वरपति पटी जन्मे नरपति मनोरथ
दुवैले पितृको पारे परिपूर्ण मनोरथ ॥४३९॥

जेठा नरपतिका

धनपति, भवानीशङ्कर औ सिद्धिकर्ण यी
तीन भाइ भए छोरा जेठा नरपती पटी ॥४४०॥

धनपति पटी एक कृष्णप्रसाद जन्मिए
भवानीशङ्करै तर्फ तेजप्रसाद जन्मिए ॥४४१॥

तेजप्रसादले मारे आशा यो जन्मभूमिको
परिवार बने सारा अभ्यागत विदेशको ॥४४२॥

सिद्धिकर्ण ति कान्छाका पुत्र रुद्रप्रसाद् अनि
पुष्पप्रसाद रेवतीरमण तीन थे यिनी ॥४४३॥

यी तीन भाइका वंश भए जति समुद्भव
धनकुटा पाखिवास्को फाड्दुवा बस्छन् सब ॥४४४॥

कान्छा मनोरथै तर्फ रामनाथ् एउटा भए
रामनाथ पटी पुत्र जानीन कति के भए ॥४४५॥

जनमेजयका पुत्र सा. ऋषिका

ऋषिका लच्छिमन् इन्द्रलाल र चन्द्रलाल् अनि
पद्मलाल र वृद्धिलाल् लीलाधर भए यिनी ॥४४६॥

लच्छिमन्का हिरालाल कृष्णलाल टिकादत
नरपति भए चार वंश फैलाउने सुत ॥४४७॥

हिरालाल ति जेठाका दुइटा पुत्र जन्मिए
अनन्तलाल जेठा हुन् कान्छा ता देविभक्तथे ॥४४८॥

अनन्तलालका जन्मे जेठीमा तोयनाथक
वेदनिधि र दीनानाथ तिनोटा कुलदीपक ॥४४९॥

तोयनाथपटी यादव्प्रसाद् आदि भए सुत
क्षत्री पुत्री पटी कर्णबहादुर् आदि छन् सुत ॥४५०॥

देवीभक्त ति कान्छाका वीर्यबाट भए यिनी
ती ईश्वरीप्रसाद् योगप्रसाद् यज्ञप्रसाद् अनि ॥४५१॥

जेठा चाहिं ईश्वरीका श्री हेमचन्द्र पुत्र हुन्
दुइ भाई पटी वंश हुनेवाला अवश्य छन् ॥४५२॥

माहिला कृष्णलाल् तर्फ जन्मिए चार भाइ ता
तिनोटा जान अप्तारी कान्छा देवीचरण् ति ता ॥४५३॥

टीकादत्तपटी जन्मे मोहन्लाल र लाल्मणि
टोमनाथ समेत् तीन भाइ ती वंशका मणि ॥४५४॥

जगन्नाथ र शान्तीराम् जन्मे नरपतीजिका
नाम अन्सार छन् काम प्रिय छन् सब लोकका ॥४५५॥

विष्णुप्रसाद देवेन्द्रप्रसाद् नेत्रप्रसाद् अनि
ढकप्रसाद टङ्कप्रसाद् जगन्नाथका यिनी ॥४५६॥

लक्ष्मीप्रसाद् दयाराम शान्तिराम् तिर जन्मिए
लच्छिमन्का यि हुन् वंश लेखें ऐले ति जो भए ॥४५७॥

ऋषिपुत्र माहिला इन्द्रलालका

कल्याणी श्रीमती दोटी थिए ती इन्द्रलालका
देवीचरण भन्ने यी जन्मे जेठा पियारिका ॥४५८॥

बलभद्र नीलावर्ग टीकाराम यिनै तिन
देवीचरणका छोरा हुन् भन्ने मनमा गुन ॥४५९॥

बलभद्र भए बूढा सन्तानै नभई कन
आफ्नू कर्म थियो त्यस्तै भोग्छन् कर्म सबै जन ॥४६०॥

करुणाकर मुक्तिनाथ, लीलानाथ यिनै तिन
लीलावर्ण पटी जन्मे, पुत्रै हुन् सब का धन ॥४६१॥

टीकाराम ति कान्छाका जन्मे विष्णु प्रसाद् अनि
कुल प्रसाद औ नेत्र प्रसाद, जन्मे गुणी गुणी ॥४६२॥

इन्द्रलालका कान्छी पटी

कान्छी पटी छवी लाल भन्ने यौटा भए छन
तिन्का कुलप्रसाद् टीकाराम शिवप्रसाद् हुन ॥४६३॥

ऋ. पु. सा. चन्द्रलालका

चन्द्रलाल पटी पुष्पलाल र ध्रुवलाल् अनी
जनखलाल जन्मे यी श्रुत शीलादिका धनी ॥४६४॥

छोराले पितृको रीण तिर्नु पर्ने उ गो कता
वास्तै नराखि त्यो रीण स्वर् गए पुष्पलाल ता ॥४६५॥

चार भाइ थिए छोरा ध्रुवलाल जिका पनि
अपुत्र को गती पाए दोटाले किनहो कुनि ॥४६६॥

अरु दोटा रघूनाथ् र गोपीलाल दुई थिए
रघुनाथ पटी तारानिधि नारान् प्रसाद् भए ॥४६७॥

गोपीलाल्का टिकाराम भीमलाल, कुल प्रसाद्
षडानन्द नन्दलाल्, जन्मे गर्ने ती कुलको प्रासाद् ॥४६८॥

टीकाराम परीवार साथ आसाममा गए
नेपालको छ के वास्ता इष्ट मित्र उहीं भए ॥४६९॥

भीमलाल्का गणेश एक जेठीमा पुत्र देखिए
राम्री कान्छी पियारीमा तोय नाथ् एउटै भए ॥४७०॥

कुल प्रसादका लेखनाथ र दधिराम् अनि
अर्का कान्छा पनी छन् रे नाम हीन भए तिनी ॥४७१॥

षडान्दका भए पुत्र दुइटा कुलका लता
जेठा हुन् डम्मरु वल्लभ् कान्छा रामप्रसाद ता ॥४७२॥

ऋ. पु. काहि. पद्मलालका

पद्मलाल्का भए यौटा हीरालाल तिनका पनि
बलभद्र र धर्मान्द मोतिलाल् ब्रह्मलाल् अनि ॥४७३॥

बलभद्रजिका जन्मे जेठी श्रीमतिमा तिन
त्रिलोचन र ठाकुर प्रसाद रुद्र प्रसाद्, हुन ॥४७४॥

कान्छी पनि पियारीमा तिनोटा जन्मिए सुत
हेला हुन्छन् सबै जेठी पटिका जति छन् सुत ॥४७५॥

मा. धर्मानन्दका जन्मे थरि प्रसाद एक यी
चूडामणि र शिव्लाल मोतिलाल्का भए दुई ॥४७६॥

ऋ. पु. अन्तरे वृद्धिलालका

पाँच थे वृद्धिलाल् तर्फ छविलाल हरि अनि
जगन्नाथ र होमप्रसाद कृष्णप्रासाद् यिनी ॥४७७॥

भगीरथ हिरालाल रघुनाथ यि तीन ता
छविलालजिका पुत्र हुन् भन्ने जान आज ता ॥४७८॥

भगीरथ पटी यौटा काली प्रसाद मात्र छन्
हीरालाल पटी छोरा षडान्द आदि चार छन् ॥४७९॥

रघुनाथ ति कान्छाका नोहन्लाल् आदि चार छन्
बडो आनन्दका साथ कोराडै यिनि बस्तछन् ॥४८०॥

हरि प्रसाद माहीला तर्फ लक्ष्मीप्रसाद् अनि
टीकाराम त्रिलोचन् र रामप्रसाद थे यिनी ॥४८१॥

नारान्प्रसाद आदी छन् तीन लक्ष्मीप्रसादका
चार भाइ भनी जान ति टीकाराम तर्फका ॥४८२॥

साहिला ति जगन्नाथका नन्दलाल् श्रीप्रसाद् भए
नन्दलाल्का दुईटा श्रीप्रसाद्का एक जन्मिए ॥४८३॥

हीमप्रसादका जान श्रीमती दुइटी हुन
भूदेव पुत्रिमा पुत्र अहिले तिनटा छन ॥४८४॥

क्षत्री पुत्री पटी टङ्क बादुर चन्द्र बादुर
ऋषि बादुर् घमण्ड बादुर् वीरबादुर थे विर ॥४८५॥

यी सबै क्षत्रिको वंश छथर आडदिम् महाँ
बसोवास गरेका छन् ढलिमलि गरी उहाँ ॥४८६॥

कान्छा कृष्णप्रसाद् तर्फ जन्मे चीरञ्जिवी अनि
तुल्सीप्रसाद गोविन्द प्रसाद केशव्प्रसाद् यिनी ॥४८७॥

तुल्सीप्रसादका वीर्यबाट शङ्करप्रसाद ती
शम्भुप्रसाद भन्ने यी जन्मिए दुइ सन्तति ॥४८८॥

ऋ. पु. कान्छा लिलाधरको निसन्तान भयो सब
कमलापतिको वंश सकें लेखेर लौ अब ॥४८९॥

साहिला कमला पतिको समाप्त

देवहरि पु. काहिला वृहस्पतिका

देवहरिजिका पुत्र काहिला हुन् वृहस्पति
अब लेख्दछु सन्तान तिनका जो सुने जति ॥४९०॥

वृहस्पतिजिका पत्नी थिए दोटी र कान्छिको
सन्तान छन् कुनै चारखोलामा त्यो इलामको ॥४९१॥

सुखिममा कुनै बस्छन् याङ्रुप थर्पु छन् कुनै
आसाममा कुनै बस्छन् रात्माटे साघु छन् कुनै ॥४९२॥

वृहस्पतिजिका जेठी पत्नीमा दुइटा भए
जेठा श्रीकृष्ण भन्ने हुन् कान्छा पुत्र बली थिए ॥४९३॥

जेठा श्रीकृष्णका यौटा बैजनाथ भए अब
तिनका जति सन्तान फेदाप बस्तछन् सब ॥४८४॥

जयमङ्गल धर्मान्द कान्छा बलि पटी भए
यिनका जति सन्तान गाँजा वारिमहाँ थिए ॥४९५॥

(कान्छी पटीका)

वृहस्पतिजिका कान्छी पटी चन्द्रमुनी अनि
जय, हरि, गजा, काशी प्रतिभान् पद्म हुन् अनि ॥४९६॥

जेठा चन्द्रमुनी तर्फ ऋषि राधा स्यमन्तक
सुदर्शन रङ्गलाल् भन्ने पाँचथे कुलवर्धक ॥४९७॥

ऋषिका जति सन्तान खत्रीहेरु भए सब
नांसालिङ ति खत्रीता ऋषिका वंश हुन् सब ॥४९८॥

राधा ती माहिलाबाट धनपति र पस्पति
वरपति र लक्ष्मीधर् भए यी चार सन्तति ॥४९९॥

स्यमन्त साहिला तर्फ डिठ्ठा ती मकरन्द र
बलभद्र भए लागे बल्भद्र भाउजू तिर ॥५००॥

जेठा मकरनन्दैका मनोरथ वसन्त र
भानुभक्त र द्यौनारान् थिए चार कुलङ्कर ॥५०१॥

चन्द्रमुनि पुत्र का. सुदर्शनका

काहिला ति सुदर्शन्का सात भाई थिए सुत
जेठाका जति सन्तान मधेस बस्तछन् सब ॥५०२॥

माहिला साहिला काहिला पटी अपुतालि भो
माधव अन्तरे जान्नु लेख्दछु तिनि तर्फको ॥५०३॥

साँघुपटिमाथि छन्

माधवका अगन्धर् र जोतीखर महेश्वर
चन्द्रलाल लिलावल्लभ् भींलाल अविकेश्वर ॥५०४॥

वृहस्पति प्रजापति भए आठ ति उत्पति
जेठा र साहिला काहिलाको भो शून्य सन्तति ॥५०५॥

माहिला जोतिखर्बाट यौटा नरपती (कालु) भए
तिन्का ओम र टीका औ निधिरत्नहरु भए ॥५०६॥

अन्तरे लिलावल्लभ् हुन् तिन्का थे श्रीमती दुई
यौटा पुत्र षडानन्द जन्मे जेठी प्रियापटी ॥५०७॥

कान्छीमा तुलसीराम द्यौदत्त नन्दलाल् भए
यिनीहरु सबै भाई बसैं आसाममा गए ॥५०८॥

जन्तरे भीमलाल्बाट गङ्गाप्रसाद जन्मिए
तिनका पनि यौटा नै ईवप्रसाद जन्मिए ॥५०९॥

खन्तरे अविकेशर्का यौटा ती भक्तिरां भए
हुन् वृहस्पति भन्ने ती मन्तरे जो विदेश् गए ॥५१०॥

कान्छा प्रजापतीबाट धर्मान्द लच्छिमन् अनि
शैषराज थिए कान्छा तीन भाई भए यिनी ॥५११॥

सुदर्शनजिका पुत्र जन्तरे मनरथ तिर
छोरा धनपती भन्ने यौटा मात्र भए तर ॥५१२॥

धनपति जिका पुत्र मधुसूदन् हरिप्रसाद्
पस्पतिनाथ टीकाराम् अन्त र हुन भींप्रसाद् ॥५१३॥

लक्ष्मीनारान कूबेर सात भाइ भए यिनी
भविष्यलाइ पर्खन्छन् यिनका सन्तती तिनी ॥५१४॥

चन्द्रमुनि पुत्र रङ्गलालका

नरहरि रमानाथ विनोद अन्तु चार यी
रङ्गलालजिका पुत्र भन्ने जान सखे तिमी ॥५१५॥

वृहस्पतिजिका छोरा माहिला जय धर्मको
मुख नदेखि छोराको वास भो स्वर्गतर्फको ॥५१६॥

साहिला हरिलाल् तर्फ बीर्जमोहन जन्मिए
वीर्जमोहन्पटी शिव्लाल लक्ष्मी नारान् दुई भए ॥५१७॥

शिवलाल्का यिनै दाता, धर्म, प्रसाद तीन थे
यिनीहरू सबै चैनपूर कोक्सा महाँ थिए ॥५१८॥

लक्ष्मीनारान कान्छाका कमलापति भीमलाल्
शशीधर भवानी औ नर सुन्दर पुत्र पाँच ॥५१९॥

कमलापति जेठाका नरेन्द्र होमनाथ् अनि
रघुनाथ र लोक्नाथ चार पुत्र भए यिनी ॥५२०॥

नेपाल जननीलाई मायामारेर यी सब
देश भारतमाताको निकाशी बस्तछन् अब ॥५२१॥

माहिला भीमलाल्बाट दुइटा पुत्र जन्मिए
टीकाराम ति जेठा हुन् कान्छा रामप्रसाद् भए ॥५२२॥

साहिला शशिधर् तर्फ निसन्तान भनी बुझ
काहिला ति भवानीका पुत्र हुन् धरणीधर ॥५२३॥

टीकाराम उमानाथ तीन भाइ भए सुत
साँघु तुम्बे महाँ वास गर्दछन् अहिले यि त ॥५२४॥

भएनन् अहिले सम्म छोरा नरपती पटी
यिहुन् कान्छा निकाशीमैं बस्तछन् यिनि हर्घडी ॥५२५॥

वृहस्पतिका पुत्र साहिला

साहिला हरिलाल् (काशिनाथ्) तर्फ बालु र गोपिकृष्ण थे
काहिला ती गजाधर्को नाती सुन्माइमा थिए ॥५२६॥

अन्तरे प्रतिमन्का थे अर्द्धाङ्गिनीहरू दुई
लक्ष्मीकान्त भए पुत्र जेठी ती गृहिणी पटी ॥५२७॥

सेतु श्रीकान्त र श्रीलाल् प्रेमलाल (पदं) पिताम्बर
पाँच भाइ भए छोरा कान्छी प्रियतमा तिर ॥५२८॥

लक्ष्मीकान्तजिका यौटा मनोरथ् जेठिमा भए
कान्छीमा नन्दलाल् मङ्गल् दुइटा पुत्र जन्मिए ॥५२९॥

सेतुका हेमलाल् नारद् वेदु भन्ने थिए तिन
जेठा ती हेमलाल्तर्फ कृष्णलाल् चन्द्रलाल् गन ॥५३०॥

वृहस्पतिजिका पुत्र कान्छाहुन् ति (पदम्) पिताम्बर
सासुको योनि पीयारो माने लागे उतै तिर ॥५३१॥

भए सन्नेसि कान्छा ती पदंका (पीताम्बर) सन्तती सब
दार्जेलिङ्को डोबाटेमा बस्तछन् तिनिता अब ॥५३२॥

काहिंला वृहस्पतिको समाप्त

कान्छा कृष्णपतिवंश

कान्छा कृष्णपती तर्फ पुत्र विद्यापती अनि
तुलसीराम उदैनारान् रामापति भए यिनी ॥५३३॥

जेठा विद्यापतिको वंश

कुसुमाकर वेलास ती विद्यापतिका भए
कुसुमाकर ति जेठाका जम्मा ता सात जन्मिए ॥५३४॥

श्रीकान्त दधिरां अर्का मधु र प्रेमलाल अनि
तथा पशुपति तारा जन्मिए रविलाल पनि ॥५३५॥

जेठा श्रीकान्तका

जेठा श्रीकान्तका पुत्र दाताराम र देवऋषि
जन्मे दोटा र पण्डित् थे जेठा चाहिं ति देवऋषि ॥५३६॥

हरिलाल तुलाराम दातारामपटी भए
हरिलाल्का दयारां थे अप्तालि दुइटै भए ॥५३७॥

यौटा भाई दयारांका भाट पुत्री पटी छन
नाम चित्रबहादुर हो ती ता आसाममा छन ॥५३८॥

कान्छा देवऋषीबाट वासुदेव एउटै भए
गरी मावलि आधार मादी बिर्ता पटी गए ॥५३९॥

वासुदेव्का भए पुत्र गायत्री लेखनाथ र
देवीप्रसाद अर्का छन् कान्छा पनि पिता तिर ॥५४०॥

कुसुमाकरका छोरा माहिला दधिरामले
अपुत्रको गती पाए गऱ्यो त्यस्तै स्वकर्मले ॥५४१॥

साहिला मधुका चन्द्रलाल र नन्दलाल् भए
चन्द्रलाल पनी तेस्तै अपुत्र गतिमा गए ॥५४२॥

नन्दलाल ति कान्छाका मुडुले मनरथ् अनि
गङ्गाराम र भींलाल हरिलाल थिए यिनी ॥५४३॥

मुडुले मनरथतर्फ निसन्तान भयो सब
आसामको लिईबाटो अरुभाइ हिंडे अब ॥५४४॥

चामु भन्ने भए यौटा पुत्र ती प्रेमलाल पटि
सन्तान क्वै नभै लागे ति पनी स्वर्गनै पटि ॥५४५॥

अन्तरे पस्पतिको (बाझोगरा)

अन्तरे पस्पती तर्फ जनख्लाल् बलभद्र ती
दुई भाइ भए पुत्र तिनका हेर सन्तति ॥५४६॥

जनख्लालजिका पुत्र गङ्गाराम त्रिलोचन
श्रीवेलास समेत् जम्मा तीन भाइ भनी गन ॥५४७॥

गङ्गाराम पटी एक जन्मे पुत्र प्रजापति
ओदाल् गडीमहाँ बस्छन् तिनका जति सन्तति ॥५४८॥

उहींनै छन् ति माहिला त्रिलोचनजिका पनि
कान्छा चाहिं श्रिवेलास्का ति यादव प्रसाद् अनि ॥५४९॥

रामचन्द्र उमानाथ तीन भाइ थिए यिनी
रामचन्द्र छ आसाम, उमानाथ् छ पहाड् अनि ॥५५०॥

यादव्प्रसादका गङ्गाप्रसाद् टङ्कप्रसाद हुन्
त्यो आठराइ बाझोगरामा यी दुइ बस्तछन् ॥५५१॥

कान्छा ती बलभद्रैका आसां मानसमा गई
बस्तछन् सब सन्तान अत्यन्तै ती सुखी भई ॥५५२॥

अन्तरे जन्तरे तर्फ अप्ताली सन्तती भए
हेर्नुहोस् अब कान्छा ती रविलाल् तर्फ जो भए ॥५५३॥

कान्छा रविलालका

रविलाल पटी गौरीकान्त नरहरी अनि
यज्ञनिधि र जैकृष्ण अर्कलाल् अनिरुद्ध यी ॥५५४॥

पाँच भाइ थिए पुत्र जेठा श्री गौरिकान्तका
जेठी तिर भए एक पुत्र श्रीहर्क नामका ॥५५५॥

श्रीहर्कबाट जन्मीए जयप्रसाद् वृहस्पति
लक्ष्मी, कुलप्रसाद् चारै भए सुन्दर सन्तति ॥५५६॥

जयप्रसादका लीलानाथ गोविन्दलाल् भए
छोरा बाबु सबै ऐले मधेसतिर नै गए ॥५५७॥

वृहस्पति त माहीला, छोरी एक थिइन् अरे
लक्ष्मीप्रसाद साहीला बेपत्ताभै हिंडे बिते ॥५५८॥

कुलप्रसाद कान्छाका जेठा पद्मप्रसाद र
रूपनारान माहिला हुन् जादै छन् यी मधेस् तिर ॥५५९॥
साहिला प्रेम, काहिला फणीन्द्र, अनि माधव
सर्दारको महावंश फैलँदैछ निरन्तर

कान्छी पटी गौरीकान्तका

कान्छी तिर रमाकान्त भन्ने जेठा थिए अनि
रुद्रप्रसाद् थिए कान्छा दुइटा जन्मिए यिनी ॥५६०॥

रमाकान्त पनी दोटा पुत्रका नै भए धनी
मनोरथ थिए जेठा कान्छा नरपती अनि ॥५६१॥

मनोरथ्का पनी दोटा कान्छी पत्नी पटी छन
माधवप्रसाद् ओझ्नाथ अझै होलान् अरु भन ॥५६२॥

कान्छा रुद्रप्रसाद्बाट देवनारायणै अनि
रामप्रसाद रवीरत्न जेठी तर्फ भए यिनी ॥५६३॥
कान्छीमा एउटै पुत्र नाम हो प्रिय केशव

दोटी छन् श्रीमती देव नारायणजिका पनी
वेणुप्रसाद जेठीमा दोटा मात्र भए यिनी ॥५६४॥

कान्छी चहिं पियारिमा जन्मे ती शान्तिराम र
पीताम्बर र सूर्यप्रसाद होलान् अझै तर ॥५६५॥

नरपति ति माहीला सानैमा स्वर्गमा गए
र यज्ञनिधि ति साहीला तिर प्रजापती भए ॥५६६॥

प्रजापतिजिका पुत्र रवि-कपिल मात्र थे
सुम्पिई घरको भार पुत्रमा, स्वर्ग ती गए ॥५६७॥

जैकृष्णका मकर्नन्द प्रेमप्रसाद् भवानी यी
तीन भाइ थिए लागे सबै आसाम तर्फ यी ॥५६८॥

अन्तरे अर्कलाल् तर्फ भएनन् सन्तती कुनै
दैवी गति बुझी शक्नु छैन जान्दैन यो कुनै ॥५६९॥

कान्छा अनिरुद्धका

बराल पुत्रि पद्मामा कान्छा ती अनिरुद्धका
बैजनाथ भएँ यौटा छोरो लेखक वंशका ॥५७०॥

पत्नी गौतमकी पुत्री यमुनादेविनामकी
सुन्दरी शीलसम्पन्ना श्रीमती बैजनाथकी ॥५७१॥

तिनीबाट भए विश्वनाथ डम्मरुवल्लभ,
योगेश्वर हरीकृष्ण, एकराज्, मित्रराज् (विज्ञान) सुत ॥५७२॥

विश्वनाथ ति जेठाले नव्यन्याय लिईकन
गरे आचार्यमा पास तकमा छन् ति नीपुण ॥५७३॥

त्यो काशी विश्वविद्यालयको र महेन्द्रको
स्वर्ण पदक दोटाले गर्छन् उज्ज्वल नामको ॥५७४॥

माहिंला डम्भरुवल्लभ् प्राचीन न्याय शास्त्रमा
आचार्य पहिलो खण्ड पास छन् बुझ हालमा ॥५७५॥

योगेश्वर ति साहीला काहिला हरिकृष्ण ती
साहित्य शास्त्रि गर्ने भै पढ्दै छन् ती जतीतति ॥५७६॥

उत्तरमध्यमा ग्रन्थ पढ्दैछन् एकराज ती
प्रथमा त्यो परीक्षामा पढ्दैछन् मित्रराज (विज्ञान) ती ॥५७७॥

छ भाइ नै भए विद्वान् शान्त सुन्दर सद्गुणि
ति कृष्णपतिको वंश बन्यो लौ शिरको मणि ॥५७८॥

कान्छा वेलासको वंश

कान्छा वेलासका पुत्र सेतु र नन्दलाल् अनि
धरणीधर् अनीरुद्ध चार भाइ भए यिनी ॥५७९॥

जेठा ती सेतुको वंश इलाम हुतुलूङमा
बसोवास गरेकाछन् सुखैले के छ विश्वमा ॥५८०॥

माहिला नन्दलाल् वंश होडाका जान हुन् भनि
साहीला धरणीधरका छन् इलां हुतुलुङ् अनि ॥५८१॥

कान्छा ती अनिरुद्धैले जैसी कन्या बिहे गरे
तिनका सब सन्तान सुखिं चित्लाङ छन् अरे ॥५८२॥

चित्लाङे जैसी

अनिरुद्ध पटी जेठा तुलसीराम जन्मिए
गङ्गाराम् तिनका जन्मे तिन्का धनपती भए ॥५८३॥

हेमलाल् तुलसी राम धनपतिबाट जन्मिए
हेमका पुत्र दिल्ली औ जय मात्र दुई भए ॥५८४॥

डिल्लिराम् तिर शिवलाल विष्णुप्रसाद दुइ थे
जय प्रसादका यौटा जीव प्रसाद पुत्र थे ॥५८५॥

धनपति पुत्र तुलसीरामका

तुलसीरामका एक विष्णुप्रसाद पुत्र छन्
यिनीहरु सबै चैनपूर चित्लाङ बस्तछन् ॥५८६॥

भक्तिवेलास कान्छा हुन् अनिरुद्ध पटी सुत
निधु भर्तु र लच्छूमन् तिनका जन्मिए यि त ॥५८७॥

निधुका काशिनाथ दाताराम र मित्रलाल् अनि
रूपनारान समेत् चार सन्तान जन्मिए यिनी ॥५८८॥

काशीनाथ ति जेठाका हरिनाथ विष्णुलाल् भए
दाताराम् अन्तरे तर्फ चारोटा पुत्र जन्मिए
खन्तरे मित्रलाल्बाट अझ पाँच् भाइ नै भए ॥५८९॥

भर्तुका अविचन्दै र डिल्लिराम महेश्वर
दशरथ्का डिल्लिराम मोतीलाल् अग्निधर् चर (क)
कृष्णप्रसादका दुर्गाप्रसाद एउटा भए
यिनीहरु सबै साँघुबाट चित्लाङमा गए (ख)
कान्छी तिर ति वेलास्का लट्टेजैसी भए अनि
ताप्लेजुङ् हाङदेवाको वारिधाप् बस्तछन् तिनी ॥५९०॥

विद्यापतिका ल्याइते पटिका

ल्याइते तिरका विद्यापतिका अरु सन्तति
सुन्दरे अनि ता काले भन्ने थे दुइ खत्रि ती ॥५९१॥

सुन्दरेका सरूपे र ललिते दुइ थे यिनी
सरूपे तिर अैमाने यादि तीन थिए तिनी ॥५९२॥

अैमानेका थिए दोटा पुत्र वीर अती सुर
सेर बादुर जेठा हुन् कान्छा ता भीमबादुर ॥५९३॥

सेर बादुरका यौटा भक्तबादुर पुत्र थे
भक्तबादुरकै पुत्र दधि सन्तानमा चुके ॥५९४॥

ललितेका पनी जन्मे अजगुत् अनि डम्मर
अजगत्का भए दीलराज भन्ने बडाविर ॥५९५॥

दीलराज्का ति टेक्नाथ श्रीप्रसाद भए अनि
देवीप्रसाद कान्छा हुन् ताम्राङ वस्तछन् यिनी ॥५९६॥

डम्मर् बादुरका एक कालीबादुर जन्मिए
यी पनी जन्म भूमि त्यै ताम्राङ वासिनै भए ॥५९७॥

*कृष्णपति पु. मा.
तुलसीरांका आठराई भित्रियामा छन्

माहिला तुलसीरांका नन्दलाल् एउटा भए
नन्दलालजिका श्यांलाल् प्रभाकर् लच्छिमन् भए ॥५९८॥

जेठा ती श्यामलाल्बाट गोविन्द एक जन्मिए
गोविन्दका पनी यौटै पुत्र वेदनिधि भए ॥५९९॥

षडानन्द जनख्लाल, चन्द्रप्रसाद, यी तिन
जन्मे वैदनिधि तर्फ भन्ने यो मनमा गुन ॥६००॥

कृष्ण, नारान औ राम पुत्र षडान्दका भए
माहिलाका पनि पुत्र छन्, कान्छा ता मधेस् गए ॥६०१॥

कान्छो चुनपुरा गयो

षडानन्द र जैनारान् वेदनिधि पटी भए
माहिला ति प्रभाकर्का दुइटा पुत्र जन्मिए ॥६०२॥

जयनारानका पुत्र जेठा धनपती तिर
भक्तिवेलास जेठा हुन् छन् कान्छा पनि ईतर ॥६०३॥

गणपति भए एक भक्तिवेलासका सुत
भक्तिवेलासका लक्ष्मीप्रसाद सोमनाथ त
तारानाथ र नित्यान्द भोलानाथ्, मेघनाथ्, अनी
मनहरी, भए सात पुत्ररत्न बडा गुणी ॥६०४॥

रमितेका उदैनारान पु. मा जयनारानका

जयनारानका छोरा माहिला प्रतिमन् तिर
कृष्णलाल, भए एक कृष्ण झैं श्याम सुन्दर ॥६०५॥

कृष्णलाल्का पटी छोरा बाबु जस्तै गुणी भए
लीलावल्लभमा, जेठा हुन्, जयधर्म कनिष्ठ थे
लीलावल्लभका पुत्र महान्द, मनरथ्, अनि
चन्द्रप्रसाद जीव्नाथ, चार भाई भए यिनी ॥६०६॥

महान्दका भए यौटा जयनारान जेठिमा
प्रेम प्र., युवराज्, स्थानेश्वर जन्मे ती कान्छिमा ॥६०७॥

मनोरथ् माहिला तर्फ नमोनारान, जीवनाथ्,
दुइटा जन्मिए छोरा बढे ती गुणशील साथ ॥६०८॥

चन्द्रप्रसादका धर्मप्रसाद, डिल्लिराम्, अनि
कुलप्रसाद, जीव्नाथ, चार पुत्र थिए यिनी ॥६०९॥

लक्ष्मीनारानका गङ्गाधर धर्मान्द यी अनि
छविलाल षडानन्द मधुसूदन थे यिनी ॥६१०॥

गङ्गाधरजिका एक जैनारान भए तर
जैनारान्बाट भक्तिप्रसाद हरिप्रसाद र
कोमल्प्रसाद नरेन्द्रप्रसाद पद्मप्रसाद् अनि
पुण्यप्रसाद् समेत् जम्मा छ भाइ जन्मिए यिनी ॥६११॥

धर्मानन्दजिका एक भानुभक्त भए सुत
तिन्का पनि हरीनारान् भन्ने यौटै भए सुत ॥६१२॥

शिवलाल, भए एक छविलाल पटी पनि
शिवलाल्का भए केदार्नाथ, पद्मप्रसाद्, अनि ॥६१३॥

काहिला ति षडानन्दबाट कुबेर्प्रसाद् भए
तिनीबाट हरीभक्त, शान्तिप्रसाद्, दुई भए ॥६१४॥

खुजानन्द र धर्मान्द तथा भीमप्रसाद् अनि
धर्मप्रसाद, यी जान मधुसूदनका भनि ॥६१५॥

अरुका हुन बाँकी छन् साहिला भिंप्रसादका
ती महेन्द्रकुमार् भन्ने एक छन् बीज वंशका ॥६१६॥

आठ्राई भित्रिया भन्ने ठाउँमा बस्तछन् यिनी
लेखें मैले सुनेसम्म तुलसीरामका यिनि ॥६१७॥

कृष्णपति पु. सा. उदैनारानका

उदैनारानका अक्षेत्, जैनारान र ईश्वर,
तीन भाइ भए छोरा वंशविस्तार कारक ॥६१८॥

माहिला जयनारान्का धन्पति, प्रतिमन्, अनि
वृधु, मधु, र वालू औ लक्ष्मीले छ भए यिनी ॥६१९॥

जेठा धनपती बाट जेठा विद्यापती भए
कान्छा ता सिद्धिकर्णै हुन् दुइटा मात्र जन्मिए ॥६२०॥

जयनारान् पु. मा. प्रतिमनका

माहिला प्रतिमन् तर्फ कृष्णलाल, विरू, अनि
महेश्वर, थिए पुत्र तीन भाइ असल यिनी ॥६२१॥

माहिला विरुको वंश आसां तर्फ सबै गयो
महेश्वर ति कान्छाको भने अप्तालिनै भयो ॥६२२॥

साहिला वृधुका पुत्र चामु आदि थिए अनि
काहिला मधुका छोरा चार भाइ थिए तिनी
अन्तरे बालुका पुत्र भगिरथ्, विरु, आदिथे ॥६२३॥

अब कान्छा रामापतिका हेर

कान्छा रामापतीबाट षडानन्द भए अनि
नयनान्द, सदानन्द, तीन पुत्र थिए यिनी ॥६२४॥

हाम्रा पूज्य र मान्य शिष्ट जुन ती जेठा षडानन्द थे
तीनैले सब मन्त्र तन्त्रहरुको शक्ती लिएका त थे
हामीले नचिताइ शक्नु पनि कां ती मन्त्रले गर्दथे
संझी छक्क परिन्छ काम तिनको पीछे हुने जान्दथे ॥६२५॥

चाँगेमा उहिले कुनै दिन निरौलाले गरे द्यावली
डाके देवबली मनाउन गए साथै षडूलाइ ली
आपुस्मा गफगाफ् हुँदा हुँदि निरोलाले भनेछन् अनि
ख्वाई हो भटराइको बुझतिमी ख्वाई त हाम्रो भनि ॥६२६॥

ठीकै भन्नु भयो तपाइँहरुको ख्वाई, म खञ्च्वा भनि
दोटा साथि लिई षडान्दजि बसे भात् खानलाई भनि
खाँदै थे तिन भाइ एक मुरिको भात् मासु निख्यो अरे
भुल्भो बोलन माफ्दिनू गुरु भनी पाऊ महाँ ती परे ॥६२७॥

गफ-गाक् गर्न भने खुसी अति थिए गर्दैन थे काम यी
संझाई तिनलाइ एक्दिन भनिन् माताजिले वात यी
वर्षाभो अब दाउरो घरमहाँ क्यै छैन झीजो पनि
ए नानि कति डुल्दछौ दिनदिनै बीत्यो सबै काम् पनि ॥६२८॥

घोडा नोकर शास्त्र युवती मन्त्री र मन्त्रै हरू
स्वामीकै अनुसार हुन्छन भनी भन्छन् ति विद्वान्हरु
तीमी काम महाँ प्रवृत्त नभए होलान् कसोरी अरु
तस्मात् बूढि भए पनी म तरुणी झैं गर्दछू के गरुँ ॥६२९॥

मैले अल्छि गरे यिनीहरु पनी अल्छीनि होलान् भनि
पैलेनै म उठी उठाउँछु अनी उठ्छन् बुहारी पनी
कत्रो खर्च र कष्टभो यिनिहरु वीवाह गर्दा पनि
शिक्षा अर्ति नभै सडे यिनि भने इज्जत् कहाँ गो अनि ॥६३०॥

आफ्नूमाल सपार्नु आफइँ अरुलाई नदोष्नू पनि
शिक्षाले पशु हुन्छ शिक्षित भने हूनेछ मानिस् पनि
कुट्न पिध्नु र पानि भात घरको साफी सुघर् कामले
एक्छिन् बस्न टुसुक्क फुर्सद पनी पायिन्न ती नारिले ॥६३१॥

सारा काम छ नारिकै शिरमहाँ घर्को जती पर्दछ
यस्ती उस्ति भनेर फेरि तिनले ट्वाक् ट्वाक् पनी खानुछ
मालिक्ले व्यवहारका चिजहरू ठिकठाक पारी दिए
नारीले खुसि साथ काम सरलै मानेर गर्ने थिए ॥६३२॥

सासू हूँ मइले बुहारिहरुको दुख्देखनू पर्दछ
खान् पिन्मा पनि धेर दृष्टि तिनमै मैले दिनू पर्दछ
छोरी कुन् र बुहारि कुन् यि दुइमा एकै भनी ठान्दछु
देखें भेद भने अवश्य पनि कुम्भीपाकमा पर्दछु ॥६३३॥

पऱ्यो कष्ट यिनेरुमा यदि भने रुनेछ मेरो मन
छैनन्ता यिनि बस्न सक्तिन मता शून्यै भई एक्छिन
जो-जो कां व्यवहारको छ उ सबै झट्टै विचारी गर
आफ्नू काम समालि डुल्नु छ भने डुल्ने अनीता गर ॥६३४॥

आमाको सुनिवात काट्तछु भनी काट्ने भए दाउरा
गाऊँमा पसि सोह्र सत्र तिनले जम्मा गरे बञ्चरा
भोलीपल्ट गरेर भोजन चले एक्लै लिई बञ्चरा
जङ्गल्मा पसि भूत डाकि थलनी काट्ने गरे दाउरा ॥६३५॥

हाँसी हाँसि र उफ्रि उफ्रि बलले हाँ हाँ र हूँ हूँ गरी
देखाई बल काट्तथे भुतहरू दाउरा बडो जोड गरी
यौटै मात्र छ हात कोहि भुतको क्वैको त एक् पाउ छ
आँखा कूममहाँ छ छैन शिरता क्वै भूत अद्भूत छ ॥६३६॥

काखीमा छ पुवाल कोहि भुतको नारीसरी छन् कुनै
कोही छन् पुरुषै सरी अनि कुनै हाँस्छन् र रुन्छन् कुनै
सीमा बन्धनमा थिए भुतहरू स्वामी षडानन्दकै
सीमा पर्तिर जान खान तिनमा थीएन आज्ञा कुनै ॥६३७॥

पाच् सात् पाथि मकै भुटेर वनका मुख्मा लगी राखनू
आँफै आइ म लान्छु भित्र वनमा कोही न वाँ आउनू
यस्तो बात जहानलाई घरमा पैल्यै भने त्यो सुने
पुऱ्याइन् ति बुहारिले पनि उहीं जेठाजुले जाँ भने ॥६३८॥

आए ब्यारि बिदा गरे, लगि दिए भूत्लाई खाजा अनि
मन्मा भो ति बुहारिका अब बुझौं को छन् ति काट्ने भनि
जेठाजू वनमा पसेपछि पसिन् वन्भित्र फर्की तिनी
सीमाना परि जान साथ भुतले मारेर खाए अनि ॥६३९॥

खाजामा मुखमा ति भूतहरुका देखी रगत् झस्किई
हेर्छन्ता ति बुहारिको रगतपो देखे सकेको पिई
पश्चात्ताप भयो ठुला ति षडुमा देखेर तेस्तो गति
छोडे त्यो पनि काम विज्ञजनको फर्कन्छ झट्टै मति ॥६४०॥

आफ्नू बारिमहाँ थिए रुख दुई चीलाउने तीनमा
भ्याट् भ्याट् शब्द सुने षडानन जिले क्वै कालमा साँझमा
कस्को काल बसेछ भोलि कुन हो मर्ने छ भन्दै गरे
आए लिम्बु दुई दुवै रुख छिने थिच्यो रुखैले मरे ॥६४१॥

केही कारण बाह्रका ति शिवशर्मा ती रिसाए छन
भोली देवबली छ साँझ परिगो धामी कहाँ छन् छन
जान्यो यो षडुले र हेर् तव शिवे तेरो निधो गर्दछु
भन्दै वालि चुलामहाँ दिप जपे भैरूङ मन्त्रैहरू ॥६४२॥

गोठ्मा पाथिभरा परी वनमहाँ भैसी दुहूँदै थिए
दुइग्रो फ्याँकि म बाह्र मण्डलि भनी कुर्लेर चाँगे पुगे
यस्ता धेर विभिन्नकाम तिनका छन् शक्ति शाली थिए
कस्तो शक्ति थियो ति मन्त्रहरुको ऐले ति कस्ता भए ॥६४३॥

षडान्दका सन्तान

षडान्दका सवर्णा श्रीमतीहेरू दुई थिए
जेठीमा पस्पती भन्ने एउटा मात्र जन्मिए
वर्पति रङ्गलाल नारद् लच्छिमन् काशिनाथ यी
पाँच कान्छी पियारीका जन्मे बर्मा बसे गई ॥६४४॥

जेठीका छोरा पस्पतिका

जन्मे पस्पतिका चन्द्रलाल र अर्कलाल् अनि
इन्द्रलाल र दाताराम् एकैनास थिए यिनी ॥६४५॥

जेठा चन्द्रलालका

चन्द्रलाल्का कुलानन्द देवदत्त दुई भए
छोरा नभै कुलानन्द स्वर्ग तर्फ बसैं गए
देवदत्त पटी यौटा रघुनाथ थिए सुत
छोडी आफ्नू जन्मभूमि, गए आसाममा ति त ॥६४६॥

अर्कलाल् माहिला तर्फ विष्णुलाल भए अनि
विष्णुलाल् तिर शान्तीराम् केदारनाथ डम्मरु अनि
प्रभाकर् रुद्रपर्साद पाँच पुत्र भए यिनी
चागेलाई रुँगेकै छन् कहिलेसम्म हो कुनि ॥६४७॥

साहिला इन्द्रलाल्बाट लक्ष्मीप्रसाद जेठिमा
श्रीकृष्ण नन्दलाल् भन्ने जन्मिए अनि कान्छिमा
दाताराम ति कान्छाका बलभद्र यी एक हुन्
तिनका सुत छैनन् है दुइटी छोरि मात्र छन् ॥६४८॥

कान्छीका पुत्र वरपतिका

दधिराम, जगन्नाथ, नरपति, मनोरथ,
चार भाई भए छोरा वरपतिजि तर्फ त
यौटा पुत्र दधीरांका जयनारान, जन्मिए
अविकेशर्, भए तिन्का बसैं ती सन्सरे गए ॥६४९॥

नन्दरां, काशिनाथ् भन्ने जगन्नाथ्का दुई भए
जेठा ती नन्दरांबाट जेठा पद्मप्रसाद् भए
माहिला भोजनाथ् जान कान्छा पूर्णप्रसाद् थिए
कान्छा ती काशिनाथ् भन्ने सन्सरेमा बसैं गए ॥६५०॥

नरपति ति साहीला तिर ता लोकनाथ्, भए
लोकनाथ त्यजी चाँगे सिङ्रि तिर बसैं गए ॥६५१॥

कान्छा मनोरथै भन्ने आसामै तर्फ लंकिए
साहिला रंगलाल तर्फ सन्तान अपुतालि भो
जैनारान्, यज्ञनीधिका नारद्बाट त जन्म भो ॥६५२॥

अन्तरे, लच्छिमन् तर्फ दुइटा पुत्र जन्मिए
जेठा हुन्, डिल्लिराम् भन्ने कान्छा गोविन्द जन्मिए ॥६५३॥

डिल्लिरांका छवीलाल भन्ने यौटा थिए सुत
चाँगे देखी बसैं हींडे आसाममा गए ति त ॥६५४॥

गोविन्दका लोकनाथ, यौटा नै पुत्र जन्मिए
लोकनाथ पटी टेकनाथ, भीमप्रसाद् भए ॥६५५॥

कान्छा ती काशिनाथ् तर्फ प्रतिमन्, रामलाल अनि,
लीलानाथ समेत् छोरा तीन भाइ भए यिनी ॥६५६॥

जेठा ती प्रतिमन्बाट लोकनाथ् एउटा भए
रामलाल् तिर रूपना, रविलाल्, यज्ञनाथ् भए ॥६५७॥

लीलानाथ ति कान्छाका, खेमनाथ् आदि पाँच छन्
मेवाखोला महाँ ऐले बसोवास ति गर्दछन् ॥६५८॥

माहिला नयनान्दका चाँगेली

नयनानन्दका छोरा, वृद्धिलाल, कपिल्मुनि,
पृथुलाल समेत् तीन हुन् भन्ने जान है यिनी ॥६५९॥

वृद्धिलाल पटी यौटा भीमलाल भए सुत
तिन्का, नरपती, लक्ष्मी, त्रिलोचन भए, सुत ॥६६०॥

सन्तान नै नभै स्वर्गे भए नरपती पनि
लक्ष्मीप्रसादका छोरा, दाताराम्, रविलाल् अनि
जयप्रसाद, विश्वेश्वर, जीवनाथ, गदाधर,
यज्ञनाथ समेत् सात भाइ भन्ने विचार्गर ॥६६१॥

वृद्धिलाल्कै गुरुङ्नीमा दत्ते भैरे भगीरथ
कान्तु भन्ने भए खत्री चार भाइ बडा विर ॥६६२॥

दत्ते भैरे दुवैमा भो अभाव पुत्र नै नभै
छोरी मात्र थिए तिन्का सुशीला सुन्दरी सबै
भगीरथ्का भए चन्द्रे दले र काजिमान् तिन
कान्छा ती कान्तुको वंश जोर्हाट गाउँमा छन् ॥६६३॥

नयनानन्दाका छोरा श्रीमान् कपिल् मुनी पटि
कमलापति, वेलास, छविलाल, भए यिनी ॥६६४॥

जेठा धनी र मानी ती कमलापतिका पनि
दधिराम र रांचन्द्र, कुलान्द, खेमनाथ्, अनिः ॥६६५॥

जेठा ती दधिरांबाट रमानाथ् दीननाथ् भए
रामचन्द्रजिका नेत्र, नारायण दुई भए ॥६६६॥

साहिला ती कुलानन्दका नरेन्द्र भए अनि
भए कान्छा खेमनाथका डम्मरू अनि मेदिनी ॥६६७॥

अपुत्रको गती पाए जो वेलास् माहिला थिए
कान्छा ती छविलाल् तर्फ तिनमा पुत्र जन्मिए
तारानाथ चन्द्रप्रसाद धर्मान्द यिनिनै भए ॥६६८॥

नन्दलाल्, तुलसीराम, नारान्दत्त र गोपिराम्,
बालाराम र डिल्लीराम् पृथु लाल्का छभाइ हुन् ॥६६९॥

छोरा कोहि नभै जेठा नन्दलाल् स्वर्ग ती भए
माहिला तुलसी रांका, होमनाथ्, श्रीप्रसाद् थिए ॥६७०॥

अप्ताली होमनाथ्को भो श्रीप्रसाद्का भए तिन
तारानिधि र गङ्गाप्रसाद, डम्मरू, यी हुन ॥६७१॥

नारान्दत्त ति साहीलाका, देवीभक्त एक थे
तिनका सोमनाथ धुर्वलाल पुष्पप्रसाद तीन् भए ॥६७२॥

काहिला गोपिरां तर्फ चन्द्रप्रसादजी अनि
गङ्गाप्रसाद देवीजी तीन पुत्र भए तिनी ॥६७३॥

बालारां अन्तरेबाट भए भीमप्रसाद ती
डिल्लिराम ति कान्छाका लोकनाथ, प्रजापति ॥६७४॥

भीम, यम तथा टङ्कप्रसाद र मकुन्द ती
सन्तानको विकास् गर्ने जन्मे छभाइ सन्तति ॥६७५॥

विष्णुभक्त, खगेन्द्रै यी जेठा लोक्नाथका भए
ति प्रजापति माहीलातर्फ ता बाबुराम् भए ॥६७६॥

भीमप्रसादका ऐले युवराज्मात्र एक छन्
अन्तरे र अनी कान्छातर्फ सन्तति भावि छन् ॥६७७॥

अब षडान्दका भाइ कान्छासदानन्दका

देवहरि प्रभाकर् यी सदानन्दजिका भए
जेठा देवहरी तर्फ श्यामलाल् एउटा थिए ॥६७८॥

परिवार लिई साथ श्यांलाल् भारतमा गए
माहिला ती प्रभाकर्का कृष्णलाल् एउटा भए ॥६७९॥

कृष्णलाल्का ति रांलाल रंगलाल् थे दुई यिनी
जेठा रांलालका तर्फ भए पुत्र कपिल्मुनि ॥६८०॥

कुबेर्, केवल, नारान तीन भाइ थिए यिनी
केवल्प्रसाद नारान्प्रसाद छन् मध्यदेश् पटि ॥६८१॥

कान्छा ती रंगलाल् तर्फ छोरा नरपती अनि
लीलानाथ र वेद्नीधि गङ्गाप्रसादजी अनि ॥६८२॥

वर्मलाल तुलसीराम महीप्रसाद् भए यिनी
सदानन्दजिको वंश लेखें जाने बुझे जति ॥६८३॥

जेठा देवहरिको समाप्त ।

उनैका भाई काहिला लक्ष्मीनारान्का ता ढाड गाउँमा छन्

लक्ष्मीनारानका छोरा प्रमान्द एउटा थिए
नारान्, दुवल् र मङ्गल् यी प्रमान्दबाट जन्मिए ॥६८४॥

जेठा नारानका

नारानका प्रभाकर् र गौरीशङ्कर दो भए
प्रभाकर्का शिवनीधि माकण्डे नन्दलाल् भए ॥६८५॥

जेठा शिवनिधीबाट धर्मान्द यज्ञजी अनि
भवानीशङ्करै भन्ने तीन छोरा भए यिनी ॥६८६॥

जेठा धर्मान्दका यौटा षडानन्द भए सुत
षडानन्दजिका दोटी श्रीमती थे विवाहित ॥६८७॥

जेठी श्रीमतिमा जन्मे यौटा श्रीलाल आत्मज
अगन्धर समेत् दुइ कान्छीतर्फ भए सुत ॥६८८॥

माहिला यज्ञनीधीका यौटा थे काशिनाथ ती
ओदाल्गडीतिरै बस्छन् तिनि ता परिवार ली ॥६८९॥

माहीला मारकण्डेका छोरा ती इन्द्रलाल् अनि
देवीप्रसाद औ विष्णू तीन भाइ भए यिनी ॥६९०॥

इन्द्रलाल्का मणीरां र गौरीकान्त थिए दुई
आसाम शुकलाईमा गए ती परिवार ली ॥६९१॥

देवीप्रसाद माहीला तर्फ ती चन्द्रलाल भए
ताप्लेजुङ् ढाड गाऊँमा बस्तछन् तिनि सुखले ॥६९२॥

कान्छा ती विष्णुलाल्बाट प्रतिमन् एउटा भए
प्रतिमन्का पनी यौटै मात्र ती जन्मिए अरे ॥६९३॥

कान्छा नन्दलालका

कान्छा ती नन्दलाल् तर्फ पुत्रहेरु भए दुई
जेठा हुन् कृष्णलाल् भन्ने कान्छा नरपती अनि ॥६९४॥

जेठा ती कृष्णलाल्बाट हेमलाल् एउटा भए
हेमलाल्का युधानाथ केदार विष्णुलाल भए ॥६९५॥

कान्छा नरपती तर्फ दुइ भाइ थिए सुत
जेठा हुन् वासुदेव् कान्छा भोलानाथ भनी बुझ ॥६९६॥

बस्तछन् अहिले कान्छा भोलानाथ निकाशिमा
नन्दलालजिका वंश यिनै हुन् जान चित्तमा ॥६९७॥

नारानका छोरा कान्छा गौरीशङ्करका

गौरीशङ्करका छोरा पद्मलाल् बलभद्र र
कमलापति भन्ने यी तीन भाइ भनी बुझ ॥६९८॥

जेठा ती पद्मलाल्बाट अगन्धर् एउटा भए
अगन्धर्का पनी यौटै विष्णुप्रसाद ती थिए ॥६९९॥

विष्णुप्रसादका वेदनिधि र भीमलाल् अनि
गोकुल्प्रसाद पूर्णान्द चार छोरा भए यिनी ॥७००॥

माहिला बलभद्रेका लोकनाथ प्रजापति
नरपति समेत् तीन जम्मिए वंश बीज ती ॥७०१॥

लोकनाथ ति जेठाका दुइटा पुत्र जन्मिए
नाङखोल्याङ गए यौटा भोटाङ्मा पर्शुरां गए ॥७०२॥

मा. प्रजापतिका

प्रजापतिजिका वीर्यबाट दो भाइ जन्मिए
जेठा धनपती जान कान्छा ता पद्मलाल थे ॥७०३॥

रत्नाकर ति कान्छाका पनी दोटै भए सुत
गदाधर थिए जेठा कान्छा हुन् श्यामलाल त ॥७०४॥

गौरीशङ्करका छोरा कान्छा हुन् कमलापति
तिनका पुत्र दाताराम् भए एकल सन्तति ॥७०५॥

लक्ष्मीनारानका छोरा हुन् दुबल् माहिला तिनी
स्वर्गेवास भए पैले छैनन् क्वै सन्तती पनि ॥७०६॥

कान्छा मङ्गलका

थिए मङ्गलका चन्द्रलाल धनपती दुई
चन्द्रलालपटी यौटा भए पुत्र षडान्द ती ॥७०७॥

षडान्दका

रामचन्द्र र पर्शूराम् प्रेमलाल षडान्दका
भए तीन मुसेक्या छन् जेठा ती रामचन्द्र ता ॥७०८॥

पाँच हुन् पर्शुरांका यी त्रिलोचन् रामलाल र
नरपति र हेंलाल हरिलाल भनी बुझ ॥७०९॥

त्रिलोचन्का थिए एक पुत्र ती त निकाशि छन्
रामलाल्का थिए यौटै मुसेक्यामा ति बस्तछन् ॥७१०॥

नरपति ति साहींला तिर तीन् भाइ जन्मिए
जेठा हुन् गोपि, माहींला अप्ताली अघिनै भए ॥७११॥

कान्छा हुन् होमनाथ् भन्ने वंशहेरू बढाउने
वेणुदत्त र मात्रीकाप्रसाद् थे गोपिका भने ॥७१२॥

होमनाथ निकाशीमा यहाँबाट बसैं गए
काहींला हेमलाल् तर्फ तिनोटा पुत्र जन्मिए ॥७१३॥

छन् मोतीलाल माहींला अप्ताली दुइटा भए
कान्छा ती प्रेमलाल्तर्फ पस्पति एक मात्र थे
तिन्का पुत्र कृष्णप्रसाद् साहींला हुन् अरू मरे ॥७१४॥

बालकृष्ण भए कृष्णप्रसाद्का एक जेठिमा
कान्छीमा चार छोरा थे बस्छन् ती लिखपानिमा ॥७१५॥

कुलप्रसाद केदार्नाथ् तथा तारानिधी अनी
पुण्यप्रसाद यी जान बालकृष्णजिका भनि ॥७१६॥

कृष्णप्रसादका कान्छी तिर देवीप्रसाद र
गङ्गाप्रसाद टीकाराम् कान्छा छन् अरका तर ॥७१७॥

माहिला दुवल्का सन्तान सुखिम छन्

माहिला ति दुवल्तर्फ एक धनपती भए
तिनका हरिलाल् भन्ने यौटा नै पुत्र जन्मिए ॥७१८॥

हरिलाल्का भगीरथ् र पुष्पलाल् शिवलाल् थिए
जेठा ती भगिरथ्बाट चार पुत्रहरू भए ॥७१९॥

जेठा थे नन्दलाल् भन्ने तुलाराम् माहिला थिए
साहिला अनिरुद्वै हुन् कान्छा नारद जी भए ॥७२०॥

यी चार भाइ मध्येमा तिन भाइहरूतिर
सन्तान हुन बाँकी छन् काहिला पुष्पलाल तिर ॥७२१॥

त्रिलोचन षडानन्द इन्द्रलाल यि थे तिन
शिवलाल ति कान्छाका विष्णुलाल् एउटा छन ॥७२२॥

ती शिवलाल बर्मामा बसैं गै कन बस्तछन्
कान्छा मङ्गलको वंश सुखिं-गान्दोक बस्तछन् ॥७२३॥

गाम्नाङे भाइको वंश लेखियो जो सुने जति
अब लेख्दछु सिन्धूले भाइका पनि वंश ती ॥७२४॥

१३ थुम मोराहाङेको

सिन्धूमा बसि पुत्र दारहरुको आत्मार्चना गर्नमा
सामाग्री परिपूर्ण केहि नमिली पीडा परी चित्तमा
आफ्ना पूज्यपिता शशीधर जिले त्यो देह छोडे जब
साथैमा परिवार लीकन बसैं धर्मान्द हीडें तब ॥७२५॥

गूरागाइँ र गौतम द्विज दुई भैंसी दुईटा अनि
थीए साथमहाँ सुरुसुरु गए पूर्वै पटी ती पनी
पूगे क्यै दिनमा ति तेह्रथुम मोराहाङ भन्ने महाँ
हाङ्सूथाङ् सँग चारदाम गरिली जगा बसे छन् उहाँ ॥७२६॥

हाङ्सूथाङ्सँग फेरि पूर्व मुसुने नाघी खुरङ्गानदी
पश्चिम् दक्षिण ता युवा र अनि ती पैरे कमेरे नदी
मेङ्ख्वा ती नदि बोक्सिमार यि दुई सीमा गरी उत्तरी
लीए फाडनु राख्नु रैति भनि त्यो भूभाग पट्टा गरी ॥७२७॥

तेत्रो भूमि लिएर फाडिकन रैती राखि भोगे अनि
आयो जाँच ति आफना जमिनमा दर्ता गरी द्यूँ भनी
तीरो तिर्न कठीन ठानि सिरिजुङ्गा लिम्बुसारी अघि
कोही कीपट पारि क्वै जमिनमा दर्ता भए आफइँ ॥७२८॥

मोराहाङ् पहरा मुनी घर थियो छोरा छ भाई थिए
तीनैका सब वंशहेरु अहिले लेख्छू जती जो भए
जेठा द्वारिकदास भिन्न भइ गै ओसिन्दुवामा बसे
माहीला प्रियदास ओलिखु जयन्ते थुम्किुमा गै बसे ॥७२९॥

साहीला तिनि रामदास र अनी ती काहिला देविदास्
सरीजूङ गई बसे ति दुइको वाहीं भयो स्वर्ग वास
मोराहाङ महा बसे ति शिवदास् जो अन्तरे हुन् तिनी
त्यै मूलै घरमा बसे बुझ तिमी श्रीकृष्णदास् ती अनि ॥७३०॥

जेठा द्वारिकादासको वंश

भए गणपती रामचन्द्र र कृष्णलाल् अनि
वृद्धिलाल ऋषी पाँच द्वारिकादासका यिनी ॥७३१॥

जेठा गणपतीबाट टीकाराम र योगराम्
दिलाराम र अङ्गीरथ् दीनानाथ मकुन्दराम् ॥७३२॥

प्रतिमन् जयनारान आठ पुत्र भए यिनी
दिक्पाल देवता आठ जस्तै सुन्दर सद्गुणी ॥७३३॥

टीकाराम पटी पुत्र दुइटा मात्र जन्मिए
रविचन्द्र थिए जेठा शिवलाल कनिष्ठ थे ॥७३४॥

रविचन्द्रजिका यौटा दशरथ भए सुत
सन्तान नै नभै कान्छा शिवलाल दिवं गत ॥७३५॥

योगाराम पटी छोरा प्रमान्द बलभद्र यी
दुइ भाई भए बस्छन् बर्मामा दुइटै गई ॥७३६॥

दिलाराम ति साहीला काहीला अङ्गिरथ् पनि
सन्ताननै नभै स्वर्गलोकका ती भए धनी ॥७३७॥

धरणीधर सिद्धि औ रमा यी तीन भाइ त
अन्तरे दीननाथका हुन् आसाम बस्तछन् यि त ॥७३८॥

जन्तरे अनि कान्छाको निसन्तान भयो अरे
खन्तरे प्रतिमान् भन्ने ताप्लेजुङतिर छन् अरे ॥७३९॥

जेठाका वंश यी जान्नु महिला रामचन्द्र ता
निसन्तान भए मर्दा सती गइन् पियारि ता ॥७४०॥

द्वा. पु. सा. कृष्णलालका

साहिला कृष्णलाल् तर्फ वसन्त र षडानन
धौनारान् पद्मलाल् रङ्गलाल पाँच भए छन ॥७४१॥

जेठा वसन्तका पुत्र छ भाइ थे ति मध्यमा
जेठा तिर हुनै बिर्से छोरानै यसलोकमा ॥७४२॥

माहिला शान्तिराम् जान हरिप्रसाद साहिला
अप्ताली काहिला अन्तरे धनञ्जय हुन् भला ॥७४३॥

दुर्गाप्रसाद कान्छा हुन् भन्ने सम्झ महाशय !
तिनका लेख्छु सन्तान हेर्दै जाउ भई लय ॥७४४॥

माहिला शान्तिराम्बाट तारानाथ त्रिलोचन
दुइ भाई भए छोरा वंशका ति विभूषण ॥७४५॥

हरिप्रसाद साहिला तिरका जति सन्तति
बर्मामा गै बसो-बासो गर्दछन् जो भए जति ॥७४६॥

धनञ्जय जिका कालापानी चक्रहटी छन
दुर्गाप्रसाद कान्छा ता मरे पुत्र नभैकन ॥७४७॥

षडानन पटी एक गोपीकृष्ण भए तर
तिनका जति सन्तान गए आसाम नै तिर ॥७४८॥

द्यौनारान् घटवासी हूँ भन्दथे मुखले कुरा
साँचै थे कि थिएनन् ती आफैं जानुन् सबै कुरा ॥७४९॥

तिन्का धर्मान्द दाताराम् भवानीशङ्करै अनि
रघुनाथ र कान्छा हुन् धनपति पाँच थे यिनी ॥७५०॥

जेठा धर्मान्दका वंश वर्मामा वास गर्दछन्
दाताराम पटी यौटा लक्ष्मीप्रसाद मात्र छन् ॥७५१॥

साहिला ति भवानीशङ्कर कान्छा ति धन्पति
वर्मा छन् यी दुवै भाइ सिलाङ् छन् रघुनाथजी ॥७५२॥

माहिला पद्मलालको वंश

काहीला पद्मलाल्का ती दाताराम् भक्तिराम हुन्
दाताराम् वंश वर्मा छन् भक्तिराम् चक्रहट्टि छन् ॥७५३॥

रङ्गलाल ति कान्छाका तीन भाइ थिए सुत
जेठा कुबेर आसाम वर्मा छन् दुइटा सुत ॥७५४॥

द्वारि. पु. का. वृद्धिलालका

वृद्धिलाल ति काहीला तिर ता करुणाकर'
चन्द्रलाल जनख्लाल जन्मे तीन मनोहर ॥७५५॥

करुणाकरका विष्णुलाल पूर्णान्द यि अनी
वृहस्पति र देवीप्रसाद चार भए यिनी ॥७५६॥

विष्णुलाल ति जेठाका पुत्र आसाम बस्तछन्
अरु ती तीन भाइका बर्मामा वास गर्दछन् ॥७५७॥

महेश्वर भए यौटा चन्द्रलाल पटी सुत
तिनका पनि यौटा छन् गए मुइलान ती सब ॥७५८॥

जनखलालका पुत्र ती गोविन्दप्रसाद् भए
यौटै थे ती पनि भागे मधेसै शीत भीतिले ॥७५९॥

द्वारि. पु. कान्छा ऋषिका

देखें ति कान्छा ऋषिका सवर्णा पत्नी दुईटी गुणशील युक्ता
जेठी प्रियामा सुत एक जन्मे छ भाइ कान्छी पटि उत्पती भए ॥७६०॥

जेठी पटीका दधिरामबाट छोरा भए तीन विशाल भाल
जेठा हरीवंश धनैपती माहीला र कान्छा सुत रङ्गलाल ॥७६१॥

जेठा हरीवंशपटी त डम्मरु, चन्द्रलाल यी दुइ थे सुपुत्र
आसाममा छन् दुइटै र माहिला धन्पतीको अपतालि जान ॥७६२॥

ती रङ्गलाल् तर्फ हरिप्रसाद षडान्द ती पुण्यप्रसाद तीन
छोरा भए यी सब व्यक्तिबाट सन्तान भावी छ भनेर जान ॥७६३॥

नरपति भनि जान्नू कान्छिका पुत्र जेठा
वरपति भनि जान्नू महिला पुत्र ती ता
अपर तनय तेस्रा संझ ती वेदनीधि
जय पति हुन छोरा काहिला धीर बुद्धि ॥७६४॥

अति चतुरमती ती अन्तरे हुन् दयाराम्
सरल मति ति कान्छाको लिलावल्लभै नाम्
यिनिहरु प्रति नामी वंशमा थे प्रसिद्धि
अब पनि सुत उस्तै छन् सबैमा सुबुद्धि ॥७६५॥

कवि पनि छन कोही त्यो ऋषी वंश भित्र
तर तिनकि कवीता बस्तछिन् कापिभित्र
मुख-मुख सबका ती नाच्न खोज्छिन् कवीता
नजर हुन अरुको बन्द गर्छन् कवीता ॥७६६॥

नजर हुन अरुको पाउँदा पो कवीता
गुणि अगणित के छन् जान्दथे ती सबैता
अनि पछि ति कवीको नामलाई कवीता
सब जनश्रुति गर्थिन् नामि हुन्थे कवी ता ॥७६७॥

जे. नरपतिका

हरिभक्त अनि कृष्णचन्द्र पुण्यप्रसाद ती
नारान्प्रसाद त्रैलोक्यनाथ यी पाँच सन्तति ॥७६८॥

नरपति पढी जन्मे भन्ने जान ति पाँचमा
हरिभक्त मरे रीण पितृको बोकि माथमा ॥७६९॥

माहिला कृष्णचन्द्रैका सुपुत्र दुइटा भए
शिवप्रसाद जेठा हुन् हेमराज कनिष्ठ थे ॥७७०॥

पुण्यप्रसाद साहींला तिर छन् चार सन्तति
नारान्प्रसाद काहींला तर्फ छन् तीन सन्तति ॥७७१॥

त्रैलोक्यनाथ कान्छाका अहिले एक मात्र छन्
नरपतिजिको वंश लेखें जो जो सुनें यि हुन् ॥७७२॥

मा. वरपतिको वंश

ती वरपतिका थीए सुन्दरी दुइ श्रीमती
जेठी प्रिया पटी पुत्र प्रजापति र पस्पति ॥७७३॥

धर्मानन्द हरीकृष्ण चार थे यिनि सन्तति
सन्तान नै नभै स्वर्गे भए जेठा प्रजापति ॥७७४॥

हरिकृष्ण ति कान्छाका दुइ भाइ मधेस छन्
वरपतिकि कान्छीमा गुरुप्रसाद एक छन् ॥७७५॥

सा. वेदनिधिका सन्तान

श्रीमतीहेरु थे दोटी ति वेदनिधिका पनि
हरिप्रसाद छोराले भइन् जेठी प्रिया धनी ॥७७६॥

अर्धाङ्गिनी दुईनै थे हरिप्रसादका पनि
जन्मे जेठीमहाँ चार कान्छीमा दुइटा अनि ॥७७७॥

कान्छी भार्या पटी वेदनिधिका दुइटा भए
जेठा श्रीकृष्ण भन्ने थे पूज्यराज कनिष्ठ थे ॥७७८॥

जयपति ति काहींला तर्फ पत्ता नभै कुनै
लेखीनँ कहने मान्छे मोराहाइ् रैनछन् कुनै ॥७७९॥

अन्तरे दयारामका सन्तान

दयाराम् अन्तरेदेखि दुइटा पुत्र जन्मिए
पुण्यप्रसाद जेठा हुन् कान्छा सूर्यप्रसाद् भए ॥७८०॥

पुण्यप्रसादका शङ्कर्कुमार र प्रकाश्कुमार्
यज्ञराज समेत् तीन जन्मे तुल्य - शिवाकुमार् ॥७८१॥

सूर्यप्रसादका दीनेश्वरकुमार एक थे
द्वारिकादासको वंश जानेका सब लेखिए ॥७८२॥

धर्मान्दका पु. मा. प्रयागदासका

प्रयागदासका पुत्र जोखु र मनरथ् अनि
वानारसी हरीनारान् भगीरथ भए यिनी ॥७८३॥

जोखुका सब सन्तान आसाम गइ बस्तछन्
मनरथ पटी पुत्र जम्मा ती सात भाइ हुन् ॥७८४॥

सातमा माहिला कान्छा मोराहाङ् वास गर्दछन्
बाँकी सबै परीवार साथ मुङ्लान बस्तछन् ॥७८५॥

मनरथजिका छोरा माहिला ब्रह्मलालका
श्रीमती थे दुई क्षत्री अर्की बाहुनकन्यका ॥७८६॥

यौटा भए छवीलाल भन्ने बाहुनि तर्फमा
दुई भाइ भए क्षत्रीपुत्रीका पनि गर्भमा ॥७८७॥

बाहुनीतिरका एक वर्मामा गइ बस्तछन्
मैवाखोला उ फाविङ्मा कान्छीका जति बस्तछन् ॥७८८॥

मनरथ्का पुत्र कान्छा धर्मानन्द पटी भने
श्रीवेलास भए तिन्का हुन्छ छ भाइ नै गने ॥७८९॥

ध. पु. सा. रामदासका सिरिजुङ्

रामदास ति साहीलाका थिए दुइ श्रीमती
जेठी श्रीमतिमा जन्मे यौटा पुत्र महीपति ॥७९०॥

तिनीबाट रवीलाल, वर्मलाल, मुकुन्द ती
तीन भाइ भए छोरा वंशका बीज संतति ॥७९१॥

रविलाल ति जेठाका सन्तान तेजपूर छन्
माहिला वर्मलाल् तर्फ पुत्र ती तीन भाइ हुन् ॥७९२॥

जेठालाई नभै पुत्र इन्द्रले स्वर्गमा लगे
माहीला देवि-भक्तै हुन् कान्छा छत्रपती भए ॥७९३॥

कान्छा मुकुन्दका पुत्र धर्मान्द रघुनाथ र
रामचन्द्र भए तीन विद्वान् सुन्दर-सुन्दर ॥७९४॥

रामदासका कान्छी पटिका सन्तान

कान्छीमा रामदास्बाट शङ्कर दत्तलाल् अनि
निधिरत्न रामकृष्ण चार छोरा भए यिनी ॥७९५॥

नभोगी पुत्रको सौख्य शङ्कर र दत्तलाल् गए
साहिला निधिरत्नैका वसन्त डिल्लिराम् भए ॥७९६॥

वसन्त सपरीवार चौबिसेमा बसैं गए
रामकृष्ण ति कान्छाका नन्दलाल् आदि तीन् भए ॥७९७॥

नन्दलाल त जेठा हुन् अप्ताली भो कनिष्ठको
माहिला कृष्णलाल तर्फ जन्म भो तीन भाइको ॥७९८॥

काहिला देवीदासको वंश

गङ्गाराम श्रिवेलास रविचन्द्र र पस्पति
महेश्वर् शिवनीधी यी हुन् देवीका सब सन्तति ॥७९९॥

जेठा र माहिला साहीला हाम्रै चाँगेलि भाइ हुन्
सिरिजुङे सकी फेरी लेखुँला अनि जो ति छन् ॥८००॥

सिरिजुङे भाइ

काहीला पस्पतीबाट प्रेमलाल र मुक्तिलाल्
जीवलाल् जयलाल् रङ्गलाल् गजलाल शान्तिराम ॥८०१॥

सात भाइ थिए छोरा अप्ताली प्रेमलाल् भए
साथमा ली परीवार बर्मामा मुक्तिलाल् गए ॥८०२॥

साहिला जीवका मात्रै षडा, गङ्गाप्रसाद यी
दुइ भाई थिए पुत्र सबैका प्रिय साहसी ॥८०३॥

जेठा षडान्दका पुत्र पुण्यप्रसाद एक छन्
गङ्गाप्रसाद कान्छाका सन्तानहेरु भावि छन् ॥८०४॥

काहिला जयलाल्का छन् हरिप्रसाद एउटा
अन्तरे रङ्गलाल्को भो दैव लागेर बेपता ॥८०५॥

जन्तरे गजलाल् वंश आसाम गइ बस्तछन्
शान्तिराम ति कान्छाका पनि आसामवासि छन् ॥८०६॥

देवीदासजिका पुत्र अन्तरे हुन् महेश्वर
तिनका पनि सन्तान गए शिलाङ नै तिर ॥८०७॥

जन्तरे शिवनीधीका नर्पती भक्तिराम् अनि
चन्द्रलाल् वमलाल् केवल्राम पाँच भए यिनी ॥८०८॥

पाँच भाइ यि मध्येमा जेठाको अपतालि भो
महिला भक्तिराम्बाट देवीप्रसाद एक भो ॥८०९॥

देवीप्रसादका कोमल्नाथ र चन्द्रलाल् अनि
टङ्कप्रसाद औ मोद, देवीदास भए यिनी ॥८१०॥

साहिला चन्द्रलाल् तर्फ मनोरथ र धन्पति
दुइ भाइ भए पुत्र बस्छन् आसाममा दुइ ॥८११॥

नारान-कृष्ण र खगेन्द्र यमनाथ यी चारले
काहिला वर्मलालतर्फ बढाए यश कर्मले ॥८१२॥

कान्छा केवलराम्बाट लक्ष्मीप्रसादजी अनि
जीवनाथ र चन्द्रप्रसाद भीमप्रसाद् पनि ॥८१३॥

चार भाइ भए छोरा चार देव समान ती
राम्रो देखिन्छ यिनका वासले सिरिजुङ् जति ॥८१४॥

लक्ष्मीप्रसादका वेद, खेमनाथ र कुल्प्रसाद्
तीन भाइ भए पुत्र भयो ईश्वरको प्रसाद् ॥८१५॥

जीवनाथ ति महीला तिर दुर्गाप्रसाद् अनि
दयाराम् नयनाथ् भन्ने तीन छोरा भए यिनी ॥८१६॥

तेल्लाबुङे देवीदास पुत्र जेठा गङ्गारामको वंश

गङ्गाराम ति जेठाका दाताराम् एउटा भए
दाताराम पटी होमनाथ र पद्मलाल् भए ॥८१७॥

होमनाथ पटी नन्दीकेश्वर देविदास् अनि
जयनारान चन्द्रप्रसाद देवीप्रसाद् पनि ॥८१८॥

पाँच भाइ थिए पुत्र उद्योगी र गुणी धनी
देखिन्छ यिनले राम्रो ऐले तेल्लाबुङै पनि ॥८१९॥

नन्दीकेश्वर जेठाका पुत्र नारान्प्रसाद र
नेत्रप्रसाद केदारनाथ हरिप्रसाद र ॥८२०॥

दुर्गाप्रसाद दीनानाथ् छ भाई जन्मिए यिनी
नाम भने कती राम्रा उस्तै छन् कि त काम् पनि ॥८२१॥

काशीनाथ र बालाकृष्ण मुकुन्द यिनै तिन
देवीदास पटी पुत्र जन्मीए कुलभूषण ॥८२२॥

साहिला जयनारान्का यौटा कृष्णप्रसाद छन्
कृष्णप्रसादका पुत्र पनि सम्प्रति एक छन् ॥८२३॥

चन्द्रप्रसादका पुत्र तारानिधि र लेखनाथ
हरिप्रसाद दुर्गाप्रसाद जन्मे भएर पाँच् ॥८२४॥

देवीप्रसादका रामप्रसाद भीमलाल र
रणकुमार रोहिणीप्रसाद् दुर्गाप्रसाद र ॥८२५॥

रुद्रप्रसाद भन्ने यी छ भाई सन्ततती भए
कुबेर्प्रसाद एक पद्मलाल् तिर जन्मिए ॥८२६॥

देवीदास पुत्र मा. श्रीवेलासका सन्तान

श्रीवेलास पटी कृष्णलाल र चन्द्रलाल् अनि
रविलाल र गोविन्द चार पुत्र थिए यिनी ॥८२७॥

जेठा ती कृष्णलाल् तर्फ यौटा धनपती थिए
त्यागेर जन्मभूमिको आशा बर्मा पटी गए ॥८२८॥

नदेखी मुख छोराको चन्द्रलाल स्वर्गमा गए
साहिला रविलाल् तर्फ षडान्द रङ्गलाल् भए ॥८२९॥

जन्मभूमि पटी स्नेह छोडेर परिवार ली
षडान्द रङ्गलाल् बर्मामा गै गर्छन् ढलीमली ॥८३०॥

डिल्लीराम् विष्णुलाल् पद्मलाल यी तीन भाइ ता
कान्छा गोविन्दका पुत्र भनेर जान पाठक ॥८३१॥

जेठा ती डिल्लिराम् तर्फ यौटा नरपती भए
नरपती पटी पुत्र नरेन्द्र एउटै भए ॥८३२॥

माहिला वृष्णुलाल् तर्फ अप्तालो भो ति सन्तति
कुन मानिसले जान्ला विचित्रा दैवको गति ॥८३३॥

कान्छा ती पद्मलाल्बाट जेठा ता सोमनाथ भए
लक्ष्मीप्रसाद माहिला कान्छा कुलप्रसाद् थिए ॥८३४॥

देवीदास पु. सा. रविचन्द्रका

साहिला रविचन्द्रैका जेठा पुत्र मुकुन्द र
त्रिलोचन् माहिला जान कान्छा जान गदाधर ॥८३५॥

जेठा मुकुन्दका देवनारान् द्यौदत्त मन्रथ
वृहस्पति यिनी चार भए छोरा भनी बुझ ॥८३६॥

देवनारानका यौटा जयनारान जन्मिए
भानुभक्त र पर्शूराम् लीलानाथ् तिनका थिए ॥८३७॥

चेतनाथ थिए यौटा भानुभक्त पटी सुत
माहिला पर्शुराम्, कान्छा लीलानाथ् तिर भावि छ ॥८३८॥

पुत्रबाट सुख प्राप्ति हुन्न भन्ने बुझीकन
पुत्र नै नभई स्वर्ग देवदत्त गएछन ॥८३९॥

साहिला मनरथ्बाट नारद् देवप्रसाद् अनि
द्रोणप्रसाद यी तीन जन्मे आसाम छन् यिनी ॥८४०॥

कान्छा वृहस्पती भन्ने लागेनन् पुत्र तर्फमा
पुत्रले ब्रह्म मिल्दैन ज्ञानले पुग्छ ब्रह्ममा ॥८४१॥

माहिला ति त्रिलोचन्का छोरा नरहरी अनी
दयाराम र गौरीशङ्कर तीन भए यिनी ॥८४२॥

कान्छा गदाधरजिका श्रीमती हेरु थे दुइ
जैसी पुत्री पटी मात्रै पुत्रहेरु भए दुइ ॥८४३॥

मधु भन्ने थिए जेठा टीकाराम कनिष्ठ हुन्
यिनका सत्र सन्तान सन्सरे गइ बस्तछन् ॥८४४॥

मोराहाङ अन्तरे देवीदासको वंश

शिवदास पटी लालु धन्पति र कुबेर् अनि
शिवु तारा र हेंलाल षडानन्द भए यिनी ॥८४५॥

तीन भाइ भए पुत्र जेठा लालु पटी पनि
काशीनाथ शशीधर् नन्दलाल जान यिनै भनि ॥८४६॥

काशीनाथ ति जेठाका त्रिलोचन् एउटा भए
पुत्र मुख नदेखेर अलपत्र तिनी भए ॥८४७॥

माहिला शशिधर् तर्फ दुइ भाइ भए सुत
जेठा हुन् लच्छिमन् भन्ने कान्छा वेलास ती सुत ॥८४८॥

चन्द्रकान्त र सिद्धिकर्ण दयाराम ती अनी
लच्छिमन ति जेठाका जान सन्तान हुन् भनी ॥८४९॥

वेलासका लक्ष्मिकान्त भानुभक्त भए तिन
यी सबै तीन भाइनै बस्छन् आसाम गै कन ॥८५०॥

कान्छा वेलासका पुत्र तिनटा जन्मिए यिनी
लक्ष्मीकान्त भवानीशङ्कर लक्ष्मण हुन् यिनी ॥८५१॥

लालु पुत्र कान्छा नन्दलालका

नन्दलाल ति कान्छाका श्रीमतीहेरु थे दुइ
वरपति पद्मलाल जेठीबाट भए दुइ ॥८५२॥

जेठा वरपतीका ती वंश आसाममा छन
पद्मलाल ति कान्छाका पुत्र वर्मा पटी छन ॥८५३॥

पुष्पलाल र भीमप्रसाद भन्ने दुई सुत
नन्दलालकि कान्छीका गर्भबाट भए यि त ॥८५४॥

शिवदासजिका पुत्र माहिला काहिला दुवै
स्वर्गलोक पटी लागे पुत्रको जन्म नै नभै ॥८५५॥

साहीला ती कुवेर् वंश कोया खोला पटी कुनै
मणिपूर तिरै गर्छन् बसोवास तिनी कुनै ॥८५६॥

श्रीलाल र टिकाराम ताराका पुत्र जन्मिए
मधेसमा श्रिलाल, टीकाराम आसाममा गए ॥८५७॥

जन्तरे हेमलाल्बाट सन्तान दुइटा भए
जेठाहुन् रङ्गलाल् भन्ने कान्छा तारानिधी भए ॥८५८॥

नरेन्द्र नन्दलाल् अग्निधर देवीप्रसाद र
गङ्गा राम समेत् पाँच थे छोरा रङ्गलाल् तिर ॥८५९॥

जेठा नरेन्द्रका जन्मे छविलाल र डिल्लिराम्'
चन्द्रलाल् टोमनाथ् चार मधेसै भज्दछन् यि राम् ॥८६०॥

माहिला नन्दलाल् घर्के स्वर्गको सरणी पटी
किन हो तिनि लागेनन् पुत्र जन्माउने पटी ॥८६१॥

अग्निधर पटी छत्रपति भीमप्रसाद, अनि
बद्रीलाल भए तीन गए मधेस यी पनि ॥८६२॥

देवीप्रसाददेखी ता दुइको मात्र जन्म भो
देवीप्रसाद ली छोरा चुन्पुरा तिर पाल्नुभो ॥८६३॥

गङ्गाराम्बाट जेठीमा कृष्णप्रसाद मित्रलाल्,
दुइटा जन्मिए तिन्का छैनन् सन्तानहेरु हाल् ॥८६४॥

कान्छी पटी भक्तिराम शिवप्रसाद, होमनाथ
खेमनाथ र कान्छा छन् हुन् जम्मा पुत्रहेरु पाँच् ॥८६५॥

हेमलाल पु. कान्छा तारानिधिका

कान्छा तारानिधीका धर्मान्द वाचस्पती अनी
टीकाराम् तीन यी पुत्र भएछन् शीलका धनी ॥८६६॥

ती तारानिधिका छोरा जैसेनी पटि एक छन्
देवीप्रसाद नाऊँ हो थाङ्सीजुङ् तिनि बस्तछन् ॥८६७॥

जेठा धर्मान्दका झङ्गप्रसाद, ऋषिराम्, अनि
कृष्णप्रसाद भन्ने थे तीन पुत्र गुणी धनी ॥८६८॥

झङ्गप्रसादका छोरा ति रोहिणीप्रसाद् अनि
खेमराज् अनि कान्छा थे चुन्पुरामा गए तिनी ॥८६९॥

ऋषिराम्का थिए छोरा धरान गइ बस्तछन्
कृष्णप्रसादका पुत्र गङ्गाराम् एकमात्र छन् ॥८७०॥

वाचस्पति ति माहीला पटी पुण्यप्रसाद र
एमनाथ् र पुष्पप्रसाद्, भवानीप्रसाद र ॥८७१॥

कुलप्रसाद यी पाँच भाई ती कुलरत्न छन्
पुण्यप्रसाद का एक विष्णुप्रसाद मात्र छन् ॥८७२॥

शिवदास पु. कान्छा षडान्दका

षडान्दका थिए पाणिगृहिती सुन्दरी दुइ
जेठीमा जन्मिए धर्मानन्द धनपती, दुइ ॥८७३॥

अग्निधर र रामप्रसाद तुलसिभक्त र
केशरप्रसाद यी चार जन्मे कान्छी प्रिया तिर ॥८७४॥

सन्तानमा हरीताल लाग्यो धर्मान्दका पटी
अपुत्रको गती भोग्न कसे तिन्ले पनी कटी ॥८७५॥

धनपतिजिका वीर्यबाट ती हरिभक्त र
कर्नाखर, हरीलाल जन्मे यी तीन सुन्दर ॥८७६॥

जेठा ती हरिभक्तैका यौटा पुण्यप्रसाद् भए
कर्नाखर्का पनी एकै रेणुप्रसाद जन्मिए ॥८७७॥

हरीलाल ति कान्छाका रुद्रप्रसाद वेद्निधि,
दुई भाइ भए बस्छन् सल्लेरी यी त धीरधी ॥८७८॥

षडान्दका कान्छी पटीका

अग्निधर पटी पुत्र जेठा पुण्यप्रसाद् भए
कान्छा पुत्र खगेन्द्रप्रसाद यी दुइटा थिए ॥८७९॥

जेठा पुण्यप्रसाद् तर्फ युवराज् मित्रलाल्, अनि
देवीप्रसाद शङ्कर् र तारानिधि भए यिनी ॥८८०॥

कान्छा खगेन्द्रका यौटा भए चूडामणी तिनी
मोराहाङ महाँ बस्छन् यी सबै नै सुखी बनी ॥८८१॥

रामप्रसाद काहीला तर्फ दुर्गाप्रसाद ती
नारान्प्रसाद यी दुई भाइको भो समुत्पति ॥८८२॥

अन्तरे तुलसीभक्तबाट लक्ष्मीप्रसाद् अनि
घनश्याम् आमनाथ् अर्का महेन्द्र चार छन् यिनी ॥८८३॥

केशर्प्रसाद कान्छाका जेठा ती शिवराज र
कान्छा पुत्र होमनाथ जन्मिए अनि सुन्दर ॥८८४॥

मोराहाङे कान्छा श्रीकृष्णदासको वंश

श्रीकृष्णदासका पुत्र ति जेठी श्रीमती तिर
श्यामलाल र लक्ष्मीनारान ति सिद्धिकण र ॥८८५॥

काशीराम छवीलाल, पाँच भाइ भए यित
श्यामलाल ति जेठाका तीन भाई थिए सुत ॥८८६॥

गर्दछन् वास बर्मामा जेठाका सन्तती जति
माहिला नंदलाल् कान्छा लक्ष्मीनाथ् जान पुत्र ती ॥८८७॥

श्रीवेलास भए यौटा माहिला नन्दलाल् तिर
श्रीवेलास्का पनी यौटै तोयनाथ थिए वर ॥८८८॥

रवीलाल र धर्मान्द दाताराम् तिनटा यिनी
लक्ष्मीनाथ ति कान्छाका जन्मिए वंशका मणि ॥८८९॥

रविलाल ति जेठाका छ भाई पुत्रहेरु छन्
पाइएन पता केही नाम के-के ति नाम हुन् ॥८९०॥

भए धर्मान्द माहीला दुइटा पुत्रका धनी
दाताराम ति जेठा हुन् कान्छा हुन् मनरथ् अनि ॥८९१॥

हरिप्रसाद भन्ने यी दाताराम पटी भए
मनरथ्का पनी यौटै अहिले पुत्र जन्मिए ॥८९२॥

माहिला लक्ष्मीनारानका

लक्ष्मीनारानका बृहस्पति अनन्तराम र
पस्पति अनि तारानीधि दाताराम थे वर ॥८९३॥

जेठा बृहस्पतीबाट प्रभाकर विष्णुप्रमाद् र
देवनारान् देवीप्रसाद जन्मे गुणाकर ॥८९४॥

प्रभाकर पटी जन्मे जेठीमा भीमलाल यी
परीवार लिई साथ बस्छन् आसाममा गई ॥८९५॥

विष्णुप्रसादका छोरा यौटा धर्मप्रसाद् भए
साहिला देवनारान्ले बाटो ती साधुको लिए ॥८९६॥

देवीप्रसादका जन्मे गङ्गाराम् इन्द्रलाल् सुत
गए यी पनि आसामै खुसी हो आफ्नु के छ त ॥८९७॥

अनन्तरामका छोरा भक्तिराम् एउटा हुन
तिन्का पद्मप्रसाद् ब्रह्मलाल कान्छा पनी छन ॥८९८॥

पद्मप्रसाद जेठाका भानुभक्त भए सुत
होलान् कि अरु भन्ने यो भैरहेकै छ आश त ॥८९९॥

ल. पु. सा. पस्पतिका

जयनारान काशीराम् श्रीनारान यिनी तिन
पस्पती पुत्र हुन् भन्ने आफ्ना त्यो मनमा गुन ॥९००॥

जयनारानका पुत्र जम्मा ती पाँच भाइ हुन्
जेठा छत्रप्रसाद् जान्नु आसाम गइ बस्तछन् ॥९०१॥

माहिला केवलीराम साहिला हुन् मनोरथ
काहिंला श्रीप्रसाद् जान्नु कान्छा कोमलप्रसाद त ॥९०२॥

काशीरामपटी रामप्रसाद् नारन्प्रसाद् अनि
पूर्ण पद्मप्रसाद चार भाइ एक भए यिनी ॥९०३॥
श्रीनारान ति कान्छाका नारान र खडान्द ती
खडान्दका भए तीन बस्तछन् चक्रहट्टि ती ॥९०४॥

ल. पु. काहि. तारानिधिका

पुष्पलाल र धर्मान्द टीकाराम यि तीन ता
ती तारानिधिका पुत्र हुन् भन्ने जान सत्यता ॥९०५॥

पुष्पलाल पटी छोरा जन्मेनन् किन हो किन
धर्मानन्द पटी एक जन्मे ती खेमनाथ हुन ॥९०६॥

ती टीकारामका पुत्र जेठीमा श्रीप्रसाद् भए
जेठीका सन्तती हेलान् हुन्छन् ठानि विदेश गए ॥९०७॥

कान्छी पटी भए तीन जेठा चन्द्रप्रसाद हुन्
माहिला, ऋषिराम् भन्ने कान्छा ता ऋतुपर्ण हुन् ॥९०८॥

लक्ष्मी ना. पु. अन्तरे दातारामका

हरिप्रसाद् भए एक दाताराम् अन्तरे तिर
तिनका जन्मिए तोयानाथ डिल्लीप्रसाद र ॥९०९॥

होमनाथ र भीमप्रसाद हुन् चार सन्तति
लक्ष्मीनारानका वंश लेखें मैले बुझे जति ॥९१०॥

श्रीकृष्णदास पु. सा. सिद्धिकर्णका

सिद्धिकर्ण पटी लेख्छू मोराहाङ् बस्तछन् यि त
साहिला सिद्धिकर्णैका दुइ भाइ थिए सुत ॥९११॥

जेठा हुन् रघुनाथ् भन्ने कान्छा जन्मे प्रभाकर
वेदनिधि भए यौटा जेठा ती रघुनाथ् तिर ॥९१२॥

वेदनिधि पटी विष्णुलाल र होमनाथ् अनि
डोरनाथ समेत् तीन भाइ छोरा भए यिनी ॥९१३॥

अप्ताली भो दुईटाको; कान्छा ती डोरनाथ्तिर
राम-शिवप्रसाद जन्मे दुई पुत्र मनोहर ॥९१४॥

कान्छा प्रभाकर पटि

सात भाइ भए कान्छा प्रभाकर पटी पनि
हरिप्रसाद देवीप्रसाद पद्मप्रसाद् अनि ॥९१५॥

रामप्रसाद पुण्यप्रसाद ती रघुनाथ र
खेमनाथ समेत् जन्मे वंशवर्धक सुन्दर ॥९१६॥

जेठा हरिप्रसाद्बाट यौटा पूर्णान्द जन्मिए
कृष्णप्रसाद् समेत् दोटा देवीप्रसादका भए ॥९१७॥

पद्मप्रसाद साहीलातिर टङ्कप्रसाद् भए
रामप्रसाद काहीला सानैमा स्वर्गमा गए ॥९१८॥

पुण्यप्रसाद भन्ने हुन् अन्तरे तिनका पनि
डिल्लीराम् यमनाथ् भन्ने हालमा छन् दुई यिनी ॥९१९॥

काहिला काशीरामका

काशीराम पटी जन्मे पुत्र धनपती अनि
नरपति गदाधर् र कुलान्द प्रतिमन् अनि ॥९२०॥

यज्ञप्रसाद कान्छा हुन् भए छ भाइ सन्तति
यिनका अब सन्तान लेख्दछू जो सुनेजति ॥९२१॥

रविलाल त्रिलोचन् र धर्मानन्द यि तीनले
जेठा धनपतीलाई बाबू पारे स्वजन्मले ॥९२२॥

रविलाल पटी पुत्र दाताराम र आत्मराम्
दुइटा जन्मिए राम्रो नाम जस्तै भए त काम् ॥९२३॥

दाताराम र आत्माराम् त्यो भारत विदेशको
आराममा बसी गर्छन् आराम जन्म दुःखको ॥९२४॥

राधाकृष्ण भए एक त्रिलोचन्का नभै अरु
यौटा पुत्र हुनू कष्ट, हुँदै नै नहुनू बरु ॥९२५॥

ति राधाकृष्णका छोरा जेठा डम्मरुवल्लभ
वेदनिधि त माहीला जन्मे होलान् अरु अझ ॥९२६॥

कान्छा धर्मान्दका कृष्णप्रसाद र त्रिलोचन
डम्मरु तीन भाई यी जन्मे लौ वंशका धन ॥९२७॥

कृष्णप्रसादका जन्मे यौटा पुत्र चुडामणि
वंशको यिनि नै ऐले बनेका छन् चुडामणि ॥९२८॥

मा. नरपतिका

नरपति पटी पुत्र जम्मा ता पाँच भाइ हुन्
जेठा हुन् विष्णुलाल् भन्ने माहीला रङ्गलाल हुन् ॥९२९॥

जेठा ती विष्णुलाल् तर्फ खगेन्द्र र खगेश्वर
ती ज्ञानेन्द्रप्रसाद् डम्मर्कुमार त भए धिर ॥९३०॥

गदाधर पटी वंश जो भए तिनि ता सब
मादी गए बसैं वाहीं भोग्दछन् सुख वैभव ॥९३१॥

बाँधिन्छ पुत्रले भन्ने संझे कि वा कुलान्दले
सुटुक्क ती गए स्वर्ग पाएनन् पुत्र तीनले ॥९३२॥

प्रतिमन्का भए पुत्र धर्मप्रसाद श्रीप्रसाद्
शिवप्रसाद चन्द्रैलाल् सागर् बुद्धिप्रसाद
धर्मप्रसादका जन्मे गुरुप्रसाद होमनाथ् ॥९३३॥

काशी पुत्र कान्छा यज्ञ प्रसादका

तेजनाथ र नारानप्रसाद लेखनाथ् अनि
कान्छा यज्ञप्रसाद् तर्फ जन्मिए पुत्र तीन यी ॥९३४॥

तेजनाथ पटी यौटा चेतामणि भए सुत
परिवार लिई साथ गए आसाममा ति त ॥९३५॥

नारानका भए पुत्र डम्मरु मात्र एक छन्
काशीनाथ ति काहीलातिरका सन्तती यि हुन् ॥९३६॥

श्रीकृ. पु. कान्छा छविलालका

कान्छा ती छबिलाल्बाट श्रीनारान् एउटा भए
तिनका जेठिमा दीनानाथ जीवकुमार् भए ॥९३७॥

उदाए दुइटा पुत्र दीनानाथ पटी पनि
गणेशप्रसाद जेठा हुन् कान्छा हुन् रामनाथ् अनि ॥९३८॥

कान्छी पटी श्रिनारान्का ति गोविन्दप्रसाद् अनि
हरिप्रसाद मातृकाप्रसाद जन्मिए यिनी ॥९३९॥

कान्छी तिर श्रिकृष्णैका अच्युतानन्द एक थे
तिनका जति सन्तान वर्मातर्फ सबै गए ॥९४०॥

श्रीकृष्णदासका पुत्र खसिनी पटिका पनि
जेठा भवानिसिङ् जन्मे कान्छा थे गञ्जसिङ् अनि ॥९४१॥

नरबादुर धन्बादुर कुल गोविन्दबादुर
श्रीबादुर भए पाँच पुत्र भवानिसिङ् तिर ॥९४२॥
मोराहाडेतर्फ इति

मोराहाङ् सल्लेरका गाम्नाङे

नन्दीकेश्वरका वंश जयनारान हुन् ति त
गांनाङ्बाट हिंडे पूर्व तेह्रथुम पुगे यि त ॥९४३॥

रोजी खोजी ठाउँ राम्रो मोराहाङ तिरै पसे
औलो तातो विचारी ती सल्लेरिमा गई बसे ॥९४४॥

पृथिनारान यौटा थे जयनारानका सुत
तिनका पनि यौटानै वृद्धिलाल थिए सुत ॥९४५॥

वृद्धिलाल्का थिए पुत्र छ भाई तिनि मध्यमा
मा. का. कान्छा पटी लाग्यो हरिताल ति पुत्रमा ॥९४६॥

जेठा हुन् काशिनाथ् भन्ने साहिला लोकनाथ त
अन्तरे पुत्र दाताराम् यिनका लेख्दछू सुत ॥९४७॥

काशीनाथ ति जेठाका काजीमान् एउटा भए
जन्मभूमि त्यजी आफ्नू मादीतिर बसैं गए ॥९४८॥

कल्याणी श्रीमती दोटी ती लोकनाथका थिए
यौटा पुत्र ति द्यौरारान् जेठी पत्नी पटी भए ॥९४९॥

द्यौनारान् तिर जन्मीए षडान्द भींप्रमाद् अनि
छत्रपति समेत् तीन वंशका ती शिरोमणि ॥९५०॥

षडानन्द पटी शून्य भयो सन्तानको बिज
भीमप्रसादका जन्मे लक्ष्मीप्रसाद आत्मज ॥९५१॥

कान्छा छत्रपति तर्फ भए नारान्प्रसाद् अनि
कृष्ण, शिव तथा विष्णुप्रसाद चार थे यिनी ॥९५२॥

बसैं गए सबै भाइ विदेश गइ बस्तछन्
आसाम मालगीरेट्को आलुवारीमहाँ ति छन् ॥९५३॥

लोकनाथकि कान्छीमा नन्दलाल् पद्मलाल् भए
नन्दलालका मित्रलाल चन्द्रलाल् दुइटा भए ॥९५४॥

पद्मलाल ति कान्छाका एक कृष्णप्रसाद छन्

वृद्धिलाल पु. अन्तरे दातारामका

दाताराम् अन्तरे तर्फ रविलाल मात्र पुत्र हुन् ॥९५५॥

विलाल्का भए पुत्र रङ्गलाल षडान्द र
दयाराम समेत् तीन भाइ सुन्दर सुन्दर ॥९५६॥

रङ्गलाल्का भए पद्मप्रसाद् रामप्रसाद् दुई
आसाममा षडानन्द गए बस्छन् सुखी भई ॥९५७॥

दयाराम ति कान्छा ता परिवार लिई सँग
सुखिममा बसी गर्छन् सुख भोग खुसी सँग ॥९५८॥

मोराहाडे ज्योतिखरका

ति ज्योतिखरका पुत्र नन्दलाल सिद्धिकर्ण र
नरपति भए तीन पुत्र ती अति सुन्दर ॥९५९॥

तारानिधि भए यौटा नन्दलाल पटी सुत
ति भवानीप्रसाद् जन्मे जेठिमा एउटा सुत ॥९६०॥

कान्छीमा जन्मिए नारान्प्रसाद् यज्ञप्रसाद् अनि
ओमनाथ समेत् तीन भाइ राम्रा गुणी गुणी ॥९६१॥

ता. तोकमाका सिन्धुले भाइ मोराङे नै हुन्

ब्रह्माका पुत्र योगाराम् तिनका थे स्यमन्तजी
स्यमन्तका प्रयाग्दास सेतु र कृष्णलाल् अनि ॥९६२॥

छविलाल् वर्पती टीकाराम छ भाइ थे यिनी
यि सबै अहिले ताप्लेजुङ् तोक्मा बस्तछन् बनी ॥९६३॥

जे. प्रयागदासका

नन्दलाल र गङ्गारां मोतीलाल महीपति
चार भाइ थिए पुत्र प्रयाग दासका पनि ॥९६४॥

नन्दलाल ति जेठाका दुइटा मात्र जन्मिए
गोपीलाल भए जेठा कान्छा नरपती भए ॥९६५॥

दुइटा नै थिए छोरा गोपीलालजिका पनि
कपिल मुनि जेठा हुन् कान्छा हुन् काशिनाथ् अनि ॥९६६॥

मा. गङ्गारामका

गङ्गारामजिका जन्मे बल्भद्र इन्द्रलाल् अनि
छितारां रङ्गलाल् चार पुत्रहेरू भए यिनी ॥९६७॥

जेठा ती बलभद्रैका दुइ भाइ भए सुत
तुलसीराम जेठा र कान्छा ती मेघनाथ् बुझ ॥९६८॥

माहिला इन्द्रलाल तर्फ तिनोटा पुत्र जन्मिए
छिताराम ति साहीला भद्रपूरमहाँ गए ॥९६९॥

मोतीलाल पटी छैनन् कान्छा महिपती पटि
प्रभाकर् विष्णुलाल् शान्तिराम तीन भए यिनी ॥९७०॥

स्यमन्त पुत्र कृष्णलालका

माहिला सेतु अप्ताली; साहिला कृष्णलाल्तिर
डिल्लीराम भए तिन्का भए ती नन्दिकेश्वर ॥९७१॥

नन्दीकेश्वरका पुत्र यौटै पद्मप्रसाद हुन्
काहिला छविलालतर्फ सन्तानहेरु शून्य छन् ॥९७२॥

अन्तरे वरपतिका

वरपतिजिका छोरा नयनान्द भगीरथ
नरपति समेत् तीन जन्मिए वंश वर्धक ॥९७३॥

नयनान्द ति जेठाका भोलानाथ् एक छन् अनि
होलान् अरु अझै भन्ने आशा छोड्थ्यो र के भनी ॥९७४॥

माहिला भगिरथ्तर्फ छोरा ती हरिकृष्ण र
देवी, कोमल थे तीन कुलका दीप सुन्दर ॥९७५॥

कान्छा नरपतीबाट नारद, यमनाथ् अनि
रामनाथ भए तीन ठुकुरपानि छन् यिनी ॥९७६॥

टीकाराम ति कान्छाका धनपति र पुष्पलाल्
पद्मलाल भए तीन राम्रा राम्रा सुपुत्र खाल् ॥९७७॥

मनोरथ तथा कृष्ण, होमनाथहरू तिन
धनपतिजिका छोरा भन्ने यो मनमा गुन ॥९७८॥

पुष्पलालजिका छोरा केदारनाथ ओमनाथ्
तीनोटा जन्मिए बढ्छन् आफ्ना संस्कार साथ-साथ् ॥९७९॥

तापलेजुङ् हांङदेवालीको

हाङ्देवाली ति भाइका पुर्खा यज्ञपती बुझ
तिन्का थिए छवीलाल भन्ने यौटा गुणी सुत ॥९८०॥

सिन्धूबाट छवीलाल पूर्वै पटी बसैं हिंडे
ताप्लेजुङ् हाङदेवामा सुरुसुरु गई बसे ॥९८१॥

तिन्का छ भाइ छोरा हुन् जेठा श्रीकृष्णजी थिए
माहिला श्यामलाल् जान्नु गोविन्द साहिला भए ॥९८२॥

धनपतिजि काहीला अन्तरे जयभद्र ती
लक्ष्मीनारान कान्छा हुन् वंशपुष्पलता त ति ॥९८३॥

जेठा श्रीकृष्णका वंश आसाम गम्भिरीमा छन
माहिला श्यामलाल्वंश सबै चिराखमा छन ॥९८४॥

धनपति ति काहीला पटिका जति सन्तति
आसामको मटेलीमा बस्तछन् जो भए जति ॥९८५॥

साहिला अन्तरे कान्छातिरका जति सन्तति
गर्दछन् हाङदेवामा बसोवास सुखी भइ ॥९८६॥

साहिला गोविन्दका

श्रीनारान्, देवनारान, प्रेमनारान, कान्तु यी
चार भाइ थिए छोरा गोविन्द साहिला पटी ॥९८७॥

सवर्णा दुइटी पत्नी श्रीनारानजिका थिए
जेठी पत्नीमहाँ कृष्णलाल र पर्शुरां भए ॥९८८॥

कृष्णलालजिका वीर्यबाट छोरा भए दुइ
जेठा हुन् तुलसीराम; कान्छा पुण्यप्रसाद यी ॥९८९॥

तुलसीरामका छोरा यौटा छन् कमलापति
सुन्सरी पानमारामा बस्छन् सुखि बनी अति ॥९९०॥

दोखुमा कान्छा पर्शुरामका

पशुराम ति कान्छाका रुद्रप्रसाद जेष्ठ र
लक्ष्मीप्रसाद कान्छा हुन् दुइ भाइ थिए सुत ॥९९१॥

कान्छी तिर श्रिनारान्का सात भाइ भए सुत
देवप्रसाद मोरङ् छन् नाङ्खोल्याङ् छन् अरू सुत ॥९९२॥

नाङ्खोल्याङ्का

मुक्तिनाथ र डिल्लीरां जयनारायणै अनि
अविकेशर औ पद्म मेदिनीहरु छन् अनि ॥९९३॥

गोविन्द पुत्र मा. देवनारानका

माहिला देवनारान्का रविलाल, मनोरथ,
तपोनाथ्, भानुभक्ते यी चार भाइ थिए सुत ॥९९४॥

रविलाल ति जेठाका वेदनिधि र बालुराम्,
दुइ भाइ भए छोरा हाङ्देवा यिनिको मुकाम् ॥९९५॥

देवनारानका छोरा अर्का थे माहिला पनी
सन्तान नै नभै चाँडै स्वर्ग वास भए तिनी ॥९९६॥

मनोरथ ति साहीला तिर ता पुत्र पाँच छन्
बसैं गइ बसोवास याङ्रुप् थेचम्बु गर्दछन् ॥९९७॥

काहिला हुन् तपोनाथ तिनिका देवराज र
देवराज दुई पुत्र हाङ्देवतिर वास छ ॥९९८॥

भानुभक्त ति कान्छाका पनी पुत्र दुई छन
राम्रा शीलादिले गर्दा खिच्दछन् सबको मन ॥९९९॥

गोविन्द पुत्र साहिला प्रेमनारान्का

साहिला प्रेमनारान्का काशीनाथ् एउटा भए
काशीनाथ्का चिरञ्जीवी, गोपाल, यमकान्त थे ॥१०००॥

यिनीहरू सबै ऐले निकाशी वास गर्दछन्
पेट ईश्वरका निम्ति स्वस्थान सब छोड्दछन् ॥१००१॥

कान्छा कान्तुका

कान्छा ति कान्तुका कृष्णलाल र माहिला अनि
कृष्णप्रसाद्, नरपर्साद्, नन्दराम् पाँच थे यिनी ॥१००२॥

कृष्णलाल ति जेठाका पुत्र हरिप्रसाद् अनि
डिल्लिराम र शान्तिप्रसाद तीन थिए यिनी ॥१००३॥

कान्तुका पुत्र माहीला सानैमा स्वर्गमा गए
कृष्णप्रसाद साहीला तिर ता तीन भाइ थे ॥१००४॥

अग्निप्रसाद जेठा हुन् माहिला हुन् मनोरथ
कमलापति कान्छा हुन् हाड्देवा छन् यिनी सब ॥१००५॥

कान्तुका पुत्र काहीला नरप्रसादका पनी
यौटा सूर्यप्रसाद् भन्ने हाड्देवातर्फ छन् तिनी ॥१००६॥

कान्तुका पुत्र कान्छा ती नन्दरामजिका पनि
सीताराम भए यौटै निकाशी बस्तछन् तिनी ॥१००७॥

अन्तरे जयभद्रका सन्तान

जयभद्रजिका कृष्णलाल र पद्मलाल् अनि
षडान्द, नन्दरां भन्ने चार पुत्र थिए यिनी ॥१००८॥

कृष्णलालजिका छोरा जेठा थे देविभक्त जी
लक्ष्मीप्रसाद कान्छा हुन् दुइटा जन्मिए यिनी ॥१००९॥

देवीभक्तजिका शेषराज, नरपती अनि
मोतिनाथ र भीमप्रसाद खेंचन्द्र जी अनि ॥१०१०॥

देवनारान, गङ्गाप्रसाद र उसका पछि
हरिनारान यी आठ पुत्रको भो समुत्पति ॥१०११॥

माहिला पद्मलाल् तर्फ जगन्नाथ् मात्र एक थे
जगन्नाथजिका पुत्र जम्मा ती पाँच भाइ थे ॥१०१२॥

लक्ष्मीप्रसाद, पद्मप्रसाद र लेखनाथ् अनि
पुण्यप्रसाद्, नमोनारायण पाँच थिए यिनी ॥१०१३॥

लक्ष्मीप्रसाद जेठाका मोतीनाथ् एउटा भए
षडान्द माहिलाबाट उत्पत्ति दुइटा भए ॥१०१४॥

जयभद्रका पु. कान्छा नन्दरांका

नन्दरांका भवानीप्रसाद देवीप्रसादजी
सोमनाथ्, सिद्धिकर्णे र रांचन्द्र, बालकृष्ण ती ॥१०१५॥

चन्द्रलाल समेत् सात पुत्र जन्मे शुभाकृति
यी सबै गर्दछन् ऐले सुमार्गेमा अनुकृति ॥१०१६॥

दोटा पुत्र भवानीप्रसादबाट भए अनि
जेठा निधिपती जान्नु कान्छा लक्ष्मीप्रसादजी ॥१०१७॥

देवीप्रसाद माहीला पटी पूर्णप्रसाद् अनि
शान्तिराम र काशीनाथ् तीन भाइ भए यिनी ॥१०१८॥

साहिला सोमनाथ् तर्फ दुइ भाइ भए सुत
दिवाकर भए जेठा कान्छो ता मनिपूर छ ॥१०१९॥

कान्छा लक्ष्मीनारानका

लक्ष्मीनारान कान्छाका अङ्गिरथ्, मधुसूदन
महानन्द भए तीन पुत्र सात्विक सुन्दर ॥१०२०॥

अङ्गिरर्थजिका वीर्यबाट बालमकुन्द् अनि
हरिकृष्ण र दुर्गाप्रसाद, बुद्धिप्रसाद् अनि ॥१०२१॥

टीकादत्त र यम्कान्त भए छ भाइ पुत्र यी
हाङ्देवामै बसोवास गरेका छन् सुखी भई ॥१०२२॥

बालमुकुन्द जेठाका छैनन् क्वै पनि सन्तति
साहिला हरिकृष्णैका तीनोटी भद्र श्रीमती ॥१०२३॥

जेठीमा अहिलेसम्म भएनन् पुत्र उत्पति
विधवा ल्याइतेका हुन् तिनी देवीप्रसाद जी ॥१०२४॥

उद्धवप्रसाद, दुष्यन्त कान्छीबाट भए दुई
देवीप्रसादका पुत्र जेठा मकुन्द हुन् र यी ॥१०२५॥

कान्छा वाचस्पती जान्नु दुइटा हुन् यि सन्तति
दुर्गाप्रसाद साहीलापटि छन् पाँच पुत्र ती ॥१०२६॥

वासुदेव टिकाराम धन्पति कोमनाथ, र
धनपति भए साना कान्छा, पाँच यि हुन् सुत ॥१०२७॥

छोरा द्यौहरिका ति कृष्णपति हुन् तिन्का त विद्यापति कुस्माकर् तिनका थिए र रविलाल् तिन्का थिए सन्तति तिन्का हुन् अनिरुद्ध पुत्र तिनको हूँ बैजनाथ् पुत्रक सोधी खोजि ति दाजु भाइहरुको वंशावली लेखक ॥१०२८॥

संवत् बीस सये चौबीस् विक्रमी साल माघमा ।
छपाएँ मिहिनेत्साथ यो वंशावलि काशिमा ॥१०२९॥

समाप्त

वक्तव्य

सच्चित् भगवान् परब्रह्मको सदिच्छाले संसारमा विभिन्न प्राणी सृष्टि भए । ती मध्ये सर्वोपरि मनुष्य जाति छ । ती प्राणीहरूको मूल कारण, भगवान्कै रूपान्तर ब्रह्मा हुन् भन्ने शास्त्रकारहरूको मत छ । मूल कारण ब्रह्माबाट प्राणीहरूका उत्पादक महर्षिहरू भए । तिनै महर्षिका नै सन्तति हामी मनुष्य जाति पनि हौं । महर्षिहरू पनि धेरै छन् । कुन महर्षिबाट कुन वंश फैलिएर गयो र म वा हामी कुन वंशका हौं एवं हाम्रा पुर्खा को को हुन् र उनीहरूको कुल कति फैलियो यो कुरा जान्नु, हृदय भएकोले मनुष्य मात्रको परं कर्तव्य हो ।

म, यस वंशको हुँ र मेरा वंशजहरू यिनी यिनी हुन् भनेर नजान्नु नै परं मूर्खता हो त त्यो कसरी जान्ने ? जतिसुकै वस्तुको पनि ज्ञान गर्नु छ वा मूल कारण पत्ता लगाउनु छ भने इतिहासको आवश्यकता पर्दछ । किन्तु राजवंशबाहेक अरुको वंश एवं आचरण लेख्ने त्यस्ता कुनै पनि इतिहासकारक पाइएका छैनन् । हुन सक्तछ, नलेख्नुको कारण यसबाट केही फाइदा नहुनाले होला ।

त अब आफ्नो वंश कसरी पत्ता लगाउने यस्तो निराधार अन्धकारले छाएको युगमा, सबैको नभए तापनि भट्टराई र बरालको वंशावली, यथाशक्य खोज्ने प्रयास गरी भेटेसम्म र जाने बुझेसम्म श्री अनिरुद्धका पुत्र मैवाखोला साँघु ग्राम निवासी पं. श्री बैजनाथ भट्टराईज्यूले लेखी अज्ञानरूपी अन्धकाराच्छादित लोकमा निस्वार्थ भावना लिई उक्त वंशावली रूपज्योति जगाउनु भएकोले वहाँलाई धन्यवाद नदिई रहन को शक्ला । किन्तु वहाँले लेख्नु भएको वंशावलीमा उक्त वंशावली पूर्ण हुन सकेको छैन । यो भन्दा पैला कसैले नलेखेको र अल्पकालको प्रयासले सबैतिर घुमी विभिन्न स्थलमा छरिएका वंशजहरूको पत्ता लगाउन नसकेकोले हो । आशा छ अब पछि पनि खोज्ने प्रयास गरी गर्ने

कोशिश गर्नुहोला । आर्यधर्मावलम्बीहरुको सुविधाका लागि धार्मिक ग्रन्थको आधारबाट जूठो सूतक निर्णय एवं श्राद्धकल्प समेत लेख्नुभएकोमा तथा थोरै समयमा यति गहकिलो समस्या सम्पन्न गर्ने कोशिश भएकोमा वहाँलाई म शतशः धन्यवाद दिन्छु ।

oo

पशुपतिनाथ भट्टराई
साहित्याचार्य,
मेदिबुङ, तापलेजुङ

परिशिष्ट

- लेखकको संक्षिप्त परिचय
- प्रबोधन
- साँघु गाउँका उन्नायकहरू
- हाम्रो विस्तार (कृष्णपतिको शाखाभित्र)
- देशान्तरमा हामी

लेखकको संक्षिप्त परिचय

पं. बैजनाथ भट्टराईले आफ्नो परिचय एउटै पद्यमा यसरी दिनुभएको छ जुन वंश-विकास क्रमको सूत्रात्मक रेखाङ्कन बन्यो :

छोरा द्यौहरिका ति कृष्णपति हुन् तिन्का त विद्यापति
कुस्माकर् तिनका थिए र रविलाल् तिन्का थिए सन्तति
तिन्का हुन् अनिरुद्ध पुत्र तिनको हूँ बैजनाथ पुत्रक
सोधी खोजि ति दाजुभाइहरूको वंशावलि लेखक ।

नारी व्यक्तित्वलाई महत्व दिँदै मातृकुलको झल्को र वैवाहिक बन्धनको श्रृंखलालाई वंश-विकासमा औचित्य प्रदान गर्ने प्रणालीको बीजारोपण पनि सगौरव गरेको देखिन्छ, जुन परवर्ती वंशावलिले आँट्न सकेनन् । मात्रृकुलको सम्मानमा यी शब्दहरू आदरणीय रहेका छन् जहाँ पितृतत्वका गरिमा पनि उद्भासित रहेको छ -

बराल पुत्रि पद्मामा कान्छा ती अनिरुद्धका
बैजनाथ भएँ यौटा छोरो लेखक वंशका

- भट्टराई वंशावली २०२४, श्लोक ५७१

वैवाहिक संबन्धलाई उच्चता प्रदान गर्दै कुन कुल-घरानकी कन्यासँग दाम्पत्य जीवन गाँसिएको हो यसप्रति वंशावलि लेखकले उच्च अभिनन्दन गरेको देखिन्छ । पं. बैजनाथका यी काव्यमय शब्दावली पठनीय रहेका छन् :

पत्नी गौतमकी पुत्री यमुनादेविनामकी
सुन्दरी शील सम्पन्ना श्रीमती बैजनाथकी ।

- भट्टराई वंशावली (२०२४) श्लोक-५७२

पं. बैजनाथ भट्टराईको जन्म साँघु गाउँको सरदार परिवारमा भएको हो । सरदारहरू ६ भाइ थिए - गौरीकान्त, नरहरि, यज्ञनिधि, जयकृष्ण, अर्कलाल र अनिरुद्ध ।

कान्छा अनिरुद्धका दुई सन्तान थिए - बैजनाथ र इन्द्रावती । बैजनाथको जन्म वि.सं. १९७१ चैत्र १५ गते भएको हो । चार वर्षको आयुमा उहाँलाई

पितृशोक पऱ्यो । वि.सं. १९७८ मा विवाह भयो । वि.सं. १९८३ सालमा संयुक्त परिवारबाट अलग (भिन्न) पारिनुभयो । फलतः तीनतले घरबाट आमा पद्मावती र श्रीमती यमुनासहित उहाँ निस्कनु भयो ।

बैजनाथकी आमा पद्मावती सीवाँका बराल नन्दरामकी जन्तरी छोरी हुनुहुन्छ । नन्दराम मेदिवुङ्कै लामाघरे बरालका सदस्य भएका हुनाले ख्याति सम्मान जनक थियो । षडानन्द नन्दरामका जेठा छोरा हुन् । उनी व्याकरण शास्त्रका धुरन्धर विद्वान थिए । 'कौमुदी बा' भनेर उनी पठित समुदायमा प्रसिद्धिले चुलिएका थिए ।

वस्तुतः मामाको घर-आँगन बैजनाथको व्यक्तित्वको विकासमा ऊर्वर-भूमि प्रमाणित भयो । अरू मामाहरू-लक्ष्मीप्रसाद र दाताराम सर्वतो भावेन आफ्ना भान्जाको भविष्य निर्माणका लागि कृतसंकल्प रहे । सीवाँका बरालको घर-आँगनमा कयौं भान्जा-भान्जी, चेला-चेली हुर्किए, पखेटा लागेर उडे त्यसको इतिहास अर्कै छ । तर बैजनाथ भट्टराई जति विख्यात र सुधी अर्को भएन भन्ने धारणा राख्तछन् । भान्जाहरूको श्रृंखलामा यो एउटा मानक सन्दर्भ पनि बन्यो । समय, यस्तो पनि रह्यो पं. बैजनाथ नै ताप्लेजुङ्का बराल परिवारका एक्लो भानिजजस्तो देखिनु भयो । यसको कारण हो - उहाँमा देखिने गुण, ज्ञान तथा विश्वसनीयता र कर्मशीलता । वस्तुतः भान्जा र गुरुदाजुकै हैसियतले उहाँ स्नेह-पात्र र आदरणीय रहनुभयो ।

मामाहरूको प्रेरणा र सहयोगले उहाँ शिक्षातर्फ बढी केन्द्रित हुँदै जानुभयो । प्रारम्भिक चरणका गुरुहरूमा - मामा षडानन्द बराल, पं. भोलानाथ दाहाल (मादी), नरपति भण्डारी (साँघु लुकुवा) त्रैलोक्यनाथ भण्डारी (ताप्लेजुङ अमिनी) को नाम आउँछ ।

मामाहरूको सद्भाव र ममता बटुलेर उहाँ पढाइलाई महत्व दिँदै काठमाडौं पुग्नु भयो । वि.सं. १९९० को ठूलो भैचालोको अनुभव उहाँले गर्नु भयो र आँखाभरि कारुणिक तथा भयावह दृश्य देख्नु भयो ।

लेखनाथ पौड्याल (कविशिरोमणि) लाई छात्रावास (पाकशाला ?) बाट विदा गरेको दृश्य बारे पनि मार्मिक प्रसंग सुनाउनु भयो । उहाँका वाचाल मित्र वासुदेव लुइँटेलका बारेमा पछि थाह भयो ।

रानीपोखरी पाकशालामा प्रवेश भएपछि उहाँले सोमनाथ सिग्देल (हेडगुरु) देवीदत्त पराजुली, दधिराम पौडेलको सान्निध्य पाएको चर्चा हामीले पनि प्रसंगवश सुनेका हौं ।

विभिन्न प्रतियोगिता र परीक्षामा पहिलो र दोस्रो भए वापत उहाँले अनेक पटक पुस्तक पुरस्कार पाउनु भयो ।

त्यसरी पुरस्कारमा पाएका पुस्तक कामी डाँडाका कोइरालाको काल-कोठरीमा पचासौं वर्षदेखि बन्दी अवस्थामा छन् । (घरमा बहिनीहरू हुन्थे, पढेर फर्काइदिन्छु भन्थ्यो लान्थ्यो, पुस्तक-प्रेमले हो, गुरु भक्तिले हो - घोपाको घरबाट पुस्तक बाहिरिए । साक्षी छन् पूँजी छैन)

त्यस्ता पुस्तकमा पल्टाउनासाथ एउटा पर्चा टाँसिएको हुन्थ्यो । कुन प्रतियोगितामा कसलाई पहिलो/दोस्रो भए वापत पुरस्कार दिइएको हो - त्यो पूरा विवरण र तिथिमिति समेत उल्लेख थियो । ती पुस्तक उज्यालोमा भए इतिहासमा छोपिएका कयौं कुराको उद्घाटन हुने थियो । धुवाँको रंगले रंगाएका पुस्तक र तिनको जीर्णता टाढैबाट चिनिन्छ । यो पनि रहस्यकै विषय भएर अड्किएको छ । यसबारे वासुदेव लुइँटेलले भन्नुभएको छ :

"खुरुक्क भनिराख्नुपर्ने कुरा यो पनि हो - बैजनाथजीका आफन्त विश्वासपात्र अबन्धु 'बन्धु'-बान्धवहरूले भोलिको निम्ति जगेर्ना गर्न उहाँले पढेका किताब, लेखेका कापी, पत्रपत्रिका पुरस्कार पाएका प्रमाण-पत्रहरू सबै हात पारेर सुरक्षित साथ राखिदिएको कुरो हालसालै पत्तो लागेछ । तर फिर्ता केही पनि हातचाहिं लागेन छ ।

यो पुस्तक निस्केपछि के मिल्यो के मिलन सबै कुरो अध्ययन-अनुसन्धान गरेर आफ्नो साथमा रहेका तिनै पूरा प्रामाणिक कुराहरू समेटेर 'बैजनाथको सच्चा जीवन चरित्र' भन्ने नाम दिएर एउटा ठूलो ग्रन्थ निकाल्ने योजना र अनुसन्धान गर्ने काम चाहिं तिनै अबन्धु 'बन्धु'- बान्धवहरूका कुलीन कामभित्र पर्छ रे ।

अँ, पूर्व खोलो त ब्रह्मचारी षडानन्द अधिकारीको राजकाजमा चलेको ठाउँ हो कि । ठगहरूको वासस्थान त पक्कै होइन है ।" *गुरुदेव पं. बैजनाथ भट्टराई: उत्सर्ग र सिद्धि पृ. १२८-१२९ (२०५७)*

वि.सं. १९९४ मा यमुनादेवी (उहाँकी धर्मपत्नी) तीर्थका लागि काठमाडौं आउनुभयो र उहाँलाई फकाएर-मनाएर घर साँघु लिएर जानुभयो । अब वंश विकासको क्रम शुरु भयो । वि.सं. १९९६ मा जेठा छोरा विश्वनाथको जन्म भयो । जन्मेका १२ सन्तान मध्ये २०७४ सालसम्म ९ सन्तान थिए । यसपछि यो संख्या घट्न थाल्यो । उहाँका केही छोरा-बुहारी, नाति-बुहारी र पनाति-पनातिनाहरू अमेरिका, अस्ट्रेलिया र क्यानडासम्म पुगेका छन् ।

एउटा उल्लेख्य प्रसंग पनि छ- उहाँले पत्नी वियोग तथा नाति, नातिनीको शोक पनि सहनुपऱ्यो ।

मधेस झर्ने लहर चल्यो । वि.सं. २०१५ मा मधेस झर्नु भयो । ढुकुरपानीसम्म पुगेर फर्कनु भयो र अन्त्यमा मावली बरालहरू भएको ठाउँमा पानबारी, पाँचकन्या गा.वि.स.मा वास गर्नुभयो । धरानमा विद्युत प्राधिकरणको छेउमा पनि घर थियो । पछि तल्लो घोपामा बनाउनुभयो । यहींबाट पुस्तक बाहिर गए । फिर्ता हुने आशा निराशामा परिणत हुँदै गएको छ ।

पानवारी आजभोलि धरान नगर-६ मा पर्छ । मधेसको मूल घर यही हो । उहाँकी पत्नी यमुनादेवीको निधन यहीं भएको हो । यो घर साहिला छोरा योगेश्वर र बुहारी फुमाको संरक्षणमा रह्यो । योगेश्वरपछि (२००४-२०७५) नाति पीताम्बर र बुहारी सुशीलाबाट त्यहाँको सम्पदा संरक्षित छ ।

पानवारीको घरको मूल श्रृंगार भनेका पं. बैजनाथका दुई पनाति छन्, अर्थात् साहिला छोराका नातिहरू - आशुतोष र आशीष । यी इन्जिनियरिङ तर्फका विद्यार्थी हुन् ।

पं. बैजनाथको परिचय गुरुको रूपमा नै मिल्यो र पहिलो परिचय नै यही हो । काव्य, व्याकरण र गणितमा धेरै विद्यार्थीहरूले विज्ञता हासिल गरे । यसको श्रृंखला लामो छ । शिक्षण व्यवसायबाट अवकाश लिएर पनि विद्यार्थी र ज्ञानपिपासुहरूको घेराबाट उहाँ टाढा रहन सक्नुभएन । निद्रा र शोच-कर्ममा बाहेक अरू वेला शिक्षा र ज्ञान-विमर्शमा नै संलग्न रहनुभयो । यस किसिमको जीवन-चर्यामा उहाँ रमण गर्दैरहनु भयो ।

घरानको पानवारीमा गृहस्थ जीवनमा रहँदा गरिने र परिवारको आर्थिक भारलाई टेवा दिने खालका सानातिना र संभव उद्यमहरूमा निरन्तर प्रवृत्त हुनुभयो । तर साना आयुका सन्तानलाई शिक्षा-पथमा प्रवृत्त गराउन बाँकी थियो । त्यसैले फेरि मेदिबुङको मौलाडाँडाको बालसुबोधिनी संस्कृत पाठशालामा पुनः शिक्षण कार्य थालेपछि उहाँले वंशावलि-ग्रन्थका लागि पनि आफूलाई संलग्न गर्नु भयो । परिणाम स्वरूप २०२४ सालमा भट्टराई वंशावलि र बराल वंशावलि दुई ग्रन्थ प्रकाशित भए । बराल वंशावलि मातृकुलतर्फ उहाँको तर्पण हो भन्ने लाग्छ ।

अवकाशपछि अध्ययनतर्फ अझ बढी लीन हुनुभयो । प्राचीन दर्शन शास्त्रहरूको मित्रतामा आफूलाई बिर्सदै जानु भयो । ब्रह्मसूत्र, पञ्चदशी जस्ता ज्ञानगम्भीर ग्रन्थको अवगाहनमा प्रवृत्त हुँदै रहनुभयो । ती ग्रन्थहरूको अनुवाद

पनि गर्नुभयो । म आफै पनि साक्षी-बालक छु - परदेश-यात्रामा उहाँको पुस्तक र धोतीको झोला बोक्ने र सद्विचार सुन्ने पात्र सायदै अर्को पुत्र होला ! उहाँको औंला र लुगामा मसीको दाग लागेका दृश्य आज पनि संझनामा छ । यथार्थत: मेदिबुङको बालसुबोधिनी संस्कृत प्रधान पाठशाला छोडेपछि उहाँको कलमले झन् झन् गति लियो ।

उहाँ ज्ञानगुरु हुनुहुन्थ्यो । त्यसैले होला वेदपुरुष वा उपनिषद् पुरुषको भावले चिनिनुभयो । उहाँलाई अज्ञातशत्रुको रूपमा हेरिन्थ्यो । अपवादमा दुई जीव रहेको संकेत भट्टराई वंश दर्पण (२०३९) को सम्पादन कर्मका साक्षीहरूले गरे । यो प्रसंग नसुक्नु श्रेयस्कर बन्यो । उहाँ आजीवन सरस्वतीको सेवक तथा ज्ञानमार्गको उपासक भएर रहनु भयो । ईश्वरतत्व स्वीकार गर्ने तर प्रतिमामा देवत्वको अनुमोदन चाहिं, सामाजिक पक्षबाट हो कि लाग्छ ।

भट्टराई वंशावलि शिवको आराधनाबाट थालिएको छ ।

सुन्दर अक्षर, सफा लेखाइ र स्पष्ट अभिव्यक्तिमा आएका सामग्री सरल र सुबोध छन् । उहाँका प्रकाशित कृतिहरूको सूची यही हो :

१. भट्टराई वंशावली (२०२४)
२. बराल वंशावली (२०२४)
३. जूठो सूतक निर्णय (२०३८)
४. दर्शन परिचय (२०४०)
५. सनातन धर्म प्रश्नोत्तरी (२०४४)
६. बैजनाथ गीता (लोकलयमा अनुवाद-२०४४)
७. हिन्दू सनातन धर्म प्रश्नोत्तरी (२०४६)
८. बैजनाथ कोश (२०७३)
९. पञ्चदशी (भाषानुवाद (२०७४)
१०. गीता (शाङ्कर भाष्यको अनुवाद) २०८०

उहाँका कृतिहरू नृतत्व शास्त्र, नीति, स्मृति, दर्शन सद्व्यवहार र भाषामाथि केन्द्रित छन् । आफ्नो विद्वत्ता र गाम्भीर्य प्रस्फुटित देखिए पनि संयम र विनयले गोपित/रक्षित रहेको आभास हुन्छ । परनिन्दा उहाँको वाणीमा थिएन । विनोद बालसखा वा सन्ततिभित्रै थियो । उहाँ सर्वप्रिय भएरै जानु भयो । किन्तु हामीले के गर्‍यौं र के गर्नु थियो त्यो शेष छ । आफैंलाई प्रश्न गर्ने स्थिति छ कि न !

उहाँ ज्ञानमय, ज्योतिमय हुनुहुन्थ्यो । समदर्शीको दृष्टान्त एउटै पर्याप्त होला - उहाँको दृष्टिमा छात्र र पुत्र फरक थिएन । परनिन्दा नगर्ने, आत्म श्लाघाबाट जोगिने तथा प्रशंसा नरुचाउनेहरूमा उहाँको नाम अब्बल दर्जामा छ भन्छन् उहाँलाई बुझ्नेहरू । सरल प्रकृतिको जीवन पद्धति, सधैं विनय र मितसंवादमा उहाँले आफूलाई अग्रसर गर्नुभयो । आश्चर्य छ- अरूको संवाद उहाँका कानमा पुग्दैनथ्यो । नीति श्लोक र प्रेरक सूक्ति यथा अवसरमा व्यक्त हुन्थे ।

गाउँ-घरमा नाता सम्बन्धकै हैसियतले व्यवहार चल्यो । पठित, पण्डितकै परिचय पर्याप्त भयो - भन्न, सुन्नका लागि । त्यसैले कौटुम्बिक पहिचान बाहेक उहाँको ज्ञान वा विद्वतापूर्ण व्यक्तित्व साँघु गाउँको समाजले जान्दथ्यो भन्ने लाग्दैन किनभने गाउँघर उहाँको मूल थलो भए पनि कर्मक्षेत्र चाहिं बाहिर नै थियो । सुनेर, भनेर जान्ने धेरै भए तर उहाँलाई ज्ञानी र सत्पथको यात्री भनेर बुझ्नेहरू थोरै नै थिए भन्न संकोच मान्ने स्थिति रहेन ।

यो सँगै अर्को कुरा पनि छ, ज्योतिषी, टाउके, थरी, मुखिया, महाजन, सरदार परिवारको श्रृंखलामा पं. बैजनाथ पनि हुनुहुन्छ भनेर शायदै भन्थे । विशेषतः उहाँलाई पंडित भनेरै चिने । किन्तु सत्य यो पनि हो- पं. बैजनाथ सरदार खानदानकै वंशज र कान्छा सरदार अनिरुद्धको पुत्र हुनुहुन्छ । मूल सरदार चाहिं जेठा गौरीकान्त नै हुन्- बैजनाथका ठूलो बुवा अर्थात् जेठा बा । त्यसैले पनि उहाँलाई यो परिचयमा सरदार परिवारको सदस्यहरूको श्रृंखलामा संयोजित रहेको तथ्य उल्लेख गरिएको हो । यही कुरा वंशावलिले पुष्टि गर्दछ ।

आवा कल्याण संस्थाद्वारा पं. बैजनाथ भट्टराईको अभिनन्दन गरिएको थियो । सो अभिनन्दन श्रावण १, २०५७ का दिन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसादका हातबाट प्रदान गरिएको थियो । वृद्धावस्थाका कारण स्वास्थ्य ठीक नहुँदा समारोहमा उपस्थित हुन सक्नुभएन र अभिनन्दन पत्र, उहाँका माहिला छोरा डमरुवल्लभ भट्टराईले बुझ्नुभएको थियो ।

त्यसपछि पनि उहाँको कलम रोकिएन । भर्खरै उहाँका पञ्चदशी र गीता (शाङ्करभाष्य अनुवाद) प्रकाशित भएका हुन् । यो महत्वपूर्ण कार्य उहाँकै नाति भरत भट्टराई (स्वास्थ्य मन्त्रालय) को सक्रियतामा पूर्ण भएको हो । प्रकाशकीय भरत र उषाप्रति शतशः धन्यवाद ज्ञापन गर्दछ ।

उहाँको निधनको क्षण पनि अविस्मरणीय रहेको छ । शौचबाट फर्केर आएपछि छोरा बुहारी एकराज, जमुना र मित्रराजलाई भन्नुभयो- 'अब तिमीहरू

जाओ । म विश्राम गर्छु ।' उनीहरू पुगेर ढोका खोल्दै थिए । फोन गयो । उनीहरू तुरुन्तै फर्किए । आधा घण्टाको अन्तरालमा उहाँ भेटिनुभएन । २०५८ साल फागुन ७ गते बिहान पिताजी आमालाई भेट्न जानुभएछ ।

ओछ्यान परेर कसैको सेवा लिनु परेन ।

अर्को लोकको यात्रा सुखद मानियो ।

अचम्म !

भौतिक देह विसर्जन गर्नुभयो

यसरी वेदपुरुषको मंगल यात्रा भो !

पं. बैजनाथ भट्टराईलाई विद्वत्ता विनय र विवेकको अवतार ठान्नेहरूका श्रृंखलामा उहाँ आज पनि श्रुति परम्पराबाट जीवित रहँदै आउनुभएको छ । उहाँको व्यक्तित्वका कयौं आयाम 'गुरुदेव पं. बैजनाथ भट्टराई : उत्सर्ग र सिद्धि' (२०५७) मा संग्रहित छन् । किन्तु पूर्णता अझै शेष होला ।

यथार्थमा पं. बैजनाथ भट्टराई गुरुको व्यक्तित्वले नै चिनिनु भयो । पहिलो चिन्हारी यही हो । उहाँ विद्वान् हुनुहुन्थ्यो, किन्तु विद्यार्थीवर्ग संझन सक्ने छिमलको थिएन त्यसवेला । उहाँ एउटा न एउटा कर्ममा सधैं प्रतिबद्ध / संलग्न हुनुभएकोले उन्मुक्त स्थिति रहेन । प्रचार, विज्ञापन, प्रशान्ति र अतिरञ्जनामय संवाद, प्रत्यक्ष प्रशंसा-श्रवण आदि अवाञ्छित कुराबाट सधैं टाढा रहनुभयो । संक्षेपमा भनौं आत्मप्रशंसा र परनिन्दाबाट रमाउने स्वभाव उहाँको थिएन । उहाँको विद्वत्ताको पोषण दार्शनिक कृतिले गरेका छन् । यथार्थमा उहाँ अध्यात्म दर्शनको ज्ञानी हुनुहुन्थ्यो - सन्मार्गको यात्री ! अनि अरूका लागि प्रेरक पनि ।

धेरै पक्षबाट उहाँ दृष्टान्त वा आदर्श बन्नुभएको छ - नीति, व्यवहार र मर्यादामा । त्यसको चर्चा गर्ने मौका फेरि आउला । जसले गर्दा पनि हुन्छ, फाँट खुला छ ।

००

प्रकाशकीय

प्रबोधन

यो दोस्रो संस्करण हो ।

पं. बैजनाथ भट्टराई, भट्टराई कुलको पहिलो वंशावलि लेखक हुनुहुन्छ । उहाँले २०२४ सालमा भट्टराई वंशावलि आफैं प्रकाशित गर्नुभएको हो । यस ग्रन्थले आफ्नो परिचयमा तल्लो घोपा धरानबाट पहिलो संस्करण लिएको जनाएको छ ।

यो वंशावलिको माग धेरै पहिलेदेखि नै भएको हो । वंशवृत्तसँगै कुल-परम्परागत मान्यता, व्यवहार र विधि-विधानलाई जान्ने, बुझ्ने र अनुगमन गर्ने सोचले प्रेरित रहेर यसको माग बढेको होला भन्ने विश्वास छ । यसलाई भट्टराई बन्धुजनको प्रेम र सद्भाव हो भन्ने ठानेका छौं । त्यसैले दोस्रो संस्करण ल्याएका हौं ।

यद्यपि पं. बैजनाथ भट्टराईका १० कृतिहरू प्रकाशित भइसकेका छन् । किन्तु वंशावलिको प्राथमिकता रहेको बुझिएकोले ५७ वर्षपछि दोस्रो संस्करण प्रकाशित गर्न लागिएको हो । कयौं ग्रन्थको प्रथम संस्करण नाति पुस्ताबाट पनि हुन थालेका छन् । यो संस्करणमा पनि नाति पुस्ताको सहयोग रहेको छ । मधेसको मूलघरमा नाति पीताम्बर भट्टराई र कुलवधू सुशीललाई यस पुनीत कर्ममा संलग्न गराएका छौं । उनीहरू सदैव धन्यवादका पात्र रहनेछन् ।

पुनःप्रकाशनको क्रममा कतै मात्र थोरै स्पर्श गरिएको छ । पहिलो संस्करण (२०२४) को पृष्ठ ५९ अर्थात् श्लोक २८८ पछि मुखिया परिवारका एक सदस्य रुद्रनाथको वंश-सोपानलाई त्यस्तै पृष्ठ ७१ मा तीन हरफ थपिएका छन् । अरु यथावत् छ । पुराना पाठकलाई सहज होस् भन्ने सोच राखेर पुरानै ढंगले श्लोक संख्याको निर्वाह गरिएको छ ।

भट्टराई कुलसँग संबन्धित वंशावलिहरू बारम्बार देखापर्दै छन् । यो स्वागतयोग्य यत्न हो । २०२४ देखि २०७८ सम्म प्रकाशित वंशावलि-ग्रन्थहरू

आञ्चलिक (क्षेत्रीय ?), शाखागत र समग्रतातर्फ लक्षित-केन्द्रित रहेका पनि छन् । विविधताका साथ प्रकाशित हुनु प्रगतिको लक्षण हो भन्नुपर्छ । वंशवृद्धिसँगै ग्रन्थहरूको परिष्कार, प्रवर्द्धन र संश्लेषण कार्य हुँदैरहन्छ । यो स्वाभाविक प्रक्रिया हो । आशा गरौं यसले निरन्तरता लिनेछ ।

आजसम्म उल्लेख भएका भट्टराई वंशावलि-ग्रन्थहरूको श्रृंखला यस्तो छ :

१. पं. बैजनाथ भट्टराईको भट्टराई वंशावली (२०२४) ।
२. गोविन्दप्रसाद भट्टराईको संक्षिप्त भट्टराई वंशावली (....) नारायणघाट
३. धन्वन्तरी रत्नमणि भट्टरायको भट्टराय वंशावली (२०३४)
४. भट्टराई वंशदर्पण (२०३९, २०७४) सामूहिक प्रयास
५. भट्टराई वंशावलि (२०६५) सम्पा. विष्णु प्रसाद शर्मा भट्टराई समेत
५. मुकुन्दराज भट्टराई 'रविलाल भट्टराई वंशदर्पण (२०७४)
६. भट्टराई वंशावलि : आ.वा. सेवा समाज (२०७८)

संक्षिप्त भट्टराई वंशावलिको चर्चा प्रा. शरच्चन्द्र भट्टराईले (सिफल) गरेका छन् । 'भट्टराई वंशदर्पण'मा पनि भ्रम र अस्पष्टता रहेको उल्लेख गरेका छन् । (द्रष्टव्य : गुरुदेव पं. बैजनाथ भट्टराई उत्सर्ग र सिद्धि (२०५७) पृष्ठ ३०५-३०८)

यी वंशावलि र वंशदर्पणहरूको तुलनात्मक र ऐतिहासिक अध्ययन हुँदै रहला । वंशावलिका नयाँ-नयाँ ग्रन्थहरूमा वंश-विस्तार क्रम बाहेक पुराना कतिपय कथ्य-वस्तुको उपेक्षा र गोपन कदाचित भएको छैन, कतै हिजोलाई नदेखेको छैन, मौलिकताको अभाव खड्किएको छैन, कयौं महत्वपूर्ण प्रसंगलाई शैली र भाषा फेरेर प्रकारान्तरले स्थानान्तरण गरिएको छैन तथा कयौं पुराना जूठा कुरालाई खान विवश गराइएको छैन कि न ! त्यसो भए पारखीहरूले तुलना गरेर निर्देशन गर्नेछन्, त्यो पनि स्वीकार्य हुनेछ भनेर हामीले उदात्तभाव देखाउनै पर्ला ।

वंश-विकासको इतिहास बाहेकका कयौं कथ्यहरू हाम्रो जग, पृष्ठभूमि वा परम्परागत मान्यतामा जीवित छन् । जस्तो शिवगणसँगको संबन्ध, आदिमष्टको आगमन र त्यसको व्यक्तित्व र त्यसप्रति हाम्रो आस्था, बाह्र मण्डलीको महत्व, आदिमष्ट र बाह्रमण्डलीबीच मामा-भानिजको संबन्ध, समान अस्तित्व तथा तिनको सत्ता र शक्तिको सीमा र मर्यादा आदि कुराको गहन संकेत त

पं. बैजनाथ भट्टराईले आफ्नो कलमले गर्नुभएकै हो । पहिलो वंशावलिमा यस्ता महत्वपूर्ण सन्दर्भहरूको प्रवेश अनिवार्य र औचित्यपूर्ण नै लाग्दछ । सुदीर्घ परम्पराको ऐतिहासिक टिपोटले वंशावलि-ग्रन्थलाई सारगर्भित र खोजपूर्ण तुल्याउन बल दिएको छ भने हेक्का मिल्छ ।

धामीहरूको सहयोगीमा लट्टे झाँक्री, सुन्दरे, लाटो, भोटे र रिट्ठे आदिको चिह्नारी, नयाँ पुस्तालाई पनि मिलोस् भन्ने कामना देखिन्छ । टोलीको पूर्णतालाई प्रच्छन्न राख्न कहाँ मिल्थ्यो र ! त्यसैले वंशावलि-ग्रन्थको पूर्णताका लागि यी सहयोगी-पात्रहरूको प्रवेश धामी-परिवारकै मित्र सदस्यका रूपमा गृहीत देखिन्छ । यसरी पं. बैजनाथले धामी परिवारको पूर्णतालाई विवेकपूर्ण ढंगले आह्वान गर्नुभएको प्रतीत हुन्छ ।

पुरश्चरण, देवबलि दिने स्थल, त्यसको भित्री स्वरूप, त्यहाँको अनुष्ठान विधि र बलिदानमा निखुनी/निर्दोष सेतो वा निख्खुर कालो बलि स्वीकार गर्न धामीहरू आ-आफ्नो मर्यादाभित्र सचेष्ट रहन्छन् । विधि र निषेधको निर्वाह अद्यापि छँदैछ । त्यसैले उपासनाको विषय आलोच्य हुँदैन ।

पं. बैजनाथले उल्लेख गरेका कुराहरू परम्परागत, व्यवहारसम्मत र स्थापित भएका हुनाले अनिवार्यतः संहिताभित्रकै विविध पक्ष हुन् भन्ने देखाइएको छ । संभवतः अनुष्ठानविधि र प्रक्रिया पूर्ण र त्रुटिरहित हुनुपर्छ भन्ने संकेत हो । शास्त्र, लोक-व्यवहार र कुल परम्परालाई सर्वोपरि महत्व दिएर नै वंश-विस्तारको श्रृंखलालाई अग्रसार गरिएका हुँदा पृष्ठभूमिमा आएका व्याख्या-विस्तार आधिकारिक र निर्वाहयोग्य रहेको लाग्दछ ।

वंश-विस्तारसँगै वंशावलि-ग्रन्थहरू तयार हुँदै र प्रकाशित हुँदै रहनुपर्छ । यो हाम्रो रुचि र आवश्यकताको कुरा हो । यसका लागि प्रत्येक पुस्ता जाग्रत रहोस् भन्ने कामना रहन्छ । त्यसैको प्रतिफल हो - अनेक आकार-प्रकारमा वंशावलिको प्रकाशन । प्रयत्न स्तुत्य छ । वंश-विकासको ऐतिहासिक परम्परामाथि गर्व गर्नैपर्छ । यसले महत्व पाउँदै रहोस् भन्ने कामना छ ।

पं. बैजनाथको वंशावलि लेखनको संलग्नता र आधार किञ्चित् फरक पनि छ । उहाँ जुन परिवारको सदस्य हुनुहुन्छ त्यो परिवारसँग घाँड, चमर र कुलको दीयो हुन्थ्यो र त्यसै परिवारबाट विधिवत् निकाल्ने परम्परा थियो ।

आमाले अनि भाउजुले कुलको दीप बालेर अनुष्ठानस्थलतर्फ लगेको अनुभव आज पनि ताजा छ । हो, घुम्दै-फिर्दै आउने पालो र परम्पराकै एउटा बिसौनी बन्यो हाम्रो सरदार परिवार पनि ।

हाम्री सरदारनी आमै वसुन्धरा (मेरी जेठी हजुर आमा) को आज्ञा र निर्देशन अनुसार नै यो सुकर्म सम्पादन गर्नुपर्थ्यो । त्यसैले पनि कुलको विधि-विधान र रीत बुझ्न पं. बैजनाथलाई असहज भएन । उहाँले वंशावलि मार्फत हाम्रा मान्यता, विश्वास, परम्परा, सांस्कृतिक पद्धति, धार्मिक स्पर्श तथा पारिवारिक स्वच्छता र आरोग्य कामनाका साथ वंशावलि लेख्ने योजना थाल्नुभएको हो कि ! कुल र पारिवारिक एकाइका आन्तरिक विधि र व्यवहारसँग परिचित भएकै कारण यो गहन क्षेत्रलाई हेर्ने संकल्प गर्नुभएको हो भन्ने लाग्छ ।

पं. बैजनाथको वंशावलिमा केही यस्ता विषय र प्रसंग पनि छन् जो खोज-अनुसन्धानका पक्षबाट सारगर्भित र रहस्यमय लाग्दछन् । कुल परम्परा, लोकविश्वास, तन्त्रविद्या र योग साधना तथा चिकित्सा विधान र वंशकल्याणको रहस्य विद्यमान देखिन्छ । उहाँको वंशावलि लेखनको रुचि र औचित्य बारे बुझ्न अझै सकिएको छैन । समय लाग्ला । त्यो ज्ञानी, विद्वानहरूकै जिम्मा छोडौं । भाषा र भाकाको सुन्दर समन्वयको दृष्टान्त पनि यहीं छ ।

द्रष्टव्यः शीर्षक, सांकेतिक र एकाकक्षरी-दुई अक्षरी वर्णलाई यथावत राख्ने यत्न छ । विषयसूचीलाई विस्तारमा प्रस्तुत गरिएको छ ।

oo

साँघु गाउँका उन्नायक

भट्टराईको वंशावली सर्वप्रथम साँघु गाउँले दिएको हो । माटो हाम्रो आधार हो, जीवन हो, अस्तित्व हो । माटोमा विचित्र शक्ति हुन्छ । अविस्मरणीय सुरभि रहन्छ । हो माटो रसिलो पनि हुन्छ, ऊर्वर पनि हुन्छ । यी र यस्तै अनेक कुराले होला साँधु गाउँको महिमा छ ।

यद्यपि नेरुवा र माङ्माया खोलाको बीचको भू-भाग साँघु हो किन्तु ताम्राङ् र ओदकलाई समेटेर साँधुको परिकल्पना गरिएको छ यहाँ । र यो हिजोको साँघु हो । लिम्बुवान क्षेत्र हो, लिम्बू जातिकै प्रभुत्व छ ।

इतिहास त यति मात्रै हो - पुरानो पारामा पूर्व ५ नं. ताप्लेजुङ, मैवाखोला थुम, साँघु भनिन्थ्यो । र यसको अमिनी फुङ्लिङ्मा थियो । आज पनि सदरमुकाम यहीं छ । पञ्चायतकालमा साँघु गाउँ पञ्चायत, र पछि साँघु गाउँ विकास समिति (गाविस) भयो । केही समय तेह्रथुम जिल्लामा पनि गाभियो साँघु, र फेरि ताप्लेजुङमा नै फर्कियो । राज्य-विप्लव आएन भने अब संखुवासभा गाभिन बाँकी छ । साँघु जहाँ पुगे पनि मैवाखोला थुमको केन्द्रमा नै रहेको छ । किनभने यस भेगको चिन्तन पनि, दृष्टि पनि र उचाइ पनि साँघु नै हो । त्यसैले यहाँको माटो किञ्चित पृथक् अस्तित्व र गरिमाले चिनिन्छ । यसो भन्ने आधार पनि हामीसँग छन् ।

पूर्व फर्केको ताम्राङ् र ओदकका साथमा पूर्वतर्फको साँघु आफै उत्तर फर्केको छ । मेन्छ्यायेमको यौवन, मिल्केका गुराँसबारी र जलजलेको हिम-श्रृंखलालाई मुकुट बनाएर बसेको साँघु भट्टराई, भण्डारी पोखेल, ढुंगाना र बरालहरूको पाण्डित्यको विवेक-जलले अभिसंचित भन्नुपर्छ । पं. बैजनाथ भट्टराई यसै ठाउँको हुनुहुन्छ भन्दा साँघुवासीजन आज पनि उहाँलाई सम्मानको भावले लिन्छन् । अघिल्लो पुस्तामा पं. नरहरि भण्डारी, पं. शिवराज बराल, कपिलमुनि पोखेल, गौतम, ढुङ्गाना र डिल्ली थोप्रा (लिम्बू) यसै श्रृंखलाका अविस्मरणीय व्यक्तित्व हुन् ।

सामाजिक सांस्कृतिक दृष्टिले लक्ष्मीप्रसाद कोइराला (काइँला कोइराला), भ्यामलाल (भीमलाल) भट्टराई र छत्रबहादुर प्रसाई उत्तिकै आदरणीय रहेका

छन् । धनबल र जनबल रङ्गलाल भट्टराई र नन्दलाल सुवेदी चर्चित रहे । किन्तु सुब्बाहरूको योगदान उच्च छ छोप्न मिल्दैन । रचनात्मक दृष्टिले यी अगाडि छन् ।

उल्लेख्य सन्दर्भ के छ भने सायम्बा हाङ्ज्यूले वि.सं १८०१ मा धर्मशाला निर्माण गरी त्यसको संचालनमा चाहिने आर्थिक कारोबारको व्यवस्था त्यसै पाटी (धर्मशाला)को वरिपरिको जग्गा गुठी राखेका र त्यतिले अपुग भए आरुबोटे ओदोङ्गे खेत पाटीकै संचालन-संरक्षण गर्न थपेको प्रमाण साँघुपाटीको शिलालेखमा अंकित छ ।

सुब्बा कुबेरजंग, पूर्णबहादुर चोङ्वाङ, कृष्णबहादुर यी छोरा, नाति पनातिहरूले यस बाटोको इतिहास स्थापित गरेका छन् । यस्तै अर्को पाटी-सत्तल पनि छ । पहिले यसै ठाउँमा सतल बजार भनेर औंसी-पूर्णिमामा बजार लाग्थ्यो । अहिले यो बजार साँधु पाटीको आँगनमा लाग्छ ।

नेरुवा खोलामा साँघु थाप्न लाग्दा भट्टराई परिवारका कयौं सदस्य एकैसाथ खोलामा बगेको इतिहास पनि छँदैछ । यस्ता कयौं दानवीर र समाजसेवीहरूको श्रृंखला आज पनि छ । यो हिजोको झिल्का संकेत मात्र हो । शेर्पा र तामाङ् जाति पनि सामाजिक सांस्कृतिक क्षेत्रमा मुट्ठी खोलेर जुटेको लामो इतिहास छ ।

विदेशको सैन्यसेवा र पारिवारिक उत्थानमा यहाँको याक्थुम जाति कम सक्रिय रहेन । सामाजिक क्षेत्रमा यिनले पुऱ्याएको अमूल्य योगदानको इतिहास निर्माण कार्यबाटै बढी देखिन्छ । यो प्रसंग अत्यन्त प्रेरक र सम्मानित देखिएको छ ।

स्वदेशको सेनामा पनि साँघु गाउँका जनशक्ति बडो तत्परताका साथ जुटेको छ । कुनै समुदाय पछि परेका छैन । अनेक पेशा र दर्जामा साँघुले हामीलाई अग्रसर गरेको छ । यस प्रसंगलाई यसरी, वर्गीकृत ढंगले सूचीबद्ध गर्न सकिन्छ :

शिक्षकदेखि प्राध्यापकसम्म
सुब्बादेखि सचिवसम्म
प्रधानपञ्चदेखि सांसद र मन्त्रीसम्म
निर्देशकदेखि आयुक्तसम्म
नर्सदेखि चिकित्सक, कविराज र फार्मेसी विशेषज्ञसम्म

इन्जिनियरदेखि प्रोफेसर डीनसम्म
वकीलदेखि न्यायाधीशसम्म
लोक-गायकदेखि फिल्म निर्मातासम्म
पत्रकारदेखि, गुप्तचर र विकासप्रेमीसम्म
कवि, विद्वान् र दार्शनिकदेखि स्रष्टा साधकसम्म
दाता, समाजसेवीदेखि शिक्षाप्रेमीसम्म तथा

प्रहरी सेवादेखि सैनिकसेवासम्मको जनशक्ति उत्पादन गरेर मुलुकमा र देशान्तरसम्म साँघु गाउँले योगदान गरेको छ ।

नयाँ पुस्ताको प्रगतिबारे तथ्याङ्क हेर्न शेष छ । साँघुका निवासीहरू परस्पर एक-अर्को जाति, समुदाय वा गोत्रप्रति सद्भाव राखेरै अग्रसर रहेको देखिन्छ । कलह कहिल्यै भएन । कुम्भकर्ण हिमालले हामीमाथि विवेक दृष्टि पुऱ्याएकै ठान्छौं । हामीले पाथीभरा माईको कृपा पाएकै छौं । कञ्चनजङ्घाको काखमा बसेकै छौं । नेरुवा र माङ्मायाको पानी कमजोर कहाँ हुन्थ्यो र !

०००

हाम्रो विस्तार
कृष्णपतिको शाखाभित्र

साँघु गाउँका अग्रदूत वा उन्नायकहरूमा लिम्बू (सुब्बा) वा अन्य सरह भट्टराई परिवार पनि पर्दछन् । यस ठाउँको विकास र स्वाभिमानको रक्षाका लागि यहाँका सबै समुदाय स्मरणीय र आदरणीय रहेका छन् । यिनको आफ्नै इतिहास छ ।

भट्टराईहरूमा ज्योतिषी, टाउके, थरी, मुखिया, सरदार खाल भनेर वर्ग-वर्गमा चिनाइन्थे-चिनिन्थे । यो चलन आज पर्यन्त छँदैछ । 'महाजन' उबेला सम्मानजनक परिचय थियो । रङ्गलाल, भ्यामलाल (भीमलाल) नन्दलाल (सुवेदी) विद्यापति कोइराला इज्जतसाथ चिनिन्थे । निरौला, घिमिरे र प्रसाईंको आफ्नै महिमा छ ।

सत्रौ पुस्ताका कृष्णपति भट्टराईको परवर्ती पुस्तामा विद्यापतितर्फ सरदार गौरीकान्त (जेठा) र कान्छा अनिरुद्ध (२१) भए । 'भट्टराई वंशावली'का लेखक पं. बैजनाथ भट्टराई सरदार परिवारकै सदस्य हुँदा यो श्रृंखलामा २५ सौं पुस्तासम्म टिपोटमा लिइएको छ । त्यस्तै तुलसीरामतर्फ (१८) देखि (२५) सम्मको वंश-विकासलाई लिइएको छ ।

प्रत्येक वर्गका सदस्यलाई तिनका अग्रज पुस्ताले वंश-विकासको इतिहास लेख्ने प्रेरणा दिउन् आशीर्वाद बोलुन् । यही कामना छ । यहाँ कृष्णपतिको एक शाखा परवर्ती वंशावलिको आधारमा रेखाङ्कन गरिएको छ :



वर्तमानको २५ सौं पुस्तका केही बाल-सदस्यहरूलाई एकत्र संचित गरिएको छ- उदाहरण स्वरूप । किन्तु पूर्णता होइन ।

२५वेणु, रोशन, अविरल, प्रसिद्ध, अनुश्रुत, हर्षित, प्रजेश

२५आशुतोष, आशीष, विदर्भ, आरभ, आर्नभ, रियान, नेथन, वृषाङ्क, रियोन, तेजस

सरदार गौरीकान्त, नरहरि, यज्ञनिधि, जयकृष्ण, अर्कलाल र अनिरुद्धमध्ये
चार भाइ सरदारको वंश-विस्तारको रेखाङ्कन

[२१]सरदार गौरीकान्तका हर्कलीला र वसुन्धरा दुई देवीबाट



[२३]जयप्रसाद भट्टराई तथा देवमाया र पार्वतीको वंश-विस्तार



[२४]लीलानाथ उमा र विष्णुबाट → [२५]वेणु+विनीता, भीष्म, टंकमाया र हरिमाया (छोरीहरू)

[२४]गोविन्द र चम्पाबाट → गोकुल

[२४]सोमनाथ र गोमाबाट → तपन, विवेक, अर्जुन

[२४]तुङ्गनाथ र लक्ष्मीबाट → किशोर, देवराज, सञ्जु र सिर्जना (छोरीहरू)

[२४]फणीन्द्र → ?

[२४]मातृका ? → हीमा (छोरी)

(यो परिवार असमतिर छ ।)

क्रमशः...

[२३]कुलप्रसाद र हीमाको वंश-विस्तार

(कुलवधू हीमा दाहाल वंशकी छोरी हुन्)

पद्मप्रसाद	रूपनारायण	प्रेमप्रसाद	फणीन्द्र	माधव	गोमा कमला
२०१७	२०२२	२०२५	२०२८	२०३४	सुशीला प्रेमिका

[२४]पद्मप्रसाद र धर्मा
(धर्मा तिंसिना वंशकी छोरी हुन्)
→ [२५]रोशन र सिर्जना → तुलसा
(सिर्जना पौडेल वंशकी छोरी हुन्)
→ गंगा २०४२ माघ
→ रोषिका २०५२ माघ

[२४]रूपनारायण र रञ्जिता
(रञ्जिता पोखरेल वंशकी छोरी हुन्)
→ अविरल
→ रुसाली

[२४]प्रेमप्रसाद र सविता
(सविता निरौला वंशकी छोरी हुन्)
→ प्रसिद्ध
→ शुभा

[२४]फणीन्द्र र रञ्जना
(रञ्जना पोखरेल वंशकी छोरी हुन्)
→ अनुश्रुत
→ अनुस्का

[२४]माधव र भावना
(भावना निरौला वंशकी छोरी हुन्)
→ हर्षित

दिदी-बहिनीहरू : गोमा, कमला, सुशीला र प्रेमिका
(सबैको गोत्र फेरिएको छ)

क्रमशः...

[२१]सरदार गौरीकान्तकी कान्छी सरदारनी वसुन्धरातर्फको वंश-विकास



*ऋषभ ITST अन्तरिक्ष विज्ञानका विद्यार्थी/शोधार्थी हुन् ।
यो परिवार पनि असमतिर छ ।

क्रमशः...

रुद्रप्रसादतर्फ

सरदार रुद्रप्रसादका दुई घरबार हुन् । जेठी हर्कमाया गौतमकी छोरी हुन् भने कान्छी अम्बिका वानाका रेग्मीकी । दुवै घरबाट ४ छोरा र १० छोरी भए । संयुक्त वंश-विस्तार यस्तो छ :



[२३]**देवनारायण**का कृष्णा, हेमा र शोभा ३ घरको वंश-विस्तार



क्रमशः...



देवनारायणका छोरीहरू : पद्मा, सावित्रा, पुष्पा, नीता, मुना र लक्ष्मी

क्रमशः...



हाम्रा कुलवधुहरू :

[२३]कृष्णा खतिवडा वंशकी छोरी हुन् ।
[२३]हरिमाया कोइराला वंशकी छोरी हुन् ।
[२४]शोभा पोखरेल वंशकी छोरी हुन् ।
[२४]अविता पोखरेल वंशकी छोरी हुन् ।

[२१]साइँला सरदार यज्ञनिधि

↓

प्रजापति

↓

२०२४ को भट्टराई वंशावलीमा यज्ञनिधिको नाम उल्लेख छ, किन्तु उनका वंश-सोपानको संकेत पाइँदैन । पछिका स्थूलकाय वंश-दर्पणहरूमा उनको वंश-विस्तारलाई देखाइएको छ । यो स्तुत्य कार्य हो । यज्ञनिधिको वंश-विस्तारको रूपरेखालाई यस रूपमा हेर्न सकिन्छ :



यो परिवार असमतर्फ छ ।

[२१]काइँला सरदार जयकृष्णको सावित्रा र लीलाबाट वंश-सोपान



यो परिवार असमतर्फ छन् ।

क्रमशः...

[२२]प्रेमप्रसाद र गीताको वंश-विस्तार

(सुरुङ्गा)

[२३]पोषराज | लीलावल्लभ | खेमप्रसाद | लक्ष्मीप्रसाद | युवराज | नीलम | पूनम (छोरी)

पोषराज र गीता (गीता उप्रेतीकी छोरी हुन्)
- [२४]नित्यानन्द B.Sc.
- भूमिका
- पुष्पा SLC
- ईशा IA

[२३]लीलावल्लभ र निर्मला (निर्मला मिश्रकी छोरी हुन्)
- [२४]कपिलमणि हाल USA
- कविता B.Sc. हाल USA

[२३]खेमराज र शारदा
- [२४]नीरज (२०६१) सिभिल इन्जिनियर
- निशा (२०५३) +२ की छात्रा
- पूजा (२०५५) कक्षा १० मा पढ्दै

[२३]लक्ष्मीप्रसाद र सावित्रा (सावित्रा अधिकारीकी छोरी र निशा खतिवडाकी छोरी हुन्)
- [२४]विशाल (२०५१), स्तानक, हाल दुबई
- विवेक (२०५२)
- विविशा (२०७५)

[२३]युवराज र सरिता IA
- [२४]निश्चल (२०५२) +२ को विद्यार्थी
- निश्चिता हाल USA

[२३]नीलम र एलिना (एलिना शाही परिवारकी छोरी हुन्)
- [२४]एनी (२०६७)
- आरुसी

क्रमशः...

[२२]भवानी (लक्ष्मीप्रसाद)

↓

[२३]चन्द्रप्रसाद — लीला र निर्मला (छोरीहरू)

चन्द्रप्रसाद इन्जिनियरिङ (मेकानिकल) तर्फका प्राविधिक हुन् । कर्मथलो दमकको चियापसल हो। २०२४ को वंशावलीमा भवानी नाम छ भने पछिकामा लक्ष्मीप्रसाद। उनको वंश-विस्तार दुई देवीबाट यस्तो छ :

जेठी देवी अम्बिकातर्फ → [२४]पूनाम (छोरी) हाल दुबई
जेठी देवी अम्बिकातर्फ → पूजा (छोरी) हाल कलेजकी छात्रा

कान्छी देवी यमुनातर्फ → रेसिका (छोरी) स्कूलकी छात्रा

यमुना गुरागाईं वंशकी छोरी हुन्

- दमक, झापा

(यो काईंला सरदार जयकृष्णको कान्छा छोरातर्फको वंश-विस्तार हो ।)

कान्छा अनिरुद्ध र पद्मावतीको वंश-सोपान

[२२]पं. बैजनाथ र यमुनादेवीबाट ६ भाइ छोरा



[२३]जेठो विश्वनाथ : उनको विवाह भैरवीसँग भएको हो । उनी वानाका रेग्मी डिट्ठा परिवारकी छोरी हुन् । यिनको वंश विस्तार यस्तो छ :



ठूलो माहिलो : सानै आयुमा स्वर्गस्थ ।

[२३]माहिलो डमरुवल्लभ - उनको विवाह श्रीकृष्ण पौडेलकी (चैनपुर) सुपुत्री उमासँग भएको । यिनको वंश सोपान यस्तो छ :



सबैजना अमेरिकामा छन् ।

[२३]साइलो योगेश्वर : उनको विवाह पौंठाक चिम्फाङ्का महाजन बलराम दाहालकी सुपुत्री फुमासँग भएको हो । यिनको वंश विस्तार यस्तो छ :



सबैजना धरान पानबारीमा बस्छन् ।

[२३]काइँलो हरिराज । उनको विवाह प्रोफेसर चन्द्रधर उप्रेतीकी (त्रि.वि. कानून संकायका डीन) छोरीसँग भएको हो । उनीहरूको वंश-विस्तार यस्तो छ :



हाल : मेरील्याण्ड, अमेरिका

[२३]अन्तरे एकराज । कुलवधू जमुना मोहन निरौलाकी छोरी हुन् । यिनको वंश-विस्तार यस्तो छ :



हाल : सबै अमेरिकामा बस्छन् ।

[२३]सानु अन्तरे : एकनाथ (व्रतबन्ध गर्नुअघि स्वर्गवास)

[२३]कान्छो : मित्रराज (विज्ञान)। उनको विवाह टीकासँग भएको हो। उनी डिल्लीराम न्यौपानेकी कान्छी छोरी हुन्। मित्रराज र कुलवधू टीकाको वंश-विस्तार यस्तो छ :



सबैजना अष्ट्रेलिया

पं. बैजनाथका छोरीहरू : ज्ञानी, लेखिका र एम.ए.बी.एल.(?) पनि छन्।

१. राधा (१९९७), कविता (२००९), शान्ता (२०१४)

२. २००० सालका जुम्ल्याई छोरीहरू (स्वर्गस्थ)

साँघुका भट्टराई परिवारमा बहुविवाह र जुम्ल्याहा सन्तानको विकासले आजसम्म निरन्तरता लिएको छ।

देशान्तरमा हामी

प्रारम्भिक चरणमा, अन्य स्थानबाट जस्तै साँघुगाउँबाट देश-देशान्तरसम्म वेग मार्नेहरूमा लिम्बू (किरात) दर्जी, शेर्पा, तामाङहरू नै थिए । समयको प्रवाहसँगै दक्षिण एशिया (सार्क) क्षेत्रभन्दा पर पुग्नेहरू श्रम, सीप र ज्ञानको खोजी गर्दै दूरस्थ महादेशसम्म पनि पुगे । त्यसतर्फ जानु, पुग्नु र बस्नुको उद्देश्य फरक भयो होला, किन्तु टिपोट आवश्यक भइदिन्छ । तिनैबाट इतिहास लेखिन्छ, तिनैलाई शिरमा राखेर ।

सैन्य क्षेत्रको तथ्याङ्क लिनु उचित नहोला तर साँघु गाउँबाट अध्ययन तालीमका लागि संयुक्त राज्य अमेरिका (USA) जाने पहिला व्यक्ति सरदार परिवारका सदस्य हुन् - डमरुवल्लभ भट्टराई । यो २०२७ सालको कुरा हो ।

त्यसपछि विश्वका अनेक मुलुकमा साँघुको युवा पुस्ता फैलदै गयो । यसको संक्षिप्त टिपोट यस्तो छ, किन्तु पूर्णतामा दावी छैन । मध्यपूर्व : अरब, युके (लण्डन), अमेरिका, क्यानाडा, अस्ट्रेलियातर्फको संकेत यस्तो छ :

दुबई

सरदार परिवारबाट :

[२३]चन्द्रलालकी छोरी पूनम (दमक)

[२३]चन्द्रलालको छोरा विशाल

[२१]काहिला सरदार जयकृष्णको वंश-विकास हो ।

लन्दन, यू.के.

महाजन परिवारबाट :

[२३]भवानीप्रसादका सन्ततिः

[२४]नवराज र श्रीमती

[२५]नायवी

[२५]नायव

(यी महाजन भीमलाल (भ्यामलाल) का नाति-पनाति पुस्ताका परिवार हुन्)

उत्तर अमेरिका (USA)

तीनतले परिवारबाट :

[२३]खडानन्द भट्टराईका सन्ततिहरू

[२४]कृष्णप्रसाद र रीताका सन्ततिहरू :

[२५]निरोद - छोरा NC

[२५]नीतु - छोरी NC

[२४]राम र विना NC र सन्ततिहरू :

[२५]कार्य - छोरा NC

[२५]कृष्टि - छोरी NC

१८ रौं पुस्ताका विद्यापति र तुलसीराम समानान्तर

२० सौं पुस्ताका रविलाल र श्यामलाल समानान्तर

२३ सौं पुस्ताका जयप्रसाद र खडानन्द समानान्तर

२५ सौं पुस्ताका विदर्भ र निरोद समानान्तर

त्यसैले १७ औं पुस्ताका कृष्णपति र सरदार जयप्रसाद-कुलप्रसादको (बकलैरी) वंश-सोपन छ पुस्ताको विस्तारमा छ। त्यसैले अन्तिम चरणमा सरदारको तीनतले घरका आधिकारिक सदस्य-भोक्ता देखिएकाले यहाँ तीनतले घरका भनेर खडानन्द र उनका सन्ततिहरूलाई संकेत गरिएको हो । यसमा गौरवसाथ कृतज्ञता बोध गराइन्छ ।

मुखिया परिवारबाट :

[२३]रुद्रनाथ भट्टराई (लेटाङ)का सन्तति अर्थात्

[२४]सरस्वती चन्द्र र निर्मलाका छोरा बुहारी र नातिहरू:

[२५]सञ्चन - छोरा TX

[२५]प्रतिष्ठा - बुहारी TX

[२६]सुवन - नाति TX

[२५]कञ्चन TX

(यो जेठा मुखियाको वंश-विस्तार हो ।)

[२३]हरिप्रसादकी छोरी :

[२४]पार्वता PA

अर्जुनकी छोरी (कृषि विज्ञानकी छात्रा)

[२५]आरती AZ

(यो साहिला मुखियाको वंश-विस्तार हो ।)

सरदार परिवारबाट :

[२२]पं. बैजनाथका छोरो काहिलो र बुहारी, साँघु/पानबारी, धरान

[२३]हरिराज (हरिकृष्ण) MD

[२३]आशा MD

[२४]सुरभि छोरी MD

[२३]डमरुवल्लभ र उमाका सन्तति :

[२४]सुनिला - छोरी TX

[२४]सुदीप - छोरा TX

[२४]स्मिता - बुहारी TX

[२५]इभानिया - नातिनी TX

[२५]सिवानिया - नातिनी TX

[२३]एकराज र जमुनाको वंश-सोपान : छोरा बुहारी र नातिहरू

[२४]आशय भट्टराई CA

[२४]ऋचा CA

[२५]रियान CA

[२५]नेथन CA

(कान्छा सरदार अनिरुद्धको वंश-विस्तार हो यो अर्थात् २२ पं. बैजनाथको वंश-सोपान)

[२३]रामप्रसाद भट्टराईकी छोरी

[२४]शान्ता TX

(यी सरदार कान्छा रुद्रप्रसादकी नातिनी हुन्)

[२३]लीलावल्लभ र निर्मला (सुरुङ्गा)

[२४]कपिल - छोरा NV

[२४]कविता - छोरी NV

([२१]सरदार काइँला जयकृष्णका सन्तति अर्थात प्रेमप्रसादका नाति नातिना हुन् ।)

अस्ट्रेलिया

टाउके परिवारबाट :

[२४]अर्जुनकुमार भट्टराईका सन्तति : (बिर्तामोड, झापा)

[२५]अनामिका, नर्सिङतर्फ मास्टर्स, क्यानबेरा

[२५]अनामिसा, एम.बी.एस., सिड्नी

(टाउके [२३]लक्ष्मीप्रसाद भट्टराईका नातिनीहरू)

मुखिया परिवारबाट : (पाङ्वावाला)

[२३]रङ्गनाथ र देवका छोरा - [२४]दीपेन्द्र

[२३]नारायण र विष्णुमायाका छोरीहरू - [२४]नमिता र विनीता

कुनै छूट भए अर्को लेखकले थप्दै-जोड्दै जान सक्नेछ । यो अविरल चल्दै जाने वंशगति हो ।

सरदार परिवारबाट :

[२३]मित्रराज (विज्ञान) भट्टराईका सन्तति :

छोरा-बुहारी, छोरी र नाति-नातिनाहरू

[२४]सूर्यराज र कास्मिरा

[२५]आरभ

[२५]आर्नभ

[२४]सरोज र विनु

[२५]रियोन

[२५]रिभा

[२४]सरिता (छोरी) सपरिवार

(यो पं. बैजनाथको वंश-विस्तार हो ।)

क्यानडा

टाउके परिवारबाट : (तुम्बे)

[२३]डिल्ली भट्टराईका सन्ततिहरू:

[२४]नवराज भट्टराई र श्रीमती

महाजन परिवारबाट :

[२३]भवानीप्रसाद भट्टराई (साँघु)का सन्तति :

[२४]रवीन्द्र - छोरा

[२४]शोभा - बुहारी

[२५]रोशनी - नातिनी

[२५]रीना - नातिनी

(गाउँघरमा रङ्गलाल-भ्यामलाल आदिलाई महाजन भनिन्थ्यो र त्यो मान थियो । यहाँ पनि सम्मानको भावले नै महाजन भनिएको हो । अन्यथा हैन ।)

सरदार परिवारबाट :

[२३]एकराज भट्टराईका छोरा-बुहारी र नाति-नातिनाहरू

[२४]जलाशय (छोरा)

[२४]दीपिका (बुहारी)

[२५]केली (छोरी)

[२५]क्लारा (छोरी)

[२५]बृषाङ्क (छोरा)

(यी पं. बैजनाथका वंश-सन्तति हुन् ।)

योग

दुबई : सरदार परिवार, जयकृष्णका सन्तति - २
यू.के. लन्दन : महाजन परिवारबाट भवानीप्रसाद भट्टराईका सन्तति - ४

उत्तर अमेरिका **(USA)** : तीनतले परिवारका - ६
मुखिया परिवारका - ५
सरदार परिवारका - २०

अस्ट्रेलिया : टाउके परिवारका - २
मुखिया परिवारका (पाङ्वा) - ३
सरदार परिवारका - ९

क्यानडा : टाउके परिवारका - २
महाजन परिवारका - ४
सरदार परिवारका - ५

यो समूहगत भट्टराई परिवारको संख्या सूचना हो । जानकारीको पूर्णतामा दावी छैन ।

[२१]श्रीवेलास वंश-श्रृंखलाबाट

यस परिवारको अग्रज पुस्ता, मैवाखोला साँघु गाउँबाट सिक्किम, भूटान र पुनः नेपाल आएर अमेरिका प्रवेश गर्दा यसले प्रशस्त वंश-विस्तार गरिसकेको छ।

पं. बैजनाथले भट्टराई वंशावली (२०२४) मा श्लोक ३४२-३५२ सम्म 'मैवाखोला साँघुका' भन्ने शीर्षकभित्र श्री वेलासको वंशक्रमको उल्लेख गर्नुभएको छ। यिनका परवर्ती पुस्ताको २३ सौँ क्रममा देखिने सदस्य लक्ष्मण र दीर्घमायाको परिवार संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यमा फैलिएर बसेको छ। अब मूल प्रवाहसँग फेरि जोडिन पुगेको अनुभव हुन्छ र यस घटनालाई यताका भावले स्वीकार गर्छौं। यस अर्थमा वंशावलिको यो संस्करण बढी मूल्यवान रहेको बोध गरिएको छ।

संयुक्त राज्य अमेरिकामा रहेका लक्ष्मण र दीर्घमाया तथा भीमप्रसाद भट्टराई यस शाखाका ज्येष्ठ नागरिक हुन्- २३ सौँ पुस्ताका। यिनका सन्ततिहरुको वंशविस्तारलाई वर्गीकृत ढंगले प्रस्तुत गर्ने जमर्को गरिएको छ। तीन जोडी छोरा बुहारी एक छोरा र नाति नातिनाको सूचक टिपोट यस्तो छ -

(क) [२३]लक्ष्मण र दीर्घमायाको वंश-विस्तार

[२४]रामबहादुर र बुद्धिमाया

[२५]डिल्ली र पासाङ

[२६]प्रतीक, प्रनिल, प्रणित

[२५]विष्णुकुमार

[२५]सन्जु, गंगा, मनिषा (तीन छोरीहरु)

[२४]अमर र तारा

[२५]आयुष, आर्यन, नारायण, आशीष

[२४]खड्ग र गीता

[२५]लुना, लीजा, लिया (छोरीहरु) लियम (छोरा)

[२४]विपना (लक्ष्मण दीर्घमायाकी छोरी)

(यो परिवार आयोवा, मिचिगन, मिनिसोटा, न्यूयोर्कमा फैलिएको छ।)

(ख) [२३]भीमप्रसादको पुस्ताक्रमबाट टिपोट

[२४]शान्तिराम र लीला (जेठो)

धनबहादुर र मधु (माहिलो)

नरबहादुर र लच्छी (कान्छो)

[२५]भक्त र बबिता

यदुराम र अर्चना

साहेल, अनुस्का, सविता, आइसा, तुलसा, कौशिला

[२५]भीम र यादवी

गणेश र सृष्टि (कार्की)

आहाना, हेमा, सिर्जना

[२५]हेम कल्पना, काव्या, काइरा, नीरा, इन्द्रमाया

(यो परिवार ओहियो, मिचिगन, मिनिसोटा आदि राज्यमा व्यवस्थित छ ।)

(प्रत्यक्ष पारिवारिक स्रोतका आधारमा यो टिपोट गरिएको हो ।)

कुलप्रसाद

खोज, संपर्क र आकस्मिक रूपले कुलप्रसाद भट्टराईको परिवारसँग हामी जोडिन पुगेका छौँ। यो पनि गौरवको विषय हो। यस परिवारले शर्मा भट्टराई भनेर आफ्नो परिचय दिएको छ। पुरानो शैलीमा भन्दा चालिसे मुनिका [२२]श्रीलालकै पूर्ववर्ती शाखाबाट समानान्तर विकास हुँदै आएको देखिन्छ। [२०]नन्दिकेसर, (?) [२१]श्रीवेलास, [२२]नरपतिपछि [२३]चूडामणि र कुलप्रसाद आउँछन्। कुलप्रसाद शर्मा भट्टराईको वंश-विकासलाई यसरी रेखाङ्कन गरिएको छ :



द्रष्टव्य:

- नवीन शर्मा भट्टराई, शिक्षण: विजनेश एनालिस्ट तथा फाइनान्सियल एडभाइजर
- प्रतिभा, नर्सिङ सेवा (चिकित्सा क्षेत्र)
- प्रवीण, इन्जिनियर, US सैनिक सेवा
- गौरव, US एयरफोर्स
- माया र आर्यन स्कूले विद्यार्थीहरू।

(यो परिवार पेन्सिलभेनियामा छ।)

नन्दिकेसर

मेरील्याण्डमा चूडामणि भाइ मेरो छिमेकमा हुनुहुन्छ । राम्रो संयोग हो सुदूर भविष्य पर्यन्त हाम्रो वंश श्रृंखलालाई जोड्न सकिनेछ । उहाँलाई केन्द्रमा राखेर पूर्वापर सानो तर सारगर्भित वंश-वाटिकाको विचरण हुनेछ :



द्रष्टव्य:

- चूडामणि भट्टराई, कार्यकारी निर्देशक INTRA / इन्ट्रा फाउन्डेशन / सम्पादक dcnepal.com विद्युत पत्र ।
- रञ्जु, व्यवसायी तथा कुशल गृहिणी
- अशोक भट्टराई, Bank of America मा IT तर्फको अफिसर
- मर्यादा र मान्यता स्कूले विद्यार्थीहरू ।

(यो परिवार क्रफ्टन (Crofton, MD)मा छ ।)

❐❐

धन्यवाद ज्ञापन :

नेहा भट्टराई, कैलाली

मेनुका भट्टराई, इटहरी

कुबेर भट्टराई, विराटनगर

माधव भट्टराई, गछिया

राजु भट्टराई, इटहरी

मुकुन्द भट्टराई, धुलाबारी

मित्रराज (विज्ञान) भट्टराई, इटहरी

पुस्तकका लागि सम्पर्क : ९७७-९८५२०५६०९१ / ९७७-९८४२२७५०००

पीताम्बर भट्टराई, धरान ६, पानबारी, उखुबारीटोल, सिंहवाहिनी मार्ग

चित्रदीपप्रकरणम् ६]

उत्तमाधममावश्चेत्तेषां स्यादस्तु तेन किम् ।
स्वप्नस्थराज्यभिक्षाभ्यां न दुःखः स्पृश्यते खलु ॥१८

अर्थ— वादी— दैन। तिनीहरूको ब्रह्मज्ञान नभए पनि, अब वि घाबाम:
एको उत्तमअधमम देखिन्छ। कसैको उत्तमवाट भएको सुख हुन्छ।
सिद्धान्ती – तिनीहरूको उत्तम, अधमभाव होस। त्यसले के हुन्छ।
स्वप्नसमान जगत् हो। स्वप्नमा भएका राज्य, भिक्षाले ज्ञानी अवश्य
स्पर्श गरिदैन। ज्ञानी सुखको इच्छा गर्दैन। अज्ञानी गर्छ।

तस्मान्मुमुक्षुभिर्नैव मतिर्जीवेशवादयो: ।
कार्या किन्तु ब्रह्मतत्त्वं विचार्यं बुध्यतां च तत् ॥१९॥

9 789937 177665

मूल्य : रु. 300/-